महेन्द्र माला

कक्षा ७

लेखक
श्री घटराज भट्टराई

महेन्द्रमाला

कक्षा ७

लेखक
श्री घटराज भट्टराई

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सुरक्षित

संस्करणहरू २०३१, २०३२, २०३४, २०३५, २०३६, २०३७, २०३८

पाठ्यक्रम (२०३८) अनुसार

परिमार्जित पहिलो संस्करण २०३९

दोस्रो संस्करण २०४१

तेस्रो संस्करण २०४३

चौथो संस्करण २०४४

पाँचौं संस्करण २०४५

छैटौं संस्करण २०४५

सातौं संस्करण २०४७

आठौं संस्करण २०४८

नवौं संस्करण २०४९

दशौं संस्करण २०५०

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधि सम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय विक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुनेछ।

ज. शि. सा. के. लि.

मूल्य रु.११।२०

जनक शिक्षा सामग्री केन्द्र, लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मेरो आशा लिएको छु।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन सापेक्ष गराई राष्ट्रिय एकता, सार्वभौमिकता, राजमुकुट र स्वतन्त्रताको रक्षा गर्ने, कर्तव्यनिष्ठ नागरिक तयार गराउने र सामाजिक जीवन यापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालयस्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको छ ।

देशभक्ति, राजभक्ति तथा ईश्वरभक्ति सिकाई चरित्र निर्माण गराउने र अनुशासनको विकास गराउने निम्न माध्यमिक शिक्षाको उद्देश्य भएको हुँदा संशोधित पाठ्यक्रम २०३८ अनुसार यो पाठ्यपुस्तक तयार गरी प्रकाशमा ल्याइएको छ ।

श्री घटराज भट्टराईले शुरूमा लेख्नु भएको पाठ्यपुस्तकलाई संशोधित पाठ्यक्रम २०३८ अनुसार श्री सागरनाथ उप्रेतीद्वारा परिमार्जन गराई यस रूपमा तयार गरिएको छ।

सम्बन्धित विषयका अनुभवी शिक्षक, प्राध्यापक एवं विशेषज्ञहरूको सुझाव समेतलाई ध्यानमा राखी यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषागत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान् । तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र सेवा कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ ।

श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
सानो ठिमी, भक्तपुर ।

विषय सूची

१. सरस्वती वन्दना	(कविता)	१
२. हाम्रो गाउँघर	(प्रबन्ध)	४
३. टाउकोको मोल	(कथा)	८
४. भाइको चिठी दाइलाई	(चिठी)	१५
५. मोतीराम भट्ट	(जीवनी)	१७
६. दशैं	(प्रबन्ध)	२१
७. हिउँदका दिन	(कविता)	२५
८. होशियारी र बुद्धिमानी	(कथा)	२८
९. गुरुआमा नेपालकी	(संवाद)	३३
१०. भीमनिधि तिवारी	(जीवनी)	३९
११. सत्यको विजय	(कथा)	४३
१२. बन जीवन्त मानिस	(कविता)	४६
१३. अमर सेनापति	(प्रबन्ध)	४८
१४. प्रजातन्त्रप्रेमी श्री ५ त्रिभुवन	(जीवनी)	५२
१५. विद्यालयको इज्जत	(संवाद)	५६
१६. सबैले खाएपछि खाने राजा महीन्द्र मल्ल	(कथा)	५९
१७. कलाकार गणेशलाल	(जीवनी)	६३
१८. आदर्श शासक अंशुवर्मा	(प्रबन्ध)	६६
१९. माष्टरकी आमा	(कथा)	७०
२०. धनभन्दा विद्या ठूलो	(वादविवाद)	७४
२१. वाल्मीकि	(कथा)	७८
२२. कोपिला	(कविता)	८१
२३. तरबारभन्दा कलम बलियो	(वादविवाद)	८३
२४. नरेश र राजु	(कथा)	८७
२५. निःशुल्क पढ्न पाउँ भन्ने निवेदन	(चिठी)	९१
२६. हिमाल बोल्छ	(कविता)	९२
२७. लुइ पाश्चर	(जीवनी)	९४
२८. खेतीपाती	(प्रबन्ध)	९७

सरस्वती वन्दना

विद्यार्थी हौं शारदे भक्ति गर्छौं
पूजा गर्छौं पाउमा माथ धर्छौं ।
अज्ञानी छौं गर्दछौं भक्ति मान
देऊ माता शारदे ! पूर्ण ज्ञान ।।

तिम्रो पाए दृष्टि हामी पढेर
गर्छौं सेवा देशको नै बढेर ।
मैलो फाली चित्त ताजा गराई
सेवा गर्छौं चित्त – भेटी चढाई ।।

वीणा पत्री हंसमा नै चढेर
हाँसी हाँसी उच्च विद्या पढेर ।
हामीलाई ज्ञान–धारा पिलाऊ
आँटी, ज्ञानी, धैर्यशाली बनाऊ ।।

हाम्रो के हो काम कर्तव्य भन्ने
साँचो, झूटो, भेद पर्गेल्न सक्ने ।
विद्या–बुद्धि माग्दछौं आज हामी
देऊ माता ! ज्ञानको ज्योति नामी ।।

अभ्यास

शब्द र अर्थ

शारदे – हे सरस्वती !
पाउ – गोडा, खुट्टा, चरण ।
माथ – शिर
धर्छौं – राख्छौं ।
पूर्ण – पूरा
दृष्टि – हेराइ
चित्त-भेटी – मनरूपी भेटी
हंस – हाँस
दिव्यविद्या – स्वर्गीय विद्या
धैर्यशाली – धैर्य भएका
पर्गेल्नु – छुट्याउनु

१. **प्रश्नहरू**

(क) सरस्वतीसँग के मागिएको छ, लेख ।
(ख) यस कवितामा पढेर के गर्छौं भनिएको छ, स्पष्ट खुलाऊ ।
(ग) सरस्वतीको कस्तो स्वरूप बताइएको छ, बयान गर ।
(घ) दोस्रो श्लोकको भाव लेख ।

२. **शब्दहरू राखी वाक्य बनाऊ**

शारदे, अज्ञानी, देश, चित्त, उच्च, भक्ति, ज्योति, धैर्यशाली, आँटी, नामी, पर्गेल्नु ।

३. **तलका शब्दहरू शुद्ध गरी लेख**

पुजा, सारदे, विणा, विद्या, भेटी, बुद्धि

(क) गोपाल पढ्दछ (ख) विद्यार्थीहरू पढ्छन् ।

माथिको "क" वाक्यमा पढ्ने काम गोपाल एउटाले गरेकोले कर्ता र क्रियापद दुबैमा एक वचनको प्रयोग भएको छ। "ख" वाक्यमा चाहिं पढ्ने काम एकभन्दा बढी विद्यार्थीहरूबाट भएकोले कर्ता र क्रियापद दुबैमा बहुवचनको प्रयोग भएको छ ।

एक वचनमा प्रयोग भएका वाक्यलाई बहुवचनमा र बहुवचनमा प्रयोग भएका वाक्यलाई एक बचनमा परिवर्तन गर:– हामी विद्या माग्छौं । त्यो साँचो बोल्छ । तिमी शारदाको पूजा गछौं । म देशको सेवा गर्छु ।

हाम्रो गाउँघर

नेपाल गाउँ नै गाउँले भरिएको देश हो। यहाँ केही शहरहरू पनि छन् । तर ग्रामीण क्षेत्रका तुलनामा शहरी क्षेत्र निकै कम छ। त्यसैले पनि हाम्रो देशमा गाउँको ठूलो महत्त्व छ । गाउँको विकास नभई हाम्रो देशको विकास हुन पनि सक्दैन ।

गाउँघरको जनजीवन निकै सहज र सरल हुन्छ । यहाँ ठूलाठूला घरहरू हुँदैनन् । बस्ती पनि त्यति बाक्लो हुँदैन । यहाँ प्रायः घरहरूमा पनि ढुङ्गा र माटो अथवा काँचा ईंटले बनाएका झुपडी र एक दुई तले घरहरू नै बढी मात्रामा देख्न सकिन्छ ।



एउटा गाउँबाट अर्को गाउँलाई स–साना गोरेटा बाटाहरूले जोडेको हुन्छ । पहाडतिर यस्ता बाटाहरूले डाँडाकाँडा, भीर, जंगल खोल्सा र खोलानाला हुँदै एउटा गाउँलाई अर्को गाउँसँग जोड्छन् । यहाँ ठूला मोटर, बस चल्ने ठूलाठूला सडकको सुविधा कम हुन्छ ।

गाउँमा बस्ने सब मानिसहरू खेती गर्ने र गाई, भैंसी, भेंडा, बाख्रा, चौरी आदि पशुहरू पाल्ने काम गर्दछन् । तिनीहरू कोदो, धान, मकै, जौ, गहुँ, आलु आदिको खेती गर्दछन् । पूर्वमा ठाउँठाउँमा चिया, सुर्ती, कपासको पनि खेती हुन्छ । तराईमा धेरैजसो धान, गहुँ र सनपाटको खेती हुन्छ । यसरी गाई, भैंसी, चौरी, भेंडा आदि पाल्ने, सधैं खेतीपातीमा काम गर्दा ताजा खाना पाउने र व्यायाम समेत हुने भएकोले गाउँका मान्छे हृष्टपुष्ट र बलिया हुन्छन् ।

शहरहरूको दाँजोमा हाम्रा गाउँघरहरू कम विकसित छन् । बाटोघाटो, साँघु, पुल, कल–कारखाना आदि चाहिंदो मात्रामा गाउँघरमा पुग्न सकेका छैनन् । त्यहाँ हलो र कोदालोको भरमा खेती गर्नुपर्दछ । ट्रयाक्टर र अरू किसिमका आधुनिक कृषि औजारहरू गाउँघरमा पाउन कठिन छ । त्यस्ता सामग्रीहरू आजभोलि तराईतिर प्रयोग गरिए तापनि पहाडतिर यसको प्रयोग ज्यादै कम मात्रामा गरिएको हुन्छ ।

विकासको लागि पहिले बाटोघाटो बनाई देशको एक ठाउँबाट अर्को ठाउँमा जान सजिलो पार्नुपर्छ । यसो भएपछि एक ठाउँको सामान अर्को ठाउँमा पुऱ्याउन र एक ठाउँका मानिसलाई अर्को ठाउँमा पुग्न सजिलो हुन्छ । एउटै देशका भिन्नाभिन्नै ठाउँमा बस्ने मानिसहरूका बीच चिनाजानी हुन्छ । कल-कारखाना, उद्योगधन्दा, किनबेच सबै थोक चलाउन सजिलो हुन्छ । अनि गाउँको पनि विकास हुनथाल्छ । यसका साथै विद्यालय, महाविद्यालय नभएका ठाउँमा विद्यालय, महाविद्यालय खोल्नु, कुलो नभएको ठाउँमा कुलो लगी जग्गा आबादी गर्नु र ठूलाठूला छाँगाहरूबाट बिजुली निकाल्नु जस्ता काम गरेर गाउँघरलाई विकसित पार्नुपर्दछ । यसको लागि हामी आफैंले एक जुट भएर परिश्रम गर्नुपर्दछ । परिश्रमको फल ज्यादै मीठो हुन्छ । यसको लागि सानैदेखि सबैले परिश्रम गर्ने बानी बसाल्नु पर्दछ ।

आजकल गाउँको विकासमा विशेष महत्त्व दिन थालिएको छ । हाम्रो देशको विकास भन्नु नै एक किसिमले गाउँको विकास हो । गाउँ पिछडिन गए देश नै पिछडिने हुनाले सरकारले गाउँको विकास गर्न विभिन्न किसिमका योजनाहरू बनाई काम गर्न थालेको छ । यातायात, कृषि, स्वास्थ्य, शिक्षा र स-साना उद्योग व्यवसाय जस्ता आधारभूत आवश्यकता पूर्ति गर्न सरकारबाट ठाउँठाउँमा निकै राम्रा कामहरू हुन थालेका छन् । आशा छ, हाम्रा गाउँहरूले पनि समय सुहाउँदो विकास गरी देशको चौतर्फी प्रगतिमा सघाउने छन् ।

अभ्यास

शब्द र अर्थ

प्रारम्भिक – पहिलो, थालनीको
अत्यन्त – ज्यादै
उत्पादन – उब्जनी

करीब – लगभग
संलग्न – लागी पर्नु, लाग्नु, लागेको
व्यायाम – कसरत
औजार – कुनै काममा प्रयोग हुने सामान
ट्र्याक्टर – आधुनिक किसिमको खेतबारी जोत्ने साधन

१. प्रश्नहरू

(क) गाउँले जीवनको बयान गर ।
(ख) हाम्रा गाउँघरको अवस्था कस्तो छ, लेख ।
(ग) शहर र गाउँमा के फरक छ, बताऊ ।
(घ) गाउँको विकास गर्न के गर्नुपर्दछ, छलफल गर ।
(ङ) गाउँका मानिस हृष्ट–पुष्ट हुन्छन्, कारण देऊ ।
(च) गाउँको विकासबारे एउटा छोटो निबन्ध लेख ।

२. तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर

देश, गाउँ, कपास, गोरेटो, विद्यालय, परिश्रम, उद्योगधन्दा, किनबेच ।

व्याकरण

सामान्य वर्तमान

(क) कमल दगुर्छ ।
(ख) तिमी घर जान्छौ ।
(ग) म साँचो बोल्छु ।

यी वाक्यमा आएका दगुर्छ, जान्छौ र बोल्छु क्रियादपले सामान्य वर्तमान काल जनाउँछन् ।

अपूर्ण वर्तमान

(क) प्रदीप घर फर्कंदै छ ।
(ख) तँ पाठ घोक्तैछस् ।
(ग) हामी काम गर्दैछौं ।

यी वाक्यमा आएका "फर्कंदै छ," घोक्तैछस्" र "गर्दैछौं" क्रियापदले अपूर्ण वर्तमान काल जनाउँछन् ।

पूर्ण वर्तमान

(क) त्यसले पढेको छ ।

(ख) तिमीले खाएका छौ ।

(ग) मैले सुनेको छु ।

यी वाक्य अन्तर्गत आएका "पढेको छ, खाएका छौ र सुनेको छु" क्रियापदले पूर्ण वर्तमान काल जनाउँछन् । भर्खरै काम भएको वा हुँदै गरेको भन्ने कुरा बताउने काललाई वर्तमान काल भनिन्छ ।

१. सामान्य वर्तमान, अपूर्ण वर्तमान र पूर्ण वर्तमान कालका क्रियापदको प्रयोग गरी तीन तीन वटा वाक्य बनाऊ ।

२. तल दिइएका वाक्यहरूलाई **सामान्य, अपूर्ण र पूर्ण वर्तमान क्रियापद भएका वाक्यहरू कुन कुन हुन् ?** छुट्टयाऊ

म घर जाँदै छु । श्याम पत्रिका पढ्छ । तिमी के गर्छौं । मैले जाँचमा लेखेको छु । गाउँको विकास भएको छैन । गाउँमा विद्यालय खुल्दै छ ।

43 ×2 86

43 ×3 129

टाउकाको मोल

संसारमा खूबै नाम चलेको एउटा देश थियो । त्यो नाम चल्नाको के कारण थियो भने त्यस देशका राजा अमरबुद्धि साह्रै प्रतापी थिए । अमरबुद्धिको आफ्नो बुद्धि पनि अमरै थियो । त्यसबाहेक उनका सल्लाहकार मन्त्रीहरू अत्यन्तै होशियार र हरेक कलामा निपुण थिए । उनका प्रजा पनि शान्त र सुखी थिए । उनीहरू सबै राजाप्रति सद्भावना राख्दथे। राजा पनि सधैं जनताको कल्याण कसरी हुन्छ भनी मरिमेट्थे । जनता पनि राजालाई नयाँ किसिमको सल्लाह के दिन सकिन्छ भनी सोचविचारमा लागिरहने स्वभावका थिए । त्यसैले अमरबुद्धिको देश सुख र शान्तिको देश भन्ने संसारभरि प्रसिद्ध थियो । त्यस देशमा अकालमा कुनै मानिस र अरू प्राणी मर्दैनथे । त्यसैले पनि अमरबुद्धिको रीस गर्नेहरू कमै थिए ।

तर अकालमा मरेको जीवनको पटक्कै स्वाद नपाउनाले मसानहरूलाई नमज्जा लागिरहेको थियो । मसानहरू भूत, प्रेतलाई खूब जोसाइरहन्थे । "मान्छेहरूलाई केही गर्न सकेनौ नि तिमीहरूले" भन्थे । तर उनीहरू भने भित्रभित्रै मुरमुरिन्थे ।

यो कुरा साह्रै चर्किसकेपछि भूत, प्रेत, पिशाच र मसानहरू मिलर महामसानकहाँ सम्मेलन गरे । सबले अनेक जुक्ति–बुद्धि लगाउँदा लगाउँदै पनि असफल भएको कुरा बताएर दुःख पुकारा गर्दै भने– अमरबुद्धिको देश र उनका जनतासँग हामीले रीस गरेर त्यसै बसिरहनुभन्दा कुनै जुक्ति–बुद्धि लगाएर केही गर्नु बेस होला। जसरी हुन्छ अहिलेसम्म अर्कालाई जितेर हामीलाई अशान्ति पारेको साटो त नफेरी हुन्न । यस कामका लागि हाम्रो बुद्धिको केही सीप लागेन । त्यसैले हाम्रो मुख्य आधार भइरहनुभएका महामसानले नै एउटा योजना तयार गर्नुपर्‍यो कि ?

सबको कुरा सुनेर महामसानले भन्यो– मेरा आशामुखी सहयोगीहरू, म यो समस्या छिटै समाधान गर्नेछु । अहिलेसम्म म बाटो हेर्दैथिएँ । अब सालभरमा यस देशको ढाँचा नै अर्के बनाइदिनेछु । बुद्धिमानलाई बुद्धिले हराउनुपर्छ, विद्वान्लाई विद्याले नै गिराउनुपर्छ भन्दछन् । अमरबुद्धि दुवै कुरामा निपुण भएकाले म पनि यस्तो जुक्ति गर्नेछु, जुन जुक्तिको फेरोमा परेपछि सबै हाम्रा इच्छाका शिकार हुनेछन् । म अब योजना बनाउनपट्टि लाग्छु। लौ आजको ठीक पन्ध्र दिनका दिन तिमीहरू सबै यहीं भेला हुनु । जे गर्दा हाम्रो कल्याण होला, म त्यही गर्दै जाउँला । त्यस दिनदेखि फेरि हाम्रो दशैं पनि शुरू गरौंला ।

आफ्ना सबै सभासद्लाई बिदा गरेर महामसानले एउटा मानव खप्पर हातमा लियो र मानिसको रूप लिएर अमरबुद्धिको दरबारतिर प्रस्थान गरयो । न्यायिक भवनमा भएको सभामा बसिरहेका राजाको अगाडि पुगेर राजालाई बिन्ती चढायो– बडा इन्साफी महाराज ! मलाई

सपनामा यस खप्परले आएर भन्यो, "मेरो मोल कति पर्छ त्यो ठीकसँग बताइस् भने म यताबाट फर्कन्छु र सात दिनसम्म म पर्खन्छु नत्र भने तँ, तेरा सन्तान र राजाको राज्यभरि केवल खप्परै खप्पर पारिदिन्छु, सारालाई स्वाहा पारिदिन्छु ।"महाराज ! मैले कति गर्दा पनि ठीकसँग जवाफ दिन सकिन । त्यसैले यथार्थ कुरा महाराजको समक्ष राखूँ भनी म यहाँ आएको हुँ महाराज ! यस सभामा बस्ने कसैले वा यस देशका जनता मध्ये कसैले पनि यसको मोल बताउनसक्छ भने बेसै भयो, नत्र भने सात दिनको म्यादमा पनि आज तेस्रो दिन बित्यो । अब चार दिनसम्ममा पनि यसको सही उत्तर यहाँबाट दिइएन भने यो राज्य मसान हुनेछ । यस देशका सबै मानिस प्रेत, पिशाच र मसानैको अधीनमा हुनुपर्नेछ ।

त्यति भनी महामसान खप्पर लिएर मान्छेकै रूपमा निस्केर हिँड्यो । भोलिपल्ट राजाका दरबारमा त्यही विषयमा छलफल शुरू भयो । त्यही टाउकोको मोल कति भन्ने बारेमा छलफल भयो, तर अझै निर्णय भने हुन सकेन ।

पर्सिपल्ट पनि विचार-विमर्श र छलफल भयो । विभिन्न विचार निस्के, तर टाउकाको मोल निर्धारण गर्ने कुनै आधार निस्कन सकेन । अनि राज्यभर सो टाउकाको मोल बताउन सक्नेलाई ठूलो पुरस्कार र मान–पद्वी समेत दिने भन्ने सरकारका तर्फबाट घोषणा भयो । त्यसको भोलिपल्टकै दिन– मध्याह्नभित्र टाउकाको मोल बताउन भन्ने थियो । समय बित्दै गइरहेको थियो । त्यतिखेरसम्म पनि देशका बडाबडा बुद्धिजीवीहरूबाट सो प्रश्नको उत्तर आउँदै आएन ।

उतातिर भूत, प्रेत, पिशाच र मसानहरू आफ्नो योजना सफल हुन लाग्यो भनी खूब रमाइरहेका थिए, यता भने भित्रभित्रै हाहाकार थियो । मृत्युको बादलले ढाक्न थालिसकेको थियो । सारा मसान हुने भयो भन्ने डरले सबैको ओठ, तालु सुकिसकेको थियो ।

यतातिर त्यत्रो ठूलो पुरस्कारको घोषणा र उतातिर राज्य नै महामसान हुने भयङ्कर कोलाहल प्रत्येकले सुनिसकेका थिए । त्यसै शहरको पारिपट्टि एकान्त झुपडीमा बस्ने एउटा बूढा बाहुनले पनि त्यो कुरा सुनेका थिए । यो सुनेर उनी पनि चिन्तित भए । अनि उनले विचार गरे– अवश्य यस्तो बाजी राख्ने भूत, प्रेत नै हुनसक्छन् । मसाने भाषा पनि बुझ्दछु । मसानमा नै यी सबको संगठन छ । आज रातभरमा कुनै युक्ति निकाल्न सकें भने त हुन्थ्यो ।

ती बाहुनले दुई जना बलिया र आँटिला मानिसलाई बोलाएर मसानको एक छेउमा देखाएर भने, हेर भाइ हो, राजा-प्रजा सबैलाई भूत प्रेतले हताश पारेका छन् । भोलिको मध्य दिन हामी सबैको काल हुने शंका छ । त्यसैले मलाई मूर्दाजस्तै बनाई त्यस ठाउँमा लैजाओ र एउटा चारकुने खाडल खनेर बन्धनजति फुकाईकन त्यहीं सुताइदेओ । मलाई परालै परालले बेसरी छोप र यसमाथि अलि अलि माटै बालुवा हाल । मलाई सास फेर्न बाधा नपर्ने गरी पुरेर जाओ ।

भोलि बिहान सूर्योदय हुनासाथ आएर खोस्र । म मरेको हुन्न, मरेकै भए पनि मेरो साथमा शालिग्राम बेरेको कागज र कलम छ । यस कागजमा नै लेखिएको हुनेछ, झिकेर सकेसम्म चाँडो राजाको सभामा पुरयाइदिनु । देश र जनतालाई बचाउन सक्छु कि, हेर्रू ।

तपाईंको कुरा असम्भव हो, यसबाट तपाईंको ज्यानको जोखिम हुने डर छ भनेर ती दुई जनाले भन्दा पनि बाहुनले मानेनन् । बूढा बाहुनको प्रतिज्ञा र हिक्मत सुनेर तिनीहरूले बाहुनले भने जस्तै गरी पुरे । विचरा बाहुनलाई केही होला कि भनी डराई डराई खूबसित परालले छोपेर बालुवा छरछार मात्रै गरेर तिनीहरू फर्के ।

मध्यरात भएपछि महामसानका परिवार सबै त्यहाँ जम्मा भए । सबै भोलिदेखि आफ्नो रजाईं चल्ने विश्वासले दंगदास थिए । रमाइलो कुरा हुँदै थियो । त्यत्तिकैमा महामसानकी कान्छी छोरीले भनी– बाबा, सुन्दा मामूली कुरा जस्तो भए पनि त्यसको उत्तर गाह्रै रहेछ कि कसो ? नत्र यत्रा यत्रा विद्वान्हरू किन बताउन सक्दैनथे । मलाई पनि जान्न ज्यादै उत्सुकता भइरहेछ । भन्नोस् न, कति पर्छ एउटा टाउकाको मोल ? छोरीको जिज्ञासा सुनेर महामसानले छोरीलाई भन्यो– छोरी, यसको जवाफ भोलिको मध्य दिन सकिएपछि बताउँला । आज त बताउनु हुन्न ।

तर छोरीले ढिपी गरिरही । आखिर केही सीप नलागेपछि उसले छोरीलाई भन्यो– ज्यादै जिद्दी गरिहाल्यौ, तर अब त मध्य रात पनि बितिसक्ने बेला भयो । भोलि मध्य दिनसम्म तिमीहरूले आफू आफूमा पनि यो चर्चा नगर्नु । लौ सुन– एउटा सिन्को लिनु र एउटा कानबाट घुसार्नु । त्यो सिन्को सोझै गएर अर्को कानबाट निस्क्यो भने त्यस टाउकाको मोल चार पैसा हुन्छ, मुखबाट निस्क्यो भने हजार रुपियाँ मोल हुन्छ । यदि त्यो सिन्को दुई टुक्रा भई एउटा घाँटीतिर र अर्को मुखतिर गयो भने त्यस टाउकाको मोल एक लाख हुन्छ । छोरी ! टाउकाको मोल यही हो । तर भोलिसम्म कसैले सुन्न नपाओस् नि ।"

यसरी रातभर बायाँ हातमा शालिग्राम र दायाँ हातमा कलम लिएका तथा घाँटीमा रुद्राक्षको माला लगाएका, मूर्दाको रूपमा पुरिएका बाहुन बूढाले आफूमाथि आसन जमाई बसेको महासानको मुखबाट टाउकाको मोल थाहा पाए । सूर्योदय हुनासाथ सहयोगीहरूले खाडलबाट उनलाई निकाले । उनी शहरभित्र पसेर स्नानादि र भोजन गरी राजाको सभातिर जाने तरखरमा लागे ।

मध्याह्नसम्ममा पनि टाउकाको मोल तोक्न नसकेका राजाको सभामा रहेका सभासद्हरू निराश भइरहेका थिए । ठीक त्यसै बेला हातमा खप्पर लिएको मानवरूपी महामसान ढल्की ढल्की राजभवनको बाटो गरी सभामा पुग्यो । उसलाई देख्दा सभामा भएका सबै तर्सें । मसान, मृत्यु वरिपरि घुमिरहे झैं उनीहरूलाई लाग्यो । सभामा उभिएर महामसानले भन्यो- हरतरहबाट

जनतालाई सुखशान्ति दिन्छु भन्ने हे महाराज, टाउकाको मोल बताउन सक्ने कोही फेला परेन त ? सभाको मुन्टो निहुरियो । सबैका अनुहार नीला, काला भए । तर कसैको पनि बोल्ने साहस थिएन । त्यस बेला सभा त के सिंगै देश चकमन्न थियो । यो देखेर मान्छेको रूपमा आएको त्यो महामसानले ठूलो स्वर गर्दै भन्यो– यति जाबो प्रश्नको समाधान नभएको राज्य र जनता अब सुरक्षित रहने छैनन् ।

महामसानले फेरि गम्केर भन्यो– अब आधा मुहूर्त मात्रै बाँकी छ, तिमीहरूको कबूलको। त्यसपछि समस्त राज्यमा मसानको अधिकार हुनेछ । त्यतिन्जेल म यही रूपमा हुनेछु, अनि राज्यभर के हुने छ विचार गरेका छौ ? अँ, भनिदिन्छु–हाहाकार... चिन्ता... चिच्याहट... चित्कार....भूत, प्रेत, पिशाच.....अनि ? अनि महामसान .....।

यत्तिकै बेला एक जना बूढो बाहुन राजाको सभामा कराउँदै आइपुगे । उनी कराउँदै थिए । महाराज ! अमरबुद्धिको पवित्र देशमा यति सानो प्रश्नको उत्तर मिल्न नसक्ने होइन । यति सानो कुरामा यस्तो अशान्ति सुहाउन्न ।

सभाको टाउको उठ्यो । ती बूढा मन्चको माझमा बिस्तारै उभिएर बोले– प्रत्येक टाउकाको मोल एउटा सिन्कोले गरिदिन्छु... को चाहने हो यो उत्तर ? (मानवरूपी महामसानतिर फर्केर) ए तिमी मानव रूपका महामसान ? ठीक छ, म प्रमाणसहित उत्तर दिन्छु । एउटा तीनबित्ते सिन्को मलाई देऊ ।

बाहुनको कुरा सुनेर खप्पर लिने मानिस सभाबाट निस्केर भाग्दैथियो । बाहुनले भने यति भए पुग्छ कि महाराज ?... अथवा.... खप्परे भागेको देखेर सबै हर्षित भए । बाहुनदेखि खुशी भएर राजाले उनलाई अमूल्य पुरस्कार दिए ।

बूढा बाहुनले हाँसेर भने– कृतज्ञ छु महाराज, कृतज्ञ छु । तर यो स्पष्ट नभएजस्तो छ महाराज ।

सभासद्बाट एक आवाज निस्क्यो– त्यो खप्पर त त्यहीं छ, हामीलाई अझै रहस्य खुलेको छैन, स्पष्ट गरियोस् भन्ने अनुरोध गर्दछौं ।

अनि आफ्नो झोलाबाट तीनबित्ते सिन्को झिकेर बूढा बाहुन खप्परतिर बढे । उनले खप्परको एउटा कानको प्वालबाट त्यो सिन्का छिराएर देखाउँदै भने– यो सिन्को सोझै एउटा कानबाट पसेर अर्को कानबाट निस्कन्छ भने त्यो टाउकाको मोल चार पैसा हो, जो एक कानले सुन्छ अर्कोले उडाइदिन्छ । यदि यो सिन्को मुखबाट निस्कन्छ भने त्यो टाउको हजार रुपियाँ मोल पर्ने हो, जो सुनेको कुरा मनमा नराखी विचार नगरी बोलिदिन्छ । यदि यो सिन्को कानबाट छिर्छ र भित्र पस्नासाथ चिरिएर दुइटा भई एउटा घाँटीतिरबाट अर्को मुखतिरबाट

निस्कन्छ भने त्यो टाउको लाख रूपियाँ मोलको हो, जो सुनेको कुरामा छानेर चाहिदो जति मनमा राख्छ, अर्थात् ठीकठीक मिलाएर बोल्दछ ।

महाराज ! यो खप्परमा पनि अभ्यास गरेर देखाऊँ कि ? तर महाराज यो ब्रह्म राक्षसको खप्पर हो । त्यसैले एक हजार वर्षदेखि महामसानमा कहिले गाडिने, कहिले उत्रने भएर अगतिमा छ । यसमा सिन्को घुसाउँदा यसका पाप जति सिन्को घुसार्ने व्यक्तिलाई सर्दछन् । यो चाहिं उडेर पापमुक्त भई जान्छ । जो आज्ञा ।

राजा अमरबुद्धिले रहस्य बुझे । उनले सभाका सदस्यहरूतिर प्रश्न भरिएका आँखाले हेरे । अनि सभाबाट एक स्वरमा आवाज आयो– ब्राह्मणदेव, हामीलाई रहस्य थाहा भयो अब सिन्को घुसार्नुं पर्दैन ।

अमरबुद्धिले भने– ब्राह्मणदेव, यो पनि मुक्ति हुने कुनै उपाय छैन ?

ब्राह्मण– यसलाई विधिपूर्वक चितामा जलाइदिए यो मुक्त हुन्छ । यसरी टाउकाको मूल्य थाहा भयो ।

अभ्यास

शब्द र अर्थ

प्रतापी – नाम, काम र इज्जत कमाएको व्यक्ति
सल्लाहकार – सरसल्लाह दिने मानिस
सद्भावना – असल होस् भन्ने विचार
आशामुखी – आशा गरेर पर्खिरहने ।
समाधान गर्नु – हल गर्नु, पूरा गर्नु, टुङ्ग्याउनु
निपुण – सिपालु, पोख्त
स्थगित – रोकिएको
भेला हुनु – जम्मा हुनु
विचार विमर्श – छलफल, सरसल्लाह
बुद्धिजीवी – बुद्धि खियाएर निर्वाह गर्ने
होहल्ला, कोलाहल– खलबल, रुवाबासी
बन्धन – रोकथाम गर्ने चीज, डोरी
चर्चा – कुराकानी, बयान
चित्कार – दुःखले चिच्याएको आवाज
आतङ्क – हाहाकार, कोलाहल

राज्यश्री – राज्यको शोभा, देशको सुन्दरता
राष्ट्र हितकारी – राष्ट्रको भलो गर्ने
कृतज्ञ – गुण चिन्ने, गुन देख्ने
पापमुक्त – पापबाट छुट्कारा
रहस्य – गुप्त कुरा, गोप्य कुरा
विधिपूर्वक – नियम पूर्वक

प्रश्नहरू

१. (क) महामसानलाई अमरबुद्धिसँग किन रीस उठ्यो, कारण दिई लेख ।
(ख) यस कथाको भाव के हो, खुलस्त बताऊ ।
(ग) राजाले अकाल, रोग र शोकलाई जितेको कुरा कथाको आधारमा चर्चा गर ।
(घ) महामसान किन मान्छे भएर सभामा गयो, छोटो उत्तर देऊ।
(ङ) बूढा बाहुनले महामसानको गोप्य कुरा कसरी थाहा पाए, लेख ।
(च) मसानको टाउकाको मोलको रहस्य कसरी खुल्यो, बयान गर ।
(छ) राजा र राज्यलाई कसले बचायो, स्पष्टसँग बताऊ ।

२. तलका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर
सद्भावना, सल्लाहकार, विचार, विमर्श, आतंक, कृतज्ञ ।

३. तलका शब्दहरूलाई शुद्धसँग लेख
बुद्धिजिवी, आसमुखि, स्तगित, पर्तापि, विदिपुर्वक ।

४. उच्चारण गर
राष्ट्र, राज्यश्री, ब्रह्मगुरु ।

व्याकरण

पूर्ण भूत

(क) सविताले पुतली बनाएकी थिई ।
(ख) तैंले चङ्गा उडाएको थिइस् ।
(ग) मैले कथा लेखेको थिएँ ।

यी वाक्यमा आएको "बनाएकी थिई, उडाएको थिइस् र लेखेको थिएँ" क्रियापदले पूर्णभूतकाल बुझाउँछन् । काम पहिले नै भएको भन्ने कुरा बुझाउने काललाई पूर्णभूतकाल भनिन्छ ।

१. पूर्ण भूतकाल जनाउने क्रियापद राखी १० वटा वाक्य बनाऊ ।

सामान्य भविष्यत्

(क) दाजु भोलि आउनु हुनेछ ।

(ख) तिमी पर्सि जानेछौ ।

(ग) हामी दशैंमा घर पुग्नेछौं ।

माथिका वाक्यमा "आउनु हुनेछ, जानेछौ र पुग्नेछौं" क्रियापदले सामान्य भविष्यत्काल बुझाएका छन् । सामान्यतया काम पछि हुनेछ भन्ने कुरा बुझाउने काललाई सामान्य भविष्यत्काल भनिन्छ ।

२. तलका क्रियापदलाई सामान्य भविष्यत् कालमा बदलेर वाक्य बनाऊ

गर्छ, खान्छ, पढ्छ, बस्छ, खेल्छ, बोल्छ, सुत्छौ ।

भाइको चिठी दाइलाई

अमरसिंह माध्यमिक विद्यालय
पोखरा

श्री पूज्य दाज्यूका चरणकमलमा

साष्टाङ्ग दण्डवत् ।

मितिः– २०३६।५।५

हजूरको शिक्षापत्र पाएँ । यहाँ मलाई सन्चै छ । त्यहाँ पनि बुबा, आमा, भाइ बहिनीहरू-सहित हजूरलाई आराम भए मेरो मन सन्तोष हुने थियो ।

अब त दशैं पनि आउनलाग्यो, चाडपर्व आएपछि घरको संझना बढी हुँदो रहेछ । म दशैंको बिदामा घर आउनेछु । यहाँ छात्रावासको बसाइ निकै रमाइलो छ । साथीहरू सब असल छन् । हाम्रो छात्रावास र विद्यालय एकै ठाउँमा छ । विद्यालयमा चल्ने दैनिक पढाइका साथै राष्ट्रिय गान, खेलकूद, हाजिरी जवाफ प्रतियोगिता, वादविवाद र वीरेन्द्र शील्ड जस्ता कार्यक्रमहरू पनि नियमित रूपले भइरहन्छन् । यी कार्यक्रमहरू मध्ये राष्ट्रिय गान चाहिं प्रत्येक दिन बिहान दश बजे विद्यालयका संपूर्ण छात्रछात्रा तथा शिक्षकहरू एकै ठाउँमा सम्मिलित भई सामूहिक रूपमा गाइन्छ । वादविवाद, हाजिर जवाफ जस्ता कार्यक्रम चाहिं प्रत्येक साता एक दुई पटक कक्षागत रूपमा विद्यार्थीहरूको विभिन्न समूह बनाई सञ्चालन गरिन्छ । यी त विद्यालयका आन्तरिक कार्यक्रम भए । तर वीरेन्द्र शील्ड चाहिं जिल्लाव्यापी कार्यक्रम हो । यो कार्यक्रम विद्यालयहरूमा खेलकूद सुचारुरूपले हुन सकोस् भन्ने उद्देश्यले शिक्षा मन्त्रालयबाट दुई वा दुईभन्दा बढी माध्यमिक विद्यालयहरू भएका सब जिल्लाहरूमा वीरेन्द्र शील्ड उपलब्ध गराइएको छ । हाल वीरेन्द्र शील्ड अन्तर्गत भलिबल र एथलेटिक्स प्रतियोगिताहरू चलाइएका छन् । यी मध्ये धेरैजसोमा मैले पनि भाग लिँदै आएकोछु । यसो हुँदा म सधैं व्यस्त रहन्छु । वास्तवमा आफ्नो समयलाई उपयोगी काममा लगाएर व्यस्त हुन सकेमा नै सच्चा आनन्दको अनुभव हुँदो रहेछ । यस पटकको त्रैमासिक परीक्षामा म पहिला भएँ, वार्षिक परीक्षामा पनि पहिला हुने सके पुरस्कार पाइन्छ । त्यसै हुनाले मिहिनेत गरी रहेकोछु । अहिलेलाई अरू खास केही कुरा छैन, विशेष केही भएमा अर्को पत्रमा लेख्ने नै छु ।

आज्ञाकारी भाइ
केशवमान प्रधान

अभ्यास

प्रश्नहरू

१. घरमा छुटेका किताब कोही आउँदा पठाइदिनू भनी आमालाई चिठी लेख ।
२. दाजुको विवाहमा आउन नपाएको कुरा हाली आफ्ना दाजुलाई एउटा चिठी लेख ।

३. काठमाडौंको तीर्थस्थलको बयान गरेर आफ्नी आमालाई हिउँदे छुट्टीमा काठमाडौं आउनु-होस् भनी एउटा चिठी लेख ।

व्याकरण

पुरुष

"म विद्यालय जान्छु तिमी घर जाऊ, त्यो (श्याम) बजार जान्छ" ।

माथिका वाक्यहरू मध्ये पहिलो वाक्यमा प्रयोग भएको "म" आफूसँग कुरा गरिरहेको दोस्रो व्यक्ति "तिमी" र त्यहाँ नभएको व्यक्ति "त्यो" (श्याम) क्रमशः प्रथम पुरुष, द्वितीय पुरुष तृतीय पुरुष जनाउने शब्दहरू हुन् ।

माथिका वाक्यहरू कर्ता भएर आएका हुनाले यी शब्दहरूले क्रियापदमा पनि बेग्लाबेग्लै परिवर्तन ल्याएका छन् ।

१. तलका वाक्यहरूमा कुन कुन पुरुषको प्रयोग भएको छ ? देखाऊ

उसले आशा गरेको छ, हामीले आशा गरेका छौं, मैले आशा गरेको छु, श्यामले आशा गरेकाछन् ।

२. प्रथम, द्वितीय र तृतीय पुरुष जनाउने शब्द राखी तलका क्रियापदबाट प्रत्येकको एक एक वटा वाक्य बनाऊ

पढ्नु, बुझ्नु, देख्नु, हाँस्नु ।

लिङ्ग

राजु खेल्छ । सीता खेल्छे ।

माथिका वाक्यमा राजु लोग्ने मान्छे भएकोले पुलिंग र सीता स्वास्नी मान्छे भएकोले स्त्रीलिंग जनाउने शब्द हुन् । त्यसैले ती वाक्यका क्रियापदमा पनि कर्ताको लिंग अनुसार परिवर्तन भएको छ ।

तल दिइएका धातुहरू प्रयोग गरेर पुलिंग र स्त्रीलिंग जनाउने वाक्यहरू बनाऊ

हेर, लड, बस्, जा ।

मोतीराम भट्ट

ठूलाठूला जुहारातका नाउँ लिएर आफ्नो नाम राख्ने त धेरै मानिस पाइएलान्, तर नाम अनुसारको काम हुने मानिस कमै पाइन्छन् । त्यस्तै कमै मध्ये मोतीराम भट्ट एकजना हुन् । मोतीराम भट्टको जन्म १९२३ भाद्र कृष्ण औंसीका दिनमा काठमाडौंको भोसिको टोलमा भएको थियो । उनले नेपाली भाषाको धेरै सेवा गरेका छन्, धेरै पुस्तक लेखेका छन् । त्यसैले उनको नाउँ मोतीजस्तै चम्केको छ ।

मोतीराम जन्मेको समयमा काठमाडौंमा स्कूल पाठशाला साह्रै कम थिए । पढेलेखेका मानिस पनि थोरै थिए । पढ्न चाहनेले पनि सजिलैसँग पढ्न पाउँदैनथे । त्यसैले पाँच वर्षकै उमेरमा मोतीरामका बाबु-आमाले उनलाई पढाउन बनारस लगे । बनारसमा लेखपढ गर्न धेरै सजिलो थियो । थोरै समयमा नै साधारण लेखपढ गर्न जानिसकेकाले उनलाई संस्कृत पढ्न लगाइयो ।

मोतीराम संस्कृत बडो रमाएर पढ्थे । थोरै समयमा नै उनले संस्कृतमा पनि धेरै ज्ञान हासिल गरे । धेरै जानौं र सिकौं भन्ने जिज्ञासाको फलस्वरूप यिनले कलकत्ताबाट इन्ट्रेन्स पनि पास गरे ।

मोतीराम भट्ट गुरुहरूसँगको पढाइले मात्र संतोष मान्ने विद्यार्थी थिएनन् । पाठ्यपुस्तक पढिसकेपछि साहित्यका अरू पुस्तक, पत्रिका खूब चाख लिएर पढ्दथे ।

मोतीराम भट्ट स्वभावैले सारै रसिला थिए । एकपल्ट चिनाजानी गरेपछि कुनै पनि मानिस चाँडै नै उनको मित्र बन्दथ्यो । त्यसैले उनले बिरानो मुलुकमा पनि चाँडै नै धेरै साथी बनाइहाले । त्यति बेला बनारसमा साहित्यप्रति रुचि लिने व्यक्तिहरूमा कविता लेख्ने, पत्र–पत्रिका निकाल्ने जोस खूब बढेको थियो । हिन्दीका कविता, कथा पढेर मोतीराम भट्टलाई पनि यस काममा खूबै चाख बढ्यो ।

मोतीराम भट्टलाई आफ्नो नेपाली भाषासँग ठूलो प्रेम थियो । हिन्दी, अङ्ग्रेजी साहित्यका पुस्तक, पत्रिका पढेर उनी कल्पन्थे । आफ्नो भाषामा पनि हिन्दी, अङ्ग्रेजीका जस्तै गहकिला पुस्तक, पत्रिका छापेर निकाल्न सके कति जाती हुन्थ्यो भनेर उनी खूबै सोचविचार गर्दथे । राष्ट्र भाषाको उन्नति नभई कुनै पनि देश र त्यहाँका बासिन्दाहरूको उन्नति हुँदैन भन्ने उनको

विश्वास थियो । त्यसैले उनले त्यति बेला बनारसमै बसेर पढिरहेका धेरै साथीसँग नेपाली भाषाको पुस्तक छाप्ने बारेमा कुरा गरे । यस कुरामा उनका सबैजसो साथीहरू मन्जूर भए । "शुभकाममा ब्याँलो नगनु भन्ने संझी उनले तुरुन्तै एक जना रामकृष्ण वर्मा भन्ने साथीसँग मिलेर भारत–जीवन भन्ने एउटा छापाखाना खोलिहाले ।

छापाखाना खुल्यो तर के छाप्ने ? नेपाली भाषामा लेखिएका पुस्तक त्यतिखेर हम्मेसी कहाँ भेटिन्थे र ? मोतीराम भट्ट नेपाली भाषामा लेखिएका गहकिला पुस्तक खोज्न थाले । संयोगले "दुङ्गा खोज्दा देउता मिल्यो" भने झैं भानुभक्तले लेखेको रामायणको पाण्डुलिपि उनको हात परयो । यो रामायण सजिलो जनभाषामा भाका हालेर गाउन हुने गरी लेखिएको थियो । मोतीरामलाई यो पाएर भोकालाई खीर जस्तो भयो । उनी खुशीले गद्‌गद् भए ।

भानुभक्तको यो रामायणको पहिलो श्लोकको पहिलो पाउ थियो– "एक् दिन् नारद सत्य लोक् पुगिगया, लोक्को गर्यौं हित् भनी ।" साँच्चै यो रामायण छापिएर नेपालीका घरघर पुग्न पायो भने यसले लोकको हित गर्नेछ । मनमा यो सोचेर मोतीरामले रामायणको बालकाण्ड छपाइहाले ।

यो पुस्तक बजारमा निस्केपछि नेपालीहरूले यसलाई अत्यन्त मन पराए । त्यो देखेर उनले पूरै रामायण छपाए । यो रामायणमा भनिएका सबै कुरा नेपालीको स्वभाव र विचारसँग मिल्ने खालका थिए । त्यसैले यो निकै चल्ती भयो ।

भानुभक्तको रामायण यति सारो चल्ती भएकोले भानुभक्तको जीवन चरित्र पनि लेखेर मोतीरामले छपाए । मोतीरामले गर्दा नै आज हामी भानुभक्तलाई हाम्रा आदिकवि भनेर चिन्छौं ।

मोतीराम भट्ट अर्काले लेखेका पुस्तकहरू मात्र छाप्दैनथे । उनी आफैं पनि भानुभक्तका जस्तै रसिला र गतिला कविताहरू लेख्थे । उनले गजेन्द्रमोक्ष, चाणक्यनीति जस्ता धेरै पुस्तकहरू लेखेर आफ्नै छापाखानाबाट छपाए । "पिकदूत" जस्ता अति रसिला कविताहरू पनि उनले लेखेर नेपाली साहित्यको भण्डार भर्न कोशिश गरे । उनले लेखेका गीत, कविताहरू त्यति बेलाको नेपाली समाजले खूब मन परायो ।

मोतीरामले पद्य मात्र होइन, गद्य पनि लेखेका छन् । त्यसैले कसैले त उनलाई नेपाली गद्यका गुरु नै भनेका छन् । मोतीराम भट्ट आफैंमा मात्र रम्ने मानिस थिएनन् । उनी आफू मात्र लेख्ने होइनन्, अरूलाई पनि लेख्न हौसला दिन्थे । उनी अरूले लेखेर ल्याएको रचना ध्यान दिएर सुनी सुधार्ने लगाई र भ्याए आफैं पनि सुधारिदिएर आफ्नो पत्रिकामा छापिदिने गर्थे ।

मोतीराम भट्टले बनारसमा बस्ता यसरी मातृभाषाको सेवा गरे । पढाइ सकेर काठमाडौ फर्केपछि पनि उनले साहित्यको सेवा जारी नै राखे । यसरी देश बाहिर र देशभित्र रहँदा पनि लगातार आफ्नो राष्ट्रभाषाको सेवा गरेर मोतीराम भट्ट तीस वर्षको उमेरमा भाद्र कृष्ण औंसीको दिनमा नै यस धर्तिबाट बिदा भए ।

अभ्यास

शब्द र अर्थ

बहुमूल्य – धेरै मोल पर्ने, दामी
रत्न – जुहारात, माणिक
ब्यांलो – अबेर, ढीलो
हम्मेसी – हतपत, सजिलैसँग
संयोग – मेल, अकस्मात्को भेट ।
पाण्डुलिपि – हातले लेखिएको पुस्तक वा लेख
जनभाषा – साधारण मानिसले बोल्ने र बुझ्ने भाषा
आदिकवि – कविता लेख्ने मेलो बसाउने पहिला ठूला कवि
हौस्याउँथे – हौसला दिन्थे, प्रेरणा दिन्थे

१. प्रश्नहरू

(क) मोतीराम भट्टले के के काम गरेका थिए ? छोटकरीमा बयान गर ।
(ख) मोटीराम भट्टको स्वभाव कस्तो थियो ? बताऊ ।
(ग) मोतीरामले हत्पताएर रामायणको बालकाण्ड किन छापे, स्पष्ट पार ।
(घ) मोतीरामले भानुभक्तलाई कसरी चिनाए, लेख ।
(ङ) मोतीराम अरूलाई लेख्ने हौसला कसरी दिन्थे ? बताऊ ।

२. तलका उखानको अर्थ लेखी वाक्यमा प्रयोग गर

(क) ढुङ्गा खोज्दा देउता मिल्यो ।
(ख) भोकालाई खीर ।

३. तलका शब्द राखी वाक्य बनाऊ

शुभ–काम, राष्ट्रभाषा, ब्यांलो, पाण्डुलिपि, आदिकवि, गद्य, बासिन्दा, संयोग, चल्ती, बहुमूल्य ।

४. व्याख्या गर

राष्ट्रभाषाको उन्नति नभई कुनै पनि देश र त्यहाँका बासिन्दाको उन्नति हुँदैन ।

१. सामान्यार्थ

गोपाल घर जान्छ । रामले भात खायो । म सुत्दछु ।

यी माथिका वाक्यमा आएका "जान्छ, खायो र सुत्दछु" क्रियापदले सामान्य रूपमा कर्तालि गरेको कामबुझाउँछन्, त्यसैले यी सामान्यार्थ क्रियापद हुन् ।

साभान्यार्थ क्रियापदको प्रयोग गरी पाँच वटा वाक्य बनाऊ ।

२. आज्ञार्थ

कृष्ण जाओस् । तिमी बस । हामी घुम्न जाऔं ।

यी माथिका वाक्यहरूमध्ये पहिलो वाक्यले कृष्णलाई जाने आज्ञा दिएको, दोस्रोमा तिमीलाई बस्न अह्राएको र तेस्रोमा हामीले घुम्न जाने अनुमति मागेको छ । यी वाक्यका क्रियापद आज्ञार्थ हुन् । कसैलाई अह्राउने, आज्ञा दिने वा आफूले अरूबाट अनुमति लिने अर्थ बुझाउने क्रियापद आज्ञार्थ हुन् ।

आज्ञार्थ बुझाउने क्रियापदको प्रयोग गरी ५ वटा वाक्य बनाऊ ।

३. प्रश्नार्थ

गोकुल के गर्दैछ ? हरेरामले भात खायो ? सुषमा कता गई ? तिमीले रकेट देखेका छौ ?

यी वाक्यमा आएका क्रियापदले कर्ताका बारेमा केही प्रश्न गरेकाले यी प्रश्नार्थक क्रियापद हुन् । कर्तालि गरेका कामका बारेमा प्रश्न सोध्ने क्रियापदलाई प्रश्नार्थक क्रियापद भनिन्छ ।

१. तल दिइएका वाक्यलाई प्रश्नार्थ बनाऊ

गोकुल पढ्दैछ । रश्मी खेल्दैछिन् । उमेश काम गर्दैछ । शोभिता बाहिर गई ।

४. सम्भावनार्थ

(क) दिदी भोलि आउनु होला ।

(ख) भरे पानी पर्ला ।

(ग) हरि यसपाला पास होला ।

काम नभई सकेतापनि काम हुने भन्ने संभावना बुझाएकाले माथिका वाक्यका क्रियापद संभावनार्थक क्रियापद हुन् । काम हुने भन्ने संभावना बुझाउने क्रियापदलाई संभावनार्थक क्रियापद भनिन्छ ।

१. संभावनार्थक क्रियापदको प्रयोग गरी ५ वटा वाक्य बनाऊ ।

दशैं

दशैं हिन्दूहरूको ज्यादै रमाइलो चाड हो । नेपाल हिन्दू राष्ट्र भएकोले प्रत्येक नेपालीका लागि हिन्दू चाड दशैंको विशेष महत्त्व छ । हामीहरू शरद्को दशैंलाई बडा दशैं भन्दछौं । आश्विन शुक्ल परेवा तिथिदेखि पूर्णिमासम्मका पन्ध्र दिनलाई दशैं भन्ने चलन छ । यही परेवा तिथिका दिन बिहान प्रत्येक नेपालीका घरघरमा घटस्थापना गरी जमरा राख्दछन् । यस दिनदेखि

नवरात्री शुरू हुन्छ । परेवाका दिनदेखि विजयादशमीका अघिल्लो रातसम्मलाई लिएर नवरात्री भनिएको हो । नवरात्रीको अवधिमा महालक्ष्मी, महासरस्वती, महाकाली नामले दुर्गा–भवानीको पूजा विशेष रूपमा गरिन्छ । घरघर र देवीका मन्दिरमा चण्डी, दुर्गा कवच आदि देवीका महात्म्यहरू पाठ गरिन्छन् । टीकापछिको पूर्णिमाको दिनलाई कोजाग्रत पूर्णिमा भनिन्छ ।

दशैंको खास रमाइलो विशेषता चाहिं सप्तमीदेखि दशमीसम्म अर्थात् फूलपातीको दिनदेखि विजयादशमी (टीका) को दिनसम्म हुन्छ ।

यो ४ दिनको बेग्लाबेग्लै विशेषता छ । सप्तमीको दिनलाई फूलपाती भनिन्छ । काठमाडौंको टुँडिखेलमा यस दिन फूलपातीको ठूलो बढाइँ हुन्छ । परम्परादेखि गोरखाबाट काठमाडौं ल्याइने फूलपाती यस दिन पर्सिने काम गरिन्छ । यस बढाइँमा श्री ५ महाराजाधिराज सरकार, श्री ५ बडामहारानी सरकार र राजपरिवारका अन्य सदस्यहरूबाट पनि भाग लिइबक्सन्छ । यसै गरी सबै अञ्चल र जिल्लाका सदरमुकाममा पनि फूलपाती बढाइँ गरिन्छ ।

दशैंको अष्टमीलाई महाअष्टमी र नवमीलाई महानवमी भनिन्छ । यी दुवै दिन देवीका मन्दिरहरूमा विशेष पूजा हुन्छ । राजधानी काठमाडौंस्थित कोतमा राँगा, बोका, हाँस, कुखुरा आदि काटेर बलि दिने चलन छ । यसै गरी देशका बिभिन्न ठाउँमा भएका कोतहरूमा पनि बलिपूजा गरिन्छ । देवी दुर्गा भवानीको आराधना गरी सबैले विशेष पूजाआजा गर्दछन् ।

यस प्रकार नवरात्री सकिएपछि विजयादशमीको दिन नवरात्रीभरि गरिएको पूजालाई विसर्जन गरी टीकाटालो गर्ने चलन छ । दशैंको लागि परिवारका सदस्यहरू पनि एक ठाउँ भेला हुन्छन् । टीकाका दिन मान्यजनहरूबाट टीका लगाई आशीर्वाद लिने चलन छ । केटाकेटी, बूढापाका सबैले आफ्नाआफ्ना गच्छे अनुसार राम्राराम्रा लुगा, कपडा र गहना आदि लगाई हँसिला खुसिला देखिन्छन् । आ–आफ्ना घरमा आफूले मान्नु पर्ने नातेदार तथा मान्यजनहरू-कहाँ पनि टीका लगाउन जान्छन् । यसरी पूर्णिमाका दिनसम्म नै टीका लगाउने र आफन्तहरूसँग भेटघाट गर्ने काम गरी सबै आनन्दित रहन्छन् ।

त्रेता युगमा मर्यादापुरुषोत्तम श्रीरामचन्द्रले रावणसँग युद्ध गरी विजय प्राप्त गरेका हुनाले त्यति बेलादेखि नै विशेष चाडपर्वको रूपमा विजयादशमी मनाइँदै आएको हो भन्ने भनाइ छ । हिन्दूहरूका आदर्श राजा श्रीरामचन्द्रले राक्षसलाई हराई आफ्नो विजयी भई मानवीय शक्तिको प्रभाव देखाएको हुनाले पनि दशैंको विशेष महत्त्व छ ।

यस बाहेक हाम्रो समाजमा शरद् ऋतुको समय बडो आनन्दको समय हो । हाम्रो भौगोलिक अवस्थाले गर्दा वर्षा ऋतुपछि सबै खोलानाला सङ्लिएर खेतबारी हरियै भएर लहलहाइ-रहेको बेलामा दशैं पर्दछ । कृषिप्रधान देश भएकोले त्यति बेला कृषकहरूलाई पनि केही फुर्सदको समय हुन्छ । यस्तो बेलामा परदेशमा बसेका परिवारका सदस्य समेत यो चाड मनाउन घर फर्कन्छन् । कुलकुटुम्ब सबै जम्मा भएर रमाइलो मनाउँदा सबैलाई सन्तोष र आनन्द लाग्दछ ।

हुन त हाम्रो देशमा दशैं एक पटक मात्र होइन दुइ पटक मनाइन्छ । एक पटक यही आश्विन शुक्ल पक्षमा र अर्को पटक चैत्रको शुक्ल पक्षमा । तर चैत्रमा मनाइने दशैं यसरी सबैतिर धूम-

धामसँग नमनाइने भएकोले आश्विन शुक्ल पक्षको दशैंलाई बडा दशैं भनिएको हो । जे होस्, हिन्दू मात्रको लागि बडा दशैं ठूलो चाड हो ।

अभ्यास

शब्द र अर्थ

नवरात्री – घटस्थापनादेखि टीकाका दिनसम्म नौ रात
प्रतिपदा – परेवा तिथि
मानवीय शक्ति – मान्छेको शक्ति, मान्छेमा हुने गुण
घटस्थापना – घडा थाप्नु, नौरथा शुरू हुने पहिलो दिन
प्रचलन – चलन चल्ती
विजय – जीत
संयुक्त – मिलेको

१. प्रश्नहरू

(क) दशैं केलाई भनिन्छ, बताऊ ।
(ख) दशैंमा के के गरिन्छ, बयान गर ।
(ग) बडा दशैं कहिले पर्छ, भन ।
(घ) दशैंको महत्त्व दर्शाऊ ।
(ङ) दशैंलाई बडा दशैं किन भनिएको हो, स्पष्ट पार ।

२. "दशैं" शीर्षकमा एउटा छोटो प्रबन्ध लेख ।

३. तलका शब्दलाई वाक्यमा प्रयोग गर

टीका । बडा दशैं । बढाई । फूलपाती । धुमधाम । मान्यजन । पूजाआजा ।

४. ठीक उत्तर छान

(क) विजया दशमी कसले कसलाई जितेको हुनाले मनाइएको हो ?
रावणले रामलाई । रामले परशुरामलाई । रामले रावणलाई । रावणले इन्द्रलाई ।

(ख) दशैंमा विशेष रूपमा कसको पूजा गरिन्छ ?
पशुपतिनाथ । दुर्गा–भवानी । कृष्ण । बुद्ध ।

व्याकरण

करण

(क) महेश घर जान्छ । (ख) सुजाता देवतालाई ढोग्छे ।
यी वाक्यका क्रियापदले काम भएको भन्ने कुरा बुझाएका छन्, यी करण क्रियापद हुन् ।

अकरण गणेश पढ्न गएन । सुधा भात खान्न ।

यी वाक्यमा क्रियापदले काम नभएका भन्ने बुझाएकोले यी अकरण क्रियापद हुन् ।

१. तलका क्रियापदलाई करण भए अकरण र अकरण भए करण बनाऊ

गर्छ, सुत्दछ, पढ्दैन, आउला, गणेश आएन, रोयो, खान्छ, हाँसी, उठेन, दगुर्दैन, नाच्नेछ ।

२. दश वटा पाठबाट करण क्रियापद भएका ६ वटा वाक्य छानेर लेख ।

हिउँदका दिन

१९४१-२०२१

– कविशिरोमणि लेखनाथ पौड्याल

मित्र हो ! हिउँदका दिन आए
सूर्यले मधुर कान्ति फिँजाए
छैन काहीं झरि वादल वर्षा
हर्षकै छ सबमा अब वर्षा ।।१।।

वेग साथ बिजुली पनि भागी
त्यै महा घनघटासँग लागि
इन्द्रनील मणि झैं अति जाती
देखियो गगनमण्डल माथि ।।२।।

देखिए नद–नदीहरू साफ
घामको हटिसक्यो परिताप
पान्थका पनि खुले सब रस्ता
लोकमा छ अब पूर्ण सुविस्ता ।।३।।

अन्न पात घरमा हुलि भारी
पूर्णपारि कन बाँधि भकारी
मस्त छन् घर घरै ती किसान
हेर बिल्कुल अमीर समान ।।४।।

सूर्य दक्षिण कुनातिर लत्रे
खुम्चिए कमलका दल झुत्रे
लोकबाट गरमी सब भाग्यो
शीतको प्रवलता हुन लाग्यो ।।५।।

चन्चल बिजुली झैं गरि चट्ट
देखिएर दबिने दिन झट्ट
रात चाहिं अब छन् अति लामा
काट्नलाई पनि पर्दछ घामा ।।६।।

राति फाँट भरमा कुइराको
रास लाग्छ घनघोर मजाको
देखिने शिखरबाट बिहान
स्वच्छ सुन्दर कपास समान ।।७।।

अभ्यास

शब्द र अर्थ

मित्र	– साथी, संगाती, मीत
कान्ति	– उज्यालो, प्रकाश, किरण
हर्ष	– खुशी, प्रसन्नता
घनघटा	– बादलको समूह
इन्द्रनील	– नीलो रंगको मणि – विशेष
गगनमण्डल	– आकाश
नद–नदी	– खोलानाला
परिताप	– दुःख, कष्ट
पान्थ	– बटुवा
रस्ता	– बाटो
अमीर	– धनी, सम्पन्न
दल	– पात,
शीत	– ठण्डी जाडो
प्रवलता	– खूब बलियोपन, प्रचण्डता
घामा	– मुश्किल, कठिन
शिखर	– पहाड, टुप्पो, चुली
सरस	– रसिलो
पहार	– घाम, घामबाट आउने तातोपन

१. प्रश्नहरू

(क) हिउँदको दिन कस्तो हुन्छ, बताऊ ।
(ख) किसानहरू हिउँदमा किन मस्त छन्, लेख ।
(ग) हिउँदको बेला दिन र रातको स्थिति कस्तो हुन्छ, भन ।
(घ) यस कविताको भाव लेख ।

२. व्याख्या गर

छैन काहीं झरि बादल वर्षा,
हर्षकै छ सबमा अब वर्षा

व्याकरण

कर्तृवाच्य

(क) म पुस्तक पढ्छु । (ख) मुकुल साँचो बोल्छ ।
(ग) यमुना भात खान्छे ।

यी वाक्यमा क्रमशः म, मुकुल र यमुना कर्ता हुन्, लाई मुख्य ठानीकर्ता क्रियापदहरू राखिएकोले यी वाक्य कर्ता वाक्य क्रियापद जनाउने क्रियापद हुन्छन् ।

कर्मवाच्य

(मद्वारा) पुस्तक पढिन्छ । (मुकुलद्वारा) साँचो बोलिन्छ । (यमुनाद्वारा) भात खाइन्छ ।

यी वाक्यमा कर्मलाई मुख्य ठानी क्रियापदहरू राखिएकोले यी क्रियापद कर्मवाच्य जनाउने क्रियापद हुन् ।

१. तलका वाक्यहरूमा कर्तृवाच्य र कर्मवाच्य छुट्टयाऊ

श्याम सुत्दछ । कुकुर भुक्तछ । आज रोटी खाइन्छ । म दूध पिउँछु । सगरमाथा अग्लो देखिन्छ । (तिमीबाट) यो काम गरिन्छ ।

होशियारी र बुद्धिमानी

हिमालय पर्वतको कैलाश शिखर शिव– पार्वतीको निवासस्थान हो । शिव र पार्वती त्यहीं कैलाश पर्वतमा आनन्दसँग बस्छन् । उनीहरूका गणेश र कुमार दुई छोरा छन् ।

गणेश र कुमार केटाकेटीदेखि नै आपसमा त्यति मिल्दैनथे । उनीहरूका वाहन मसो र मुजूरको कारणले उनीहरूमा बारम्बार ठाकठुक भइरहन्थ्यो। एक दिन खेल्दाखेल्दै गणेशको वाहन मूसोले कुमारको वाहन मुजूरको प्वाँख काटिदिएछ । त्यति बेला मुजूर छहारीमा सुतिरहेको थियो । बिउँझदा आफ्नो राम्रो प्वाँख काटिएको देखेर उसलाई साह्रै चित्त दुख्यो। ऊ त्यतावाट मुरमुरिदै आफ्ना मालिक कुमार कहाँ गएर मूसाउपर उजूर गरयो। प्रभो ! म हजूरको वाहन, गणेशको वाहन मूसोले मेरो सधैं अपमान गर्छ । ऊ सधैं मलाई दुःख दिने र मेरो नोक्सान गर्ने वाटो मात्र हेरिरहन्छ । हेरिबक्स्योस् – आज पनि म सुतिरहेको बेलामा मेरो यति राम्रो प्वाँख काटेर मलाई विरूप पादिरियो । हुन त म त्यसलाई आफैं सजाय दिन सक्थें, तर त्यो हजूरका दाजु गणेशजीको वाहन परयो । हजूर रिसानी होला भन्ने डर लाग्छ । के आफ्नो वाहनको यस्तो अपमान देखेर हजूरलाई केही लाग्दैछ ?

आफ्नो वाहनको उजूर सुनेर कुमारले मुजूरतिर हेरे । नभन्दै त्यो मुजूर प्वाँख काटिएर विरूप भएको थियो । कुमारलाई रिस उठ्यो । उनले मुजूरलाई आज्ञा दिए– ए! त्यो भुँडे

गणेशको छुद्र वाहन तँलाई अपमान गर्ने? तेरो अपमान मेरो अपमान हो। लौ जा, त्यसलाई खाइदे। म केही भन्दिनँ। अझ दाजुले सेखी गरे भने परेको म बेहोरौंला।

आफ्ना मालिक कुमारको आज्ञा पाएपछि मुजूरले मूसोलाई खान झम्ट्यो। छुस्क्याइमा जति बढी भए पनि बल र फूर्तिमा मूसो मुजूरलाई भेट्न सक्तैनथ्यो। त्यसैले मूसो ज्यानको डरले आमै र बाबै गर्दै भाग्यो। मूसो अघिअघि मुजूर पछिपछि, मूसो रुँदै कराउँदै गणेशका पाउमा छाँद हाल्न पुग्यो। दुहाइ प्रभो! बचाइ बक्स्योस्।

यसरी प्राणको भिक्षा माग्दै मूसो पाउमा पर्न आएको देखेर आश्चर्य मानी गणेशले सोधे– किन? के भयो र यसरी आत्तिएको?

मूसोले रुँदै विन्ती गरयो – म हजूरको सेवामा आऊँ भनी दूलोबाट निस्कन लागेको थिएँ, तर मेरो दूलाको मुख केही चीजले टालिएको रहेछ। त्यो प्वाल टाल्ने चीज हजूरका भाइ कुमारको वाहन मुजूरको प्याँख रहेछ। त्यो मैले चाल पाइनँ। म त्यो चीजलाई काटेर बाहिर निस्कँदा उसको प्याँख काटिएछ। अनि त लौ के बिन्ती गरौं, हजूरका भाइ कुमारको आज्ञाले त्यो मुजूर मलाई मार्न लखेट्दै आइरहेछ। रक्षा गरिबक्स्योस् प्रभो!

आफ्नो प्यारो मूसाको दयालाग्दो कुरा सुनेर गणेशलाई रिस उठ्यो। तर पनि कतै यसले जानीजानी मुजूरको प्याँख काटेको त होइन भन्ने शंकाले उनले सोधे – तँले जानी जानी मुजूरलाई जिस्काएको त होइनस्?

होइन प्रभो, होइन – मूसोले भन्यो – म त हजूरको वाहन, म त्यस्तो झूठो र छुच्चो कुरा किन गर्ये?

मूसोले विश्वास दिलाएपछि गणेशलाई मुजूरप्रति रिस उठ्यो। उनले त्यसलाई हप्काएर पठाइ दिए। त्यसपछि गणेश र कुमारमा झगडा शुरू भयो। अब त्यो झगडा मूसो र मुजूरसम्म मात्र नरहेर गणेश र कुमार स्वयंको बन्न पुग्यो। उनीहरू आफू आफूमा "तँभन्दा म के कम" भन्न थाले।

आखिर गणेशले भने – हेर कुमार! आफूलाई आफैंले ठूलो भनेर कोही ठूलो हुन्न। हाम्रा पिता संसारमा सबैभन्दा ठूलो देवता – महादेव हुनुहुन्छ। उहाँले जसलाई ठूलो भन्नुहुन्छ त्यही ठूलो। लौ हिंड यो मुद्दा छिन्न पिताजीकै अगाडि जाऊँ।

गणेशको कुरा कुमारलाई पनि चित्त बुझ्यो। लौ त जाऊँ भनी दुवै शिव–पार्वती बसेका ठाउँमा गएर दण्डवत् गरे। अनि पहिले कुमार नै अगि सरेर भने – प्रभो! हजूरहरू एक त हाम्रा पिता–माता होइबक्सन्छ दोस्रो संसारका कल्याण कर्ता, शिवशक्ति। हामी दुई दाजु–भाइमा तँ ठूलो कि म ठूलो भन्ने कुरामा विवाद परयो। यो कुराको टुंगो हजूरहरूले नै लगाइ-दिनुपरयो।

आफ्ना छोराहरूको छुद्र कुराको झगडा देखेर शिव–पार्वती खिन्न भए । तर रिस नदेखाई शिवजीले आज्ञा गर्नु भयो – बाबु हो ! ठूलो र सानो भन्ने कुरा कसैले भनेर हुँदैन । त्यो त आफ्नो आफ्नो कामले भन्छ। तिमीहरू दुईमा को ठूलो भन्ने निधो गर्ने हो भने तिमीहरू दुवै गएर सुमेरू पर्वत घुमेर आओ । दुवै मध्ये जुनचाहिं पहिला होला त्यहि ठूलो ठहरिने छ र संसारले उसको पूजा सबैभन्दा अगाडि गर्ने छ । जाऊ होशियारी र बुद्धिमानीसँग आफूलाई ठूलो साबित गर्ने प्रयत्न गर।

शिवजीको फैसला सुनी कुमार बडो खुशी भए । किन भने उनको वाहन मुजूर खूब छिटो उड्न सक्थ्यो । यस दौडमा गणेशको मूसोलाई उसले सय गुना छिटो उछिल्ने छ भन्ने कुमारलाई पक्का विश्वास थियो । त्यसैले उनी अगाडि पछाडि केही सोच्तै नसोची मुजूरमा चढेर दौडिहाले । तर बडेमाको भुँडी भएका गणेशलाई भने ठूलो चिन्ता परयो। न उनी आफैं दगुरेर दौड जित्न सक्थे, न त मुजूरको होडमा मूसो नै उनलाई बोकेर दौडन सक्थ्यो, अब पक्कै कुमार पहिला हुने छन् र उनी नै संसारमा ठूला ठहरिनेछन् भन्ने चिन्तामले गणेश आफ्ना कोठामा गई झोक्राएर बसे। उनले बडो दुःखी स्वरमा भने– बाबु मूसा ! अब म त कुमार-भन्दा चुत्थो ठहरिने भइगएँ, नै पनि चुत्थाको वाहन चुत्थै नै हुने भइस् ।

मालिकको चिन्ता देखेर मूसाले बिन्ती गरयो – प्रभो ! हजूरले आपत्तिको बेला धैर्य छोड्नु हुन्न। बल र तागतले नभेट्ने कुरा छ भने जुक्ति र बुद्धिले त्यसलाई फत्ते गर्नुपर्छ । पिताजीले होशियारी र बुद्धिमानीसँग आफूलाई ठूलो साबित गर भनेर मर्जी भएको छ। त्यसमा गौड गर्नुपर्छ। दौड–धूप गरी सुमेरू पर्वत घुम्ने कष्ट गर्नुभन्दा आफ्नो बुद्धि र अक्कल लगाएर त्यो सुमेरू घुम्नुपर्छ ।

मूसाको यस्तो कुरा सुनेर गणेशको मस्तिष्कमा एउटा बिजुली चम्के झैं भयो । उनले केहीबेर सोचविचार गरिरहे । अनि आफ्नो अक्कल लगाउने अठोटले उनी उठे ।

ठीक भनिस् आखिर तैं पनि मेरै वाहन होस् त्यसैले तैं यति होशियार भइस् । होशियारी र बुद्धिमानीको अगाडि मूढे बल केही होइन । लौ हिंड त अब, म पनि बाबु–आमा बसेका ठाउँमा जान्छु भनी गणेश हिंडे । उहाँ पुगेर उनले बाबु–आमासहितको कैलाशको घुम्कोलाई तीनपल्ट घुमे । त्यहीं शिवजीको जटाबाट बगिरहेकी गङ्गाजीमा डुबुल्की मारेर आई शिव–पार्वतीका पाउमा पर्दै बिन्ती गरे– हे प्रभो ! संसारमा छोराको लागि बाबु–आमाभन्दा ठूलो कोही छैन । त्यसमा पनि हजूरहरू त संसारकै सामु देवताको पनि देवता महादेव र जगन्माता हजूरहरूको अगाडि सुमेरू पर्वत एउटा तुच्छ कुरा हो । त्यसैले मेरा लागि हजूरहरू नै सुमेरू पर्वत समान हुनुहुन्छ । मैले हजूरहरूकै परिक्रमा गरें ।

गणेशको बुद्धिमानीपूर्ण कुरा सुनेर शिव पार्वती मनमनै गद्‌गद् भए, तर केही बोलेनन् । त्यस बखत सुमेरू घुम्न गएका कुमारजी पनि आइपुगे । गणेशलाई बाबु–आमाको सामु बसिरहेको देखेर एकपल्ट उनी झस्के–गणेश, पहिला भएछन् त ?..... तर उनले ढुक्क भएर भने– पिताजी, मैले सुमेरू पर्वत एकपल्ट मात्र होइन तीन पल्ट घुमेर आएँ । गणेश त यहीं रहेछन् । उनले त अवश्य घुम्न सकेका होओइनन् । त्यसैले अब हजूर फैसला गरिबक्स्योस् ।

कुमारको घमण्डपूर्ण कुरा सुनी शिवजी बोलेनन् । उनी हाँसी मात्र रहे । त्यो देखी कुमार अलि चिढिए । उनले भने – होइन प्रभो ! फैसलामा किन ढिला ?

त्यसै बखत त्यहाँ नारदजी आइपुगे । शिवजीले गणेश र कुमारको मुद्दाको फैसला गर्ने काम नारदलाई सुम्पिदिनु भयो । नारदले कुमार र गणेश दुवैका कुरा सुनेर फैसला गरे– बाबु कुमार, दुःख नमान, मूढे बलभन्दा अक्कल र बुद्धिले काम गर्ने ठूलो हुन्छ ।

संसारमा बाबु–आमाभन्दा ठूलो अरू कोही छैन । बाबु–आमाको राम्रो सेवा गरी खुशी राखे सुमेरू पर्वत घुम्नै पर्दैन । यो कुरा गणेशजीले बुझे, त्यसैले गणेशजी नै यहाँ बढी बुद्धिमान् देखिन्छन् । "जसको बुद्धि ठूलो छ त्यो नै ठूलो हुन्छ ।"

नारद फैसला दिएर गए । कुमारको अहंकार चूर्ण भयो ।

अभ्यास

शब्द र अर्थ

शिखर – चुली, पाहडको टुप्पो
निवास–स्थान – बस्ने ठाउँ
कल्याणकर्ता – भलो गर्ने
मूढे–बल – मूर्ख्याईंको बल
थुम्को – सानोतिनो डाँडो, ढिस्को
घमण्डपूर्ण – अभिमानपूर्ण
चूर्ण – धूलो–पीठो
गौड गर्नु – सोच–विचार गर्नु

१. प्रश्नहरू

(क) शिव–पार्वतीका परिवारका के कति सस्दय छन् नामसहित लेख ।
(ख) मुजूर र मूसाको के कुरामा झगडा भयो, कारण दिई स्पष्ट गर ।
(ग) गणेश र कुमारको झगडाको मुख्य कारण के हो बताऊ ।

(घ) गणेश र कुमारको बीचको "को ठूलो" भन्ने झगडामा शिवजीले कसरी निर्णय दिने निधो गरे लेख ।

(ङ) बलले गर्न नसकिने काम पनि बुद्धिले गर्न सकिन्छ भन्ने कुरा यस कथाका आधारमा स्पष्ट पार ।

(च) गणेशको के कुराबाट शिवजीको चित्त बुझ्यो, खुलस्त गर ।

२. **व्याख्या गर**

"जसको बुद्धि ठूलो छ, त्यो नै ठूलो हुन्छ ।"

३. **तलका वाक्यहरू क्रम मिलाई लेख**

(क) उनले त्यसलाई हप्काएर पठाइ दिए ।

(ख) मूसाले विश्वास दिलाएपछि गणेशलाई मुजूरप्रति रिस उठ्यो ।

(ग) उनीहरू आफू आफूमा तँभन्दा म के कम भन्न थाले ।

(घ) त्यसपछि गणेश र कुमारमा झगडा शुरू भयो ।

(ङ) अब यो झगडा मूसो र मुजूरसम्म मात्र नरहेर गणेश र कुमार स्वयंको बन्न पुग्यो ।

व्याकरण

तलका प्रत्येक वाक्यलाई प्रश्नार्थक, आज्ञार्थक र संभानार्थक वाक्यमा परिवर्तन गर

तिमी विद्यालय जान्छौ । कमला मेला हेर्छिन् । राम घर बस्छ । म पुस्तक पढ्छु, ।

गुरुआमा नेपालकी

स्थान:– केवलपुर गाउँ ।

समय:– १८१४ विक्रम सम्वत्, साँझ ।

(साँझ–साँझको बेला छ केवलपुरको ठाडे गाउँमा सबका ढोका लागिसकेका छन् । कुनै कुनै घरमा दियालो बलेको धिप्धिपे उज्यालो देखिन्छ । एउटा बटुवा काँधमा पोको बोकेर मिरिमिर अँध्यारोमा सरासर उकालो उक्लिरहेको देखिन्छ । त्यत्रो लामो उकालो उक्लेर पनि ऊ थकाईं मार्दैन बरु चौतारामा पुगेपछि फनक्क घुमेर एकपल्ट सुईय सुस्केरा हाल्छ । अनि कम्मरमा भिरिराखेको खुकुरीको बींडमा दायाँ हात राखेर आफू आएकैतिर फर्केर उभिन्छ र दाह्रा किटेर हेरिरहन्छ । एक छिनपछि अलि चनाखो भई यताउति हेर्छ । अनि कुन्नि के सोच्दै एउटा सानो झुपडीतिरको गोरेटो बाटोमा घुस्छ । उसको हिंडाइ रिसाएर हिंडेको सिंहको जस्तो देखिन्छ ।)

बटुवा:– (झुपडीको बन्द ढोकामा ढ्याप् ढ्याप् गर्दै) भित्र को हुनुहुन्छ हँ ?

बूढी:– (नेपथ्यबाट) कोहँ ?

बटुवा:– म एउटा बटुवा । बास माग्न आएको आमैं !

(ढोका भित्रबाट खुल्दछ । दियालो एक हातमा लिएकी रामरी आँखा पनि नदेख्ने बूढीया बाहिर निस्कन्छिन् ।)

बूढी:– किन हपारयो ? (उज्यालोले हेर्दै) के काम आइपरयो कुन्नि ?

बटुवा:– लामो बाटो आएको, बास पाउँछु कि भनी हपारेको नि आमैं !

बूढी:– छोरा मान्छे छैनन्, सानो झुप्रो छ । पाली यसपालाको बर्खामा झरिगो त, कसरी रात गुजारौला नानी ? साँझका पाहुना देउताहरू सरह भन्छन्, के भन्नु खै.....अँ कतातिर जानथालेका त वा ?

बटुवा:– ताक् त गोर्खातिरैको हो नाईं, (अलि अक्मकाएर) यसो पहाडतिर घुम्दै जाने इच्छाले.....(बीचमै रोकिन्छन्)

बूढी:– गोर्खा जान्छौं ? त किन अल्झेर बात गरेका ? (यताउति हेरी रोकिएर) भन किन रोकियौ ? नेपालबाट कहिले हिंडेका ?

बटुवा:– आजै, खूब थाकेको छु, दया गर्नोस् न आमा ।

बूढी:– गोर्खा त पुण्यधाम हो बाबु आऊ, भित्र बस, (भित्र पस्दै) पल्टनमा भर्ना हुने सुरले हिंडेका त होइनौं ? (अँगेनाको एक छेउतिर देखाउँदै) आऊ यहीं चार प्रहर रात

गुजार । (ढोका थुर्दै) बस नानी, निक्कै लामो बाटो काटेछौ, कुन बेला हिंडेका नि ?

बटुवा:– (हातले कुम्लो भित्तातिर राखेर बस्दै) आधा दिन डुबेथ्यो कि ?

बूढी:– त्यसो भए त वीरको हिंडाइ गरेछौ । अँ, गोर्खालीले युद्ध छेडे रे कीर्तिपुरमा भन्या सुनियो । अवस्था कसो छ नानी !

बटुवा:– पर्न त मारामार नै परेको हो, तर आज कालु खेदिए रे भन्ने सुनें ।

बूढी:– च्च, अशुभ भो, यो त झन् मुश्किल भो नानी । दायाँ हात भाँचिएपछि अप्ठेरो पो त पर्छ । कालु त कीर्तिपुरसित ढल्न्या वीर थिएनन् । के अशुभ परेछ नि नानी ? उडन्ते कुरो हो कि ?

बटुवा:– पक्कै हो आमा, किन ढाँट्ने र ? गोर्खालीको सर हुने देखिन्न भन्दछन् ।

बूढी:– (हातले रोकेर मुन्टो हल्लाउँदै) हो न्यायका राजा गोर्खाली हुन् नानी । यिनको हार हुँदैन । (केही सम्झे जस्तो गरेर) तिमीसित सामल छैन क्यारे, मसँग पन्ध्रमुठी जति मकै छ । भुटेर पाहुना मान्छु । एक अम्खोरा मही छ, हुन्छ भने है ?

बटुवा:– यसै सुतुंला नि आमा । यही बास पनि मलाई तास भएको छ । दु:ख नउठाउनोस् ।

बूढी:– (गोल्फुबाट मकै थालमा खन्याउँदै) त्यसो भनेर बूढीलाई सोझै नरक जा भनी पठाउने त ? (टाँडबाट हाँडी झिकी ओदान गाडेर) सबभन्दा पहिले अँ चित्लाङ र फर्पिंग दक्षिणको गौंडो, मुड्खु र जीतपुर पश्चिमको गौंडो, साँगा र नाला पूर्वको गौंडो थुन्नुपर्छ । अनि मल्लहरूमा आफआफैंमा झगडा पार्ने चारो खोजी फुटाउनुपर्छ भनी उनका कानमा भरिदिनू ।

बटुवा:– (बूढीको मुख हेर्रेकोहेर्दै भएर जिल्ल परिरहन्छ, बूढी मकै भुट्न थाल्छें । मकै भर्रर पड्कन थालेपछि बटुवा टोलाएर हाँडीतिर एकहोरो हेरिरहन्छ । अनि मनमनै) मेरा त्यस्ता वीरहरू थी मकै झैं पालैपालो खेदिए । सबै यसै गरी डढे । अब बढ्ता तात्यो भने यो हाँडो चर्कन के बेर ?

बूढी:– के सोचिरहेको नानी ? युद्धमा परी मकै झैं हुँला भन्ने पीरमा छौ कि कसो ?

बटुवा:– होइन आमा, त्यो पीर होइन । बरु गोर्खाली वीरहरू कसो गरी खतम भए हुन् भनी सोचिरहेको नाई ।

बूढी:– ती एक एक गरी खतम भए पनि , बुझ्यौ नानी ? मकै आफैं फुट्ता पनि उफ्रेर जे जसरी पनि हाँडीलाई चोटै पार्छन् । यदि यी सबै एकैपल्ट मिलेर पड्के भने हाँडी टुक्रा टुक्रा हुन्छ । फौजको संगठन पनि त्यस्तै हो भनिदिए । अनि मेलै बताए झैं गरे भने नेपाल खाल्डो हाँडी हो, खतम हुन्छ । घाइते सिहले झन् ठूलो चोटले हमला गर्छ नि नानी ।

बटुवा:– हो आमा, ठीक हो । अब बुझें ।

बूढी:– (भुटेको मकैको फूल थाल भरी हाली ठेकीबाट कचौरामा मही खन्याइसकेर दिंदै) मेरा स्वामी कटुवाल हुनुहुन्थ्यो । काजीतिर मिलेको भनी गुहचेश्वरीमै गिडेर फेकिदिएछन् जयप्रकाशले । छोरो १५ वर्षको तुल्याउन मलाई धौ धौ परयो । पोहोर साल गोर्खा सैन्यमा भर्ना हुन भनी कपडा किन्न गएको त यो गोर्खाली सैन्यको भेदीचर हो भनी थुनेछन्, नानी, चिसो खोरमा सत्र दिन खाइ न बिराइमा थुनिनुपर्दा जरोले इन्तु न चिन्तु भएछ । मैले पत्तो पाएँ । बल्ल बल्ल गई भेटें । खोरबाट हिजो जस्तो छुटयो, आज जस्तो खसिगो । (आँसु पुछेर एक छिनपछि) आमा भनिहाल्यौ, यस्तो अन्यायको राज्यमा टिक्नु हुन्न अब मर्नुभन्दा पहिले यो अत्याचारको साटो तिरेको कुरा सुन्न पाएर गोर्खालीले ढलाएको देख्न पाए गति पर्थे, मेरो मनको इच्छा जिउँदैमा पूर्ण हुन्थ्यो..... (कल्पेर रुन थाल्छे)

बटुवा:– के भन्नु भाको आमा ? तपाईं उपदेश दिनोस्न, लड्ने छोरा म छैदैछु नि, युद्धमा जान त.... तपाईं आमा म छोरा, भएन त ?

बूढी:– (खुशी हुँदै रुन्चे हाँसो स्वरमा) मेरो इच्छा पूर्ण भो । अब लडाईंमा जान टीका लगाएर छोरालाई पठाउने धोको पनि भोलि नै पूरा हुने भो । (एक छिनसम्म मुख हेरिरहिन्) बाबु, म भोलि बिहानै पल्ला घरबाट दही र चामल पैंचो ल्याउँछु, तिमीलाई सिन्दूर लाइदिएर बिदा गर्छु ।.....अहो । मकै चिसा भइसके । किन चूप लागिरहेका तिमी ? खाऊ, खाऊ ।

बटुवा:– अब खान्छु आमा....मलाई त भोक पनि ज्यादै लागेको छ । (मकै मक्याउँदै महीले निल्दै गर्छन् । बूढी हेरिरहन्छे)

बूढी:– तिमीले मकै खान सकेनौ बाबु, बानी थिएन कि ? के गर्नु झुप्रोमा अब अन्नको बीउ पनि बाँकी छैन । यसैको सातु तुल्याइदिऊँ ?

बटुवा:– पर्दैन आमा, पर्दैन । हामी पर्वतेले बानी छैन भन्नु हुन्छ र ? यही त हाम्रो प्राण हो । होइन त आमा ?

बूढी:– (हाँसेर) गोर्खाली राजा यतैबाट आए । मैले बीउको मकै नै भुटेर खुवाएँ । नेपाल जित्न जान लागेको भनी आशिक दिनोस् भने । मैले उनलाई दहीसमेत खुवाउन पाइनँ नि भनी म रोइरहें । त्यसै बखत बिउँझिहाले बाबु । यो आजै गएको राती सपना देखेथें । उनी त नेपाल पुगिसकेका छन् । तिमी आयौ, गोर्खाली पल्टनमा पुगिहाल्यौ । यति नै रहेछ सपनाको फल हो कि ?.....

बटुवा:–(जिल्ल परेर अलि अलि लजाई बूढीको मुख हेरिरहन्छन् । अनि एक छिनपछि) यस्तै देख्नुभाको आमा ?.....

बूढी:– हो त नि, उनले पनि यसै गरी मकै खाएथे । उनलाई सपनामा देखेको र तिमीलाई

बिपनामा देखेको मात्र फरक । उनका पछिपछि सिपाहीहरू थिए, तिमी एक्लै । दियालोको उज्यालोमा राम्ररी ठम्याउन सकिँ र मात्रै फरक, नत्र त जीउको बनौट पनि यस्तै थियो बाबु, दुरुस्तै यस्तै । (बटुवा अलि डराउँछन् । बूढो गहिरो रूपमा हाँस्छे) उनले मलाई वचन पनि दिएका छन् बाबु ।

बटुवा:- के वचन आमा ?....

बूढी: नेपाल जितेर यतैबाट गोर्खा फर्कुला । यही घरमा बास गर्नेला । तपाईंकै हातले भुटेको मकै खाउँला भनेका छन् .....अवश्य खालान् बाबु । (बूढी तला चढ्न खोज्दै)

बटुवा:- होइन आमा, म त सबैरै हिंड्छु । अब दुई चार घडी आँखाको बिख मारेपछि बाटो लागिहाल्छु । जून छन्, भोलि नै उहाँ पुग्ने इरादा राखेको छु । बिदाचाहिँ अहिल्यै भइराखुँ है आमा ?

बूढी:- कस्तो कुरा गर्छौं तिमी । उहाँ भने छोरो रे । छोरो भएपछि आमाका हातबाट टीकाटाला नगरी युद्धमा जान निस्कन्छन् कोही ? के भनेको यो ? अरु सखारै बन्दोबस्त मिलाउ भन न । हेर बाबु, तिमीलाई दही नखुवाईकन जानै दिँइन म ।

बटुवा :-त्यसो भए गोर्खा पुग्ने गरेर है त आमा ?

बूढी:- त्यति मात्रै ? (मुसुमुसु हाँस्दै) गोर्खा पुगी, सैन्य जम्मा गरी, नेपाल हानिसकेर फेरि मेरै घरमा बास बस्न सैन्यसहित आउने गरी ।

बटुवा:-सखारै राती है त आमा ?

बूढी:- हवस् बाबु हवस् । (लिस्नोबाट मास्तिर उक्लिन्दै बटुवा हेर्ररहन्छन् ।)

बटुवा:-(मनमनै) अब यिनले दिएकै उपदेश अनुसार संगठन र विजय गर्ने बाटो लिनुपर्दछ । असले जीवनमा पृथ्वीनारायण शाहलाई देखेकी होवइनन् । आज देखेर पनि चिन्न सकिनन् । त्यस्ती बूढी पृथ्वीको राज्यवृद्धिका लागि रातोदिन चिन्ता लिइराख्दछिन् ।.. यिनी जो इच्छा गर्छिन्, त्यसै हुनेछ । यी नेपालकी गुरुआमा हुन् । (बियालो निभ्न बटुवा सुत्दछन्) ।

अभ्यास

शब्द र अर्थ

चनाखो – चलाख, होशियार
नेपथ्य – मञ्चभन्दा भित्र, नदेखिने ठाउँ
पुण्यधाम – पवित्र ठाउँ
प्रहर – तीन घण्टाको समय
खेदिए – मारिए, खतम पारिए
अशुभ – नराम्रो, हानि
सर हुनु – जीत हुनु
झगला – आक्रमण, झम्टा
सामल – बाटाखर्च
गोल्फु – घैंटो, माटाको सानो घैंटो
भेदी चर – गुप्ती पुलिस, जासूस
बियालो – खोटे सल्लाको बत्ती
हुपार्नु – ठूलो स्वरले बोलाउनु
तास – एक प्रकारको बहुमूल्य कपडा
पैंचो – सापटी, उधारो
लिस्नो – एकखुट्टे भयाङ
हराँदा – इच्छा, झाँट

सवारै – सवेरै
विजय – जीत, जीतबाजी
राज्यवृद्धि – राज्यको वढ्ती
इन्तु न चिन्तु हुनु– बेहोस् हुनु

१. प्रश्नहरू

(क) यो नाटकको नाम गुरुआमा नेपालकी हुनुको कारण बताऊ ।
(ख) बूढीको लोग्ने र छोरो कसरी मरे ?
(ग) कीर्तिपुरको पराजयलाई गुरुआमाले के के मानिन्, भन ।
(घ) कालुप्रति बूढीको धारणा कस्तो रहेछ, खुलस्त गर ।
(ङ) बूढीले बटुवाद्वारा पृथ्वीनारायण शाहलाई के सन्देश पठाइन्, लेख ।

२. तलका वाक्यांशलाई वाक्यमा प्रयोग गर

(क) खाइ न विराइ, इन्तुन चिन्तु . जिल्ल पर्नु ।

३. सन्दर्भसहित स्पष्ट पार

(क) पक्कै हो आमा, किन ढाँट्नु र ? गोर्खालीको सर हुने देखिन्न भन्दछन् ।
(ख) मेरा त्यस्ता वीर यी मर्कै हैं पालैपालो खेदिए ।
(ग) चिसो खोरमा १७ दिनसम्म खाई न विराइमा थुनिनु पर्दा जरोले इन्तु न चिन्तु भएछ ।
(घ) गोर्खा पुगी, सैन्य जम्मा गरी, नेपाल हानिसकेर फेरि मेरै घरमा बास बस्न सैन्य सहित आउने गरी ।

४. तलका शब्दहरू शुद्ध गरी लेख

अमुभ भो, दिनोमन, भन्नभाको, शैन्य, राज्येवृद्धी ।

५. यस सम्वादलाई दुई जना मिली उपयुक्त हाउभाउ र स्वर प्रसारणका साथ सस्वरवाचन गर ।

भीमनिधि तिवारी

काठमाडौं डिल्लीबजारका लालनिधि तिवारीका जेठा छोरा भीमनिधि तिवारीको जन्म वि. सं. १९६८ मा भएको हो । यिनले सानै उमेरमा मातृवियोगको शिकार हुनु परेको थियो । कवि भीमनिधि तिवारी १९९१ मा सूर्यघाट कविताबाट साहित्यको क्षेत्रमा उदाएका हुन् ।

धरेलु तालीम केन्द्रको शिक्षक र विशेषज्ञ भई विक्रम सम्वत् १९९८ देखि उनले सरकारी सेवामा प्रवेश गरी २०३० साल जेठसम्म गृह मन्त्रालयमा उप-सचिवको पदमा रही श्री ५ को

सरकारको सेवा गर्दागर्दै दुई छोरा, दुई छोरी र पत्नीलाई छोडेर उनी तीन दिन रक्तचापको व्यथाले परलोक भए ।

जीवनभर साहित्यको सेवा गर्ने कवि तिवारीले साहित्यका विभिन्न विधामा ४५,४६ पुस्तक रत्नहरू रचना गरेका थिए । दिनभर सरकारी कार्यालयको सेवा गर्दै रात्र–विहान काम गरेर पनि नेपाली भाषा–साहित्यको भण्डार भर्ने चाहने लेखकले आफ्नो अथक परिश्रम र आत्मविश्वासकै आधारमा ६२ वर्षको उमेरमा पनि साहित्य सिर्जना गर्ने काममा कहिले थकाई मारेनन् । सहनशीला सुशीला जस्तो करुणरसको नाटकमा सरल र शुद्ध नेपाली जनमनको प्रयोग कविले खूब राम्ररी गरेर देखाएका छन् ।

कवि तिवारीको कृतिमा काव्यात्मक सरलता, नेपाली परम्पराको भरपूर प्रयोग भएको शैलीले गर्दा जनहृदयलाई प्रशस्त चाँडो रिझाइहाल्दथ्यो । त्यसैले श्री ५ को सरकारबाट र जनताबाट पनि यिनलाई समय समयमा आवश्यक सहयोग प्राप्त भइरहेको नै देखिन्छ ।

नेपाली साहित्यमा हरेक वर्ष कुनै न कुनै किताब प्रकाशित गर्ने लेखक भीमनिधि तिवारी नै थिए । यसरी विभिन्न थरीका पुस्तकहरू लिएर जनसाधारणमा प्रशस्त भिज्न सकेका भीमनिधि तिवारीले साँच्चै नै नेपालभर आफ्ना रचनाहरू पुऱ्याएका थिए । वास्तवमा भीमनिधि तिवारीका लेख, नाटक, गजल तथा कविताबाट उनलाई सबैले राम्ररी चिनेका छन् ।

उनको सफा र सुग्घरसँग बस्ने बानीसँग थोरै बसउठ भएका मानिसले पनि परिचय पाएका थिए । उनी बोलीचालीमा सरल थिए र नियम तथा नीतिका परिधिलाई कहिले पनि नाघ्न चाहँदैनथे । उनको सबैसँग मेल थियो । उनको व्यवहार, विचार, निर्णय र क्रियाकलापहरू आफ्नै खालका हुन्थे । उनको यस्तो प्रकृतिको छाप उनका रचनाहरूमा पनि परेका देखिन्छन् । तर माझिएको भाषाले गर्दा उनको रचनामा खोट लगाउने ठाउँनै भेटिदैन ।

समकालीन साहित्यकारहरूमा कवि भीमनिधिको साहित्य सेवाको कदर गरेर २०७८ सालतिर सरकारबाट यिनलाई ग्रन्थकारको पदवी प्रदान गरियो । उनले २०१७ सालको मदन पुरस्कार पाए । यसका अतिरिक्त श्री ५ को सवारी साथ निदरल्याण्ड जाने मौका पाउँदा युरोप र एशियाको भ्रमण गरेका थिए ।

अभ्यास

शब्द र अर्थ

सिर्जना गर्नु – सिर्जनु, उब्जाउनु
प्रगति – उन्नति, बढिबढाउ

परिश्रम - मिहिनेत
अथक - कहिल्यै नथाक्ने
आत्मविश्वास - आफूमाथिको पूरा भर
काव्यात्मक सरलता - काव्यको सजिलोपन
सजिलो, बुझिने राम्रो गुण
रचना, - कविता, लेख
आदर्श - सिक्नुपर्ने गुण
सुगमता - सजिलोसित बुझ्न र जान्न सकिने गुण ।

१ प्रश्नहरू

(क) कवि तिवारीको जीवनबाट कुन कुन गुण लिन सकिन्छ, लेख ।
(ख) तिवारीका रचनामा सबभन्दा जनप्रिय कुन हो, छलफल गर ।
(ग) नेपाली साहित्यमा तिवारीले दिएको देनको चर्चा गर ।

२. यसको मतलब स्पष्ट गर

आत्मनिर्णयलाई बढी मूल्यवान ठान्ने साहित्यक ।

३. साहित्यकार जस्तै कार पछाडि लागेका सात वटा विशेषण खोजेर वाक्यमा प्रयोग गर ।

४ खाली ठाउँमा भर

भीमनिधि.....ले सांच्चै नै नेपाल....आफ्ना रचनाहरू....थिए ।

५. तलका वाक्यमा देखाइएका नामहरू कुन कुन प्रकारका हुन् छुट्टयाऊ

(क) घरबाट आएँ ।
(ख) गाई दूध दिने जनावर हो ।
(ग) धैर्य नगरी फल पाइँदैन ।
(घ) बजारमा चाँदीको भाउ बढेको छ ।
(ङ) संगीता घरधन्दा गर्न सिपालु छे ।
(च) पानीबिना बाँच्न सकिँदैन ।
(छ) म बगालमा गाई चराउँछु ।
(ज) रारादह हेर्न लायक छ ।

व्याकरण

नाम

(क) पुस्तकलाई ढोग। (ख) कलम नहराऊ। (ग) रमेश खूब पढ्छ। (घ) काठमाडौं ठूलो उपत्यका हो। (ङ) दूधले तागत दिन्छ। (च) बहिनीले सुन लगाएकी छ। (छ) पल्टन कवाज खेल्छन्। (ज) गरीबलाई दया गर।

माथि दिइएका वाक्यमा पुस्तक र कलम जातिवाचक, रमेश र काठमाडौं व्यक्तिवाचक, दूध र सुन द्रव्य वाचक, पल्टन समूह वाचक र दया भाव वाचक नामका रूपमा आएका छन्। यसरी वस्तु, व्यक्ति वा पदार्थ आदि चिनाउनेलाई नाम भन्छन्।

१. तलका वाक्यमा देखाइएका नामहरू कुन कुन प्रकारका छन् छुट्टाऊ

(क) घरबाट आएँ। (ख) गाई दूध दिने जनावर हो। (ग) धैर्य नगरी फल पाईंदैन। (घ) बजारमा चाँदीको भाउ बढेको छ। (ङ) संगीता घरधन्दा गर्न सिपालु छे। (च) पानीबिना बाँच्न सकिंदैन। (छ) म बगालमा गाई चराउँछु। (ज) रारादह हेर्न लायक छ।

१. जहज अभिव्यक्ति
२. काव्यात्मक जटिलता
३. नेपाली परम्पराको भरपूर प्रयोग

सत्यको विजय

धृतराष्ट्र र पाण्डु दाजु भाइ हुन् । धृतराष्ट्रका छोरा कौरवहरू र पाण्डुका छोरा पाण्डवहरूका बीच अंश सम्बन्धी झगडाको कारणबाट मन मैलो भएर संघर्ष भएको घटनालाई महाभारतका १८ पर्वहरूमा विस्तृत रूपले वर्णन गरिएको छ । सानो कुराबाट पनि ठूलो शत्रुतापूर्ण वातावरण सिर्जना हुन्छ भन्ने कुरा महाभारतको घटनाबाट स्पष्ट हुन्छ । हुन त पाण्डव र कौरवहरूले बराबर अंश पाउनु पर्ने राजकुमारहरू हुन्। तर अनेक कुराहरू देखाएर कौरवहरू पाण्डवहरूलाई अंश नदिने निर्णयमा पुग्दछन् । वास्तवमा कौरवहरूले पाण्डवलाई अंश नदिनु ज्यादै अन्याय हो । कौरवहरूले अन्याय गर्न खोज्दा पनि पाण्डवहरू वैरभाव नगरी न्यायपूर्वक अंश माग्ने प्रयासमा हुन्छन् । तर कौरवहरू भने न्यायपूर्वक अंश नदिई उनीहरूलाई सधैं अन्याय नै गरिरहन्छन् । यतिमात्र होइन, उल्टो कपटी पासा खेली पाण्डवहरूको बेइज्जत गर्ने र वनवास पठाउने, सभामा पाण्डवकी धर्मपत्नी द्रौपदीलाई बेइज्जत गर्ने, गुप्तवासको सजाय दिलाउने, लाहाको घरमा पाण्डवहरूलाई राखेर आगो लगाउने, विषका

लड्डू झुक्याएर खुवाउने जस्ता अमानवीय कार्य कौरवहरूबाट भएका छन् भने त्यसको विपरीत भ्रातृत्व, मेलमिलाप, न्यायपूर्ण, नम्रता, सत्यवादिता पाण्डवहरूले अंगालेका छन् । यसरी पाण्डवहरू सत्यका पक्षमा छन् भने कौरवहरू असत्यको बाटामा लागेका देखिन्छन् ।

पाण्डवहरू मध्ये जेठा युधिष्ठिर हुन् । उनी कहिल्यै पनि असत्य बोल्दैनन् । उनी धर्मलाई र सत्यलाई प्राण बराबर मान्दछन् । पाण्डवहरू मध्ये भीम, अर्जुन वीर भए पनि युधिष्ठिरकै आज्ञा बमोजिम चल्दछन् । त्यसैले पाण्डवहरूबाट असत्य र अन्याय भएको देखिदैन । अनेक कष्ट सहेर पनि भाग्यबस कौरवहरूका अनेक षडयन्त्रहरूबाट पाण्डवहरू बचेका छन् । आखिरमा सर्तबमोजिमवनबास र गुप्तबासको समयलाई पनि पाण्डवहरू पूरा गर्दछन् । यति हुँदा पनि कौरवहरू पाण्डवहरूलाई न्यायपूर्वक अंश दिन चाहँदैनन् । भगवान् श्रीकृष्ण र अरू राजाहरूबाट पनि धेरै पटक पाण्डव र कौरवका बीच सम्झौता गराउने प्रयास भयो । तर कौरवपक्षले पाण्डवहरूको खेदो गर्न छोडेनन् । आखिरमा दुवै पक्षका बीच घमासान युद्ध भयो । यस युद्धलाई महाभारतको युद्ध भनिन्छ । यो युद्ध १८ दिनसम्म भएको थियो । कौरव पक्षमा पाण्डव पक्षका भन्दा धेरै राजाहरू लागेका थिए । कौरवका धाक, रवाफ र डरले गर्दा धेरै राजाहरू उनीहरूको पक्षमा लागेका मात्र हुन् । तर भगवान् श्रीकृष्णले भने अन्यायमा परेका पाण्डवहरूको पक्ष लिनुभयो । ठूलो युद्धपछि कौरव पक्षको हार भयो, पाण्डव पक्षको विजय भयो । शत्रुपक्षमा लागेका भए पनि शरशैयामा परेका वीर भीष्मपितामहबाट आफ्नो कर्तव्य संभाली पाँच भाइ युधिष्ठिरले धेरै समयसम्म सत्य र न्यायलाई अँगाली शासन गरे । यस घटनाले सत्यको अगाडि असत्य टिक्दैन, सत्यको पक्षमा भगवानले पनि सहायता गर्नुहुन्छ भन्ने कुरा देखाएको छ ।

यसरी हामी महाभारतमा असत्यताको विरुद्ध सत्यको विजय भएको महान् पौराणिक घटना पाउँछौं । यदि पाण्डवहरूलाई न्यायपूर्वक अंश दिई सत्यको पक्ष नछोडेका भए कौरवपक्षको विनाश हुने थिएन । यसैले के भन्न सकिन्छ भने असत्यलाई अंगाल्दा आफ्नै सर्वनाश हुन्छ र सत्यको सधैं जीत हुन्छ ।

अभ्यास

शब्द र अर्थ

मनमैलो	–	बेमेल
संघर्ष	–	झगडा
विस्तृत	–	फराकिलो
वैरभाव	–	शत्रुता
कपटी पासा	–	कपट गरेर बनाइएको एक किसिमको खेल
गुप्तबास	–	लुकेर बस्ने काम
अमानवीय	–	मान्छेले गर्न नहुने
भ्रातृत्व	–	भाइ भाइको सम्बन्ध

बन जीवन्त मानिस

–श्री माधवप्रसाद घिमिरे

गाली गर्दैन सारंगी, झूठो बोल्दैन बाँसुरी
छ संगत तिमी भित्र–मीठो बोल मधुमरि ।
तारा राती निदाउन्न, झरीमा रुझ्न इन्द्रिनी
छ उज्यालो तिमी भित्र–चम्क आपत्तिमै तिमी ।
उड्दैन फूलको रंग सुक्दैन महको रस
छ जिन्दगी तिमी भित्र–बन जीवन्त मानिस ।
को भन्छ र नराम्रो छु, नजाती कुन बन्छ र
छ ईश्वर तिमी भित्र–सोच रे शिव सुन्दर ।

अभ्यास

शब्द र अर्थ

सारंगी – गाइनेले बनाउने बाजा विशेष

इन्द्रिनी – इन्द्रधनुको छाया, इन्द्रेणी; घामपानी परेका बेला आकाशमा देखिने सप्तरंगी धनुजस्तो

जीवन्त – जीवित, जिउँदो

रे – हे

शिव – कल्याण गर्ने तत्व

सुन्दर – राम्रो

१. प्रश्नहरू

(क) दोस्रो श्लोकमा के कुरा भनिएको छ, वर्णन गर ।

(ख) सारंगी र बाँसुरीबाट के कुरा सिक्न सकिन्छ, लेख ।

(ग) यस कवितामा ईश्वर कहाँ छ भनिएको छ, बताऊ ।

२. भावार्थ खुलाऊ

(क) उड्दैन फूलको रंग, सुक्दैन महको रस ।

(ख) को भन्छ र नराम्रो छु, नजाती कुन बन्छ र ।

३. "बन जीवन्त मानिस" कविता लय मिलाएर पढ ।

सत्यवादिता – साँचो बोल्ने बानी
नम्रता – नरमपना
षड्यन्त्र – जालझेल, जाली काम
शर्त – सम्झौताको आधार
शरशैया – बाणैबाणको ओछ्यान
कर्तव्य – गर्नुपर्ने काम
घमासान – ठूलो लडाइँ

१. प्रश्नहरू

(क) पाण्डव र कौरवको बीच किन झगडा भयो, कारण देऊ ।
(ख) पाण्डवहरूलाई कौरवले के के दुःख दिए, बयान गर ।
(ग) कौरवहरूले युद्धमा किन हारे, छलफल गर ।
(घ) पाण्डवहरूको जीत हुनुमा के कारण थियो, आफ्नो विचार समेत दिई स्पष्ट पार ।

२. तलका शब्दहरूको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

षड्यन्त्र, सत्य, वनवास, धाक, अमानवीय, घमासान, भ्रातृत्व, शर्त ।

३. तलका भनाइको भाव विस्तार गर

सत्यको सधैं जीत हुन्छ ।

व्याकरण

हरि पाठ पढ्छ । म भात खान्छु । सुशील सुत्दछ । भाइ रुन्छ ।

माथिका वाक्यका अन्तमा आएका पद क्रियापद हुन् । क्रियापदले कर्ताले गरेको काम बुझाउँछ । उदाहरणका रूपमा दिइएका माथिका पहिला र दोस्रा वाक्यका क्रियापदले कर्ताले गर्ने कामका बारेमा प्रश्न सोध्ने हुनाले सकर्मक र तेस्रा र चौथा वाक्यका क्रियापदले कर्ताले गरेका कामका विषयमा केही प्रश्न नगर्ने भएकाले अकर्मक क्रियापद हुन् ।

१. तल दिइएका वाक्यमा क्रियापद सकर्मक वा अकर्मक के हुन्, छुट्टयाऊ

(क) राम जान्छ । (ख) गोपाल काम गर्छ । (ग) सीता डुल्छे । (घ) दाजु नुहाउनु हुन्छ । (ङ) भाइ पाठ पढ्छ ।

२. हु, जा, सुत् आदि अकर्मक र गर, खा, पढ आदि सकर्मक धातु हुन् । यिनबाट क्रमशः हुन्छ, जान्छ र सुत्छ अकर्मक र गर्छ, खान्छ र पढ्छ सकर्मक क्रियापद बनेका छन् । यी क्रियापदको प्रयोग गरी ६ वटा वाक्य बनाऊ ।

सर्वनाम

राम र श्याम साथी हुन् । उनीहरू एउटै कक्षामा पढ्दछन् ।

माथिका वाक्यको पहिलोचोटि राम र श्याम भन्ने बेग्ला बेग्लै नामको प्रयोग भएको छ । त्यसपछि ती नामका सट्टामा उनीहरू भन्ने शब्दको प्रयोग भएको छ । त्यसैले नामका सट्टामा प्रयोग भएको उनीहरू भन्ने शब्द सर्वनाम हो ।

सर्वनामका विभिन्न पुरुष हुन्छन्

(क) प्रथम पुरुषवाचक	(ख) द्वितीय पुरुष वाचक	(ग) तृतीय पुरुष वाचक
म, हामी	तँ, तिमी	त्यो, यो, ऊ ।

दर्शक सर्वनाम

(क) यो (किताब) राम्रो छ ।
(ख) त्यो (मान्छे) इमान्दार छ ।
(ग) ऊ (कृष्ण) अल्छी छ ।

यी वाक्यमा आएका "यो", "त्यो" र "ऊ" पदले कुनै नजीक वा टाढाका मानिस वा वस्तुलाई देखाइएकाले यी दर्शक सर्वनाम हुन् ।

१. द्वितीय पुरुष वाचक सर्वनामको प्रयोग गरी ५ वाक्य बनाऊ ।
२. दर्शक सर्वनामले के काम गर्छ, उदाहरणसहित लेख ।
३. तलका वाक्यबाट नाम र सर्वनाम छुट्टयाऊ ।

(क) हरि असल छ । (ख) उसले किताब च्यात्यो ।
(ग) म आज आउँदिन । (घ) तिमीहरू बस्दै गर ।
(ङ) सुषमा घरमा छैन । (च) यसलाई माया गर ।

अमर सेनापति

नेपालको इतिहास वीरताको इतिहासको हो । वीर अमरसिंह थापा यसै इतिहासका एउटा तारा हुन् । आफ्ना बाबु बाघ भीमसिंह थापाको वींडो थामेर अमरसिंहले राष्ट्रको सेवा गरे । बाघ भीमसेन थापा पृथ्वीनारायण शाहका पालाका एउटा बहादुर सैनिक हुन् । त्यति बेला ज्यादै बलियो सम्झिएको पलान्चोकको किल्ला यिनै बाघ बूढाले ढालेका थिए ।

देशभक्त, राजभक्त र बहादुर बाबु बाघ भीमसिंहको मृत्युपछि अमरसिंह पृथ्वीनारायण शाहकै दरबारमा हुर्किए । त्यसै अवस्थामा यिनले सैनिक तालीम पनि पाए । राष्ट्रिय प्रेम पनि त्यसै बेला सिके । सानै उमेरदेखि नै अमरसिंहका बाबुमा जस्तै वीरतापूर्ण गुणहरू देखिएका थिए । हुन पनि अमरसिंहलाई बाघ बूढा बराबर भन्ने गर्थे बाबु! आफ्नो बुद्धि र बुता जसरी पनि देशको निम्ति खर्च गर्ने भएस्, दुश्मनका अगाडि कहिले नझुकेस्, आफ्नो जिम्माको काम फत्ते गरेर मात्र छाडेस् ।

पृथ्वीनारायण शाहको राम्रो रेखदेखमा तालीम पाएका र बाबुको अति सानैदेखि पाएका अमरसिंह जति जति हुर्कंदै गए, त्यति त्यति बुद्धिमान र बहादुर हुँदै गए । उनले राम्रो

बाबुको अर्तीको मर्म बुझ्दै गए । "हुने बिरुवाको चिल्लो पात" भने झैं यिनले विरोचित गुणहरू देखाउँदै गए । यसै हुनाले यिनी पृथ्वीनारायण शाहकै पालामा सुवेदारसम्म भइसकेका थिए ।

हुन त अमरसिंहले पृथ्वीनारायण शाहकै पालामा दुई चार वटा लडाईंमा प्रशस्त बहादुरी देखाइसकेका थिए। तर पनि खास बहादुरी देखाएर देशभक्ति र राजभक्तिको नमूना देखाउने-मौका भने प्रतापसिंह शाहका पालामा पाए । त्यस बेला बहादुरशाहका सहायक बनेर देहरादून-देखि सतलजसम्मको विजययात्रामा अमरसिंहले जुन किसिमको बुद्धिमानी र बहादुरी देखाए, त्यसबाट अमरसिंह साँच्चै देखिए । यसै लडाईंमा बाघ बूढाको अतिलाई चरितार्थ गरे ।

यिनकै बुद्धि र बलका भरमा चौबीसे राज्य, पल्लो नुवाकोट, पइयूँ, चौगण्डी र डोटीदेखि अलमोडासम्म सर भयो । यस्तै बुद्धिमानी, बहादुरी, देशभक्ति र इमान्दारी देखाएर अमरसिंहले काजी भन्ने पदवी पाए । यसबाट उनको उत्साह झन् दुगुना भयो । पछि उनी नेपालको सीमारक्षक सेनापतिसम्म बने ।

त्यतिखेर हिन्दुस्थानका धेरैजसो राज्यहरू अंग्रेजले जितिसकेका थिए । अंग्रेजहरू नेपाललाई एउटा बलियो प्राकृतिक किल्ला ठान्दथे । अंग्रेजहरूको त्यस्तो चाल बुझेपछि अमरसिंह निकै सतर्क हुन लागेका थिए । उनी अंग्रेजहरूको चाललाई सफल हुन नदिने विचार गर्दै थिए । यत्तिकैमा अंग्रेजहरूले नेपालसँग निकै निहुँ खोज्न थाले । यता अमरसिंहले आफ्नो पूरा तयारी नभई जाइलागिहाल्नु हुँदैन भन्ने पक्षमा थिए र पूरा तयारी गर्दै थिए। तर दरबारबाट भने युद्ध शुरू गरिहाल्ने आदेश आएकाले अंग्रेजहरूसँगको लडाईं शुरू भयो ।

अंग्रेजहरू राम्रोसँग तयार भएका थिए । यता नेपाल भने पूरा तयार भइसकेको थिएन। तैपनि लडाईं निकै चर्कोसँग भयो । गढी गढीमा जम्मा भएर बसेका नेपाली फौजले अंग्रेजका निकै फौज ध्वस्त पारे । बहादुर सेनापति अमरसिंह थापाको तैनाथमा गएको नेपाली फौजले धेरैतिर जितें गयो । यस प्रकार अमरसिंहको बहादुरी देखेर अंग्रेजहरू डराए । आखिरमा अंग्रेजहरूको तर्फबाट सन्धि गर्ने प्रस्ताव आएकाले हारजीतको टुंगो नलागीकनै नेपाल र अंग्रेजहरू बीच सन्धि भयो ।

युद्ध जितें गएका सेनापति अमरसिंहलाई यो सन्धि गर्ने इच्छा थिएन। त्यसै हुनाले यस सन्धिले उनलाई निकै चोट पुऱ्यायो । एउटा देशको राजा बनाई बिर्ता र ठूलो रकमको तलब दिई राख्छौं, हामीसँग मिल्न आऊ" भन्ने अंग्रेजहरूको चिठीलाई थुकेर कुल्चिने र "म बाघको हमला हुँ, मलाई सिनो खाने कुकुर नसम्झ" भनी जवाफ दिने देशभक्त अमरसिंहलाई यो सन्धि पटक्कै मनपरेको थिएन ।

यति भएपछि बाबुको अर्तीमुताबिक कुनै दुश्मनसँग झुक्न नचाहने अमरसिंहले सेनाबाट बिदा लिए । सेनाबाट बिदा लिएपछि उनले आफ्नो हृदयमा लागेको घाउलाई निको पार्न गोमाईंकुण्डमा गएर शान्तिसँग बस्ने निधो गरे । यसरी अमरसिंहको जीवनकथा पूरा हुन्छ ।

अमरसिंह आज हाम्रा बीचमा छैनन् तैपनि उनको कीर्ति र संझना नेपाल र नेपालीसँग सधैं ताजा छ ।

अभ्यास

शब्द र अर्थ

देश भक्त – देशको भक्ति गर्ने देशप्रति वफादार

सैनिक – सिपाही

बुता – बल, वर्गत, शक्ति

फत्ते गर्नु – पूरा गर्नु, सिद्ध गर्नु
चरितार्थ गर्नु, उद्देश्य पूरा गर्नु

प्रस्ताव – कुनै कामको स्वीकृतिका निम्ति प्रस्तुत गरिएको विचार वा प्रसंग

विरोचित – वीरहरूको लागि योग्य

तैनाथ – हैकम, अधीन

१. प्रश्नहरू

(क) बाघ बूढा को हुन् ?

(ख) अमरसिंह बहादुरशाहका सहायक भई कुन युद्धमा गए ?

(ग) अंग्रेजसँग युद्ध गर्ने कुरामा अमरसिंहको कस्तो विचार थियो; स्पष्ट गर ।

(घ) अंग्रेजहरूले लेखेको चिठीलाई अमरसिंहले के कस्तो जवाफ दिए ? बताऊ ।

(ङ) अमरसिंहलाई अंग्रेजहरूसँग सन्धि गरेको किन मन परेन ?

(च) नेपाललाई अमरसिंहले दिएको योगदान बारे वर्णन गर ।

२. वाक्यमा प्रयोग गर

हारजीत, सहायक हुनु, जाइलाग्नु, बींडोथाम्नु, काम फत्तेगर्नु ।

३. तलका उखानको अभिप्राय लेखी वाक्यमा प्रयोग गर

हुने बिरुवाको चिल्लो पात ।

व्याकरण

(क) मलाई रातो लुगा राम्रो लाग्छ ।

(ख) मीठो खाना खाने कहर सबैलाई हुन्छ ।

(ग) धमिलो पानी पिउँदा रुघा लाग्छ ।

(घ) गुणी मानिसलाई सबैले कदर गर्छन् ।

(ङ) अलिकति दूध पिएर जाऊ ।

(च) सय रुपैयाँसम्म सापटी देऊ ।

माथिका वाक्यमा क्रमशः" "रातो, मीठो, धमिलो, गुणी," गुणबोधक विशेषण, अलिकति परिमाणबोधक विशेषण र सय संख्याबोधक विशेषण शब्द हुन् । नाम भएका अगाडि, पछाडि आई नामका विषयमा विशेष कुरा बताउने शब्दलाई विशेषण भन्दछन् ।

तलको तालिका हेर्नोः–

गुणबोधक विशेषण	परिमाणबोधक विशेषण	संख्याबोधक विशेषण
मोटो, दुब्लो, मीठो, तीतो रातो, बूढो, असल, गुणी खराब, राम्रो, मूर्ख, स्वाँठ, नकच्चरो, , धमिलो, पाल्पाली नेपाली, कालो, ठूलो, सानो आदि ।	अलिकति, धेरै, सबै, आधा, थोरै, तमाम, यति, उति, केही आदि ।	चार, दश, पाँच, सय पहिलो, चौथो, दुई, नौ, चालीस आदि ।

१. तलका वाक्यमा आएका विशेषण शब्द छुट्टाइ नी के कस्ता खालका हुन्, स्पष्टसँग लेख

(क) मोटो मानिस भद्दा हुन्छ ।

(ख) तमाम काम सकिएछ ।

(ग) केही समय पर्खं ।

(घ) दश वटा सुन्तला किनेर ल्याऊ ।

(ङ) नेपाली टोपी चिटिक्क सुहाएको छ ।

(च) दोस्रो मानिस पनि आइपुग्यो ।

(छ) असल केटालाई सबैले माया गर्छन् ।

(ज) लजालु केटी बाठा हुन्छन् ।

(झ) थोरै खर्च गर्ने बानी बसाल ।

२. तलका विशेषण शब्दको प्रयोग गरी वाक्य बनाऊ

खराब, बेस, आधा, नौ, तीस, ठिमीले, सानो, धूर्त, धीर, ज्ञानी ।

३. तलका नामबाट विशेषण शब्द बनाऊ

(जस्तैः– दैलेख – दैलेखे) पहाड, गाउँ, शहर, घर, दूध, अछाम ।

प्रजातन्त्र प्रेमी श्री ५ त्रिभुवन

शाहवंशका एउटा ज्वजल्यमान तारा श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवको गुण जतिसुकै कण्ठले गाए पनि अधूरै रहन्छ । मौसूफको प्रजातन्त्र प्रेम, उदारता र सहिष्णुताको बयान गरेर साध्यै छैन । यसैले हामी मौसूफमा हार्दिक श्रद्धा र भक्ति अर्पण गर्दै मौसूफलाई राष्ट्रपिता भन्दछौं । यस्ता प्रजाप्रेमी राष्ट्रपिता श्री ५ त्रिभुवनको जन्म वि.सं. १९६३ साल आषाढ महीनामा भएको हो । राष्ट्रपिता श्री ५ त्रिभुवनबाट नै नेपालमा प्रजातन्त्रको जग बसालिबक्सेको हो ।

प्रजातन्त्र भनेको जनताको हित गर्ने शासन प्रणाली हो । नेपालमा २००७ सालमा प्रजातन्त्रको शुरूआत भयो । २००७ साल अघि १०४ वर्षसम्म राणा शासकहरूले जनताको सबै

अधिकार आफ्नो हातमा लिएर हाम्रो देशमा एकतन्त्री हुकुमी शासन चलाएका थिए । राणा-हरूको एकतन्त्री शासनमा नेपाली जनता परतन्त्र थिए । राणा शासनमा जनताले ठूलाठूला पदमा रही काम गर्न पाउँदैनथे । पढ्न, लेख्न र मनमा लागेका कुरा बोल्न पाउँदैनथे । यसरी २००७ साल अघिको १०४ वर्षसम्मको लामो समय जनताको अधिकार खोसिएको अन्धकारपूर्ण युग थियो ।

हुन त राणाहरूले शासन हत्याउनु भन्दा पहिले नेपालमा प्रजातान्त्रिक शासन चलेको थियो । नेपालको एकीकरण गरेपछि पनि श्री ५ बडा महाराजाधिराज पृथ्वीनारायण शाहले जनताको इच्छा बमोजिम शासन चलाई सबै जनतालाई सन्तुष्ट पारेको धेरै उदाहरणहरू पाइ-न्छन् । "प्रजा जसदेखि राजी रहन्छन्, उसैलाई कजाईं दिनू" भन्ने श्री ५ बडा महाराजाको उक्ति नै छ । तर विक्रम सम्वत् १९०३ मा जंगबहादुर राणाले नेपालको शासन हत्याएपछि बिस्तारै राज्यको हर्ताकर्ता नै राणाहरू हुन थाले । यसरी भर्खरै विकसित हुनलागेको प्रजातन्त्र बिलाउँदै गयो र राणाहरूले हुकुमी शासन चलाउन थाले । यस प्रकार १०४ वर्षसम्म राणाहरूले हाम्रो देशमा एकतन्त्री शासन चलाए ।

राजा र जनता सधैं यसरी राणाहरूको थिचोमिचो सहेर बस्न सक्तैनथे । यसैले १९६८ सालमा श्री ५ त्रिभुवनको राज्यारोहण भएपछि बिस्तारै देशमा प्रजातन्त्रको बीउ रोपिन थाल्यो । बिस्तारै बिस्तारै जनतामा नयाँ चेतना पैदा हुँदै गयो । श्री ५ त्रिभुवनबाट पनि जनतासँग सम्पर्क राख्न चाहिबक्सियो । राजा र जनताको सोझै सम्पर्क हुन नपाए पनि भावना एउटै थियो । १९९३ सालमा काठमाडौंमा नेपाल प्रजापरिषद्को गठन भयो । यस संस्थाको उद्देश्य पनि राणा शासनको अन्त गरी नेपालमा प्रजातन्त्रको स्थापना गर्नु थियो । भित्रभित्रै श्री ५ त्रिभु-वन र प्रजाको बीचमा सम्पर्क हुनथाल्यो । उता भारतमा बसेका शिक्षित युवकहरू पनि राणा शासनको विरोधमा संगठित हुँदै थिए, तर यता राणाहरूको दमनचक्र पनि बढ्दै थियो । देशभित्र सयौं युवकहरू थुनिए । कतिलाई राणाहरूले निर्ममतापूर्वक र कतिलाई झुण्ड्याएर गोली हानी मारे । यसले गर्दा नेपाली जनता भित्रभित्रै आगो मइराखेका थिए । त्यस बखत राणा शासन पल्टाउनका लागि आँटिलो जनप्रेमी नेता चाहिएको थियो । यस्ता आँटिला जनप्रिय नेताको रूपमा नेपालीले आफ्नै प्यारा राजा श्री ५ त्रिभुवनलाई पाए । श्री ५ त्रिभुवनबाट नेपाली जनताको चाहनाको कदर गरिबक्सी गद्दीको बाजी लगाई २००७ सालमा राजदरबार-बाट बाहिर निस्किबक्सियो । मौसूफले राणाहरूको पंजाबाट निस्किएर भारत सवारी भई त्यहीं-बाट राणाहरूका विरुद्ध नेपाली जनतालें गरेको क्रान्तिमा नेतृत्व प्रदान गरिबक्सियो ।

यसरी जनताको क्रान्तिमा राजाको पनि साथ पाएपछि भारतमा बसेका युवकहरू पनि धमाधम नेपालभित्र प्रवेश गरी क्रान्तिलाई जोडबोडले अघि बढाउन लागे । देशभरि क्रान्ति

फैलियो । आखिर राजा र जनताको संयुक्त हाँकको अगाडि राणा शासकहरूले शिर झुकाउन करै लाग्यो ।

२००७ साल फागुन ४ गतेका दिन श्री ५ त्रिभुवनको स्वदेश फिर्ती सवारी भयो । अनि सोही फागुन ७ गतेका दिन राणाहरूका हातबाट जनताका अधिकारहरू फिर्ता लिई देशमा प्रजातन्त्रको उदयको घोषणा गरिबक्सियो । नेपालको इतिहासमा नेपाली जनताको निम्ति त्यो भन्दा खुशीको दिन कहिले हुन्थ्यो ? एकातिर त्यो दिन सबै नेपालीहरू हर्षले गद्‌गद् भएका थिए भने अर्कोतिर जनताको क्रान्तिमा राजगद्दीको बाजी लगाई जनतालाई साथ दिने अनुपम राजाको रूपमा श्री ५ त्रिभुवनको अद्वितीय इतिहास लेखिदै थियो । यसरी हाम्रो देशमा प्रजातन्त्रको उदय भयो । प्रजातन्त्रको उदयले गर्दा हामी नेपालीहरूले पढ्ने, लेख्ने अवसर पायौं । आज हामीहरूले देश विकासका लागि मौका पाएका छौं । यो कुरा प्रजातन्त्रको देन हो । आज हाम्रो देशमा प्रजातन्त्रको उदय भएको छ र हामीलाई प्रजातन्त्रको अभ्यास गर्ने मार्ग खुलाएको छ । नेपालमा प्रजातन्त्रको जग बसाल्ने राष्ट्रपिता श्री ५ त्रिभुवनको वि. सं. २०११ साल फागुन महीनामा स्वर्गारोहण भयो । नेपालीहरू प्रजातन्त्रको विकासमा मौसूफबाट भएको योगदान प्रति सधैं आभारी रहने छन् ।

अभ्यास

शब्द र अर्थ

शासनप्रणाली	– शासन गर्ने प्रथा, शासन गर्ने तरीका
प्राचीन	– पुरानो
एकीकरण	– एउटै बनाउनु
कजाई	– काजीको पद
उक्ति	– भनाइ
एकतन्त्री शासन	– एक जनाको हातमा राज्यको संपूर्ण अधिकार रहेको व्यवस्था
राज्यारोहण	– राजसिंहासनमा बस्ने काम
दमनचक्र	– थिचोमिचो
निर्ममतापूर्वक	– माया नराखी
जनप्रिय	– जनताको प्यारो
अनुपम	– त्यस्तै अर्को नभएको
अद्वितीय	– दोस्रो नभएको
जाज्वल्यमान	– चम्किलो
स्वर्गारोहण	– मृत्यु

मुक्तकण्ठ – खुलादिलले
हार्दिक – दिलैदेखि
योगदान – देन
हर्ताकर्ता – कुनै काममा मुख्य भएर रहने व्यक्ति

१. प्रश्नहरू

(क) प्रजातन्त्र भनेको के हो, आफ्ना शब्दमा लेख ।
(ख) राणाहरूले कति वर्षसम्म निरंकुश शासन चलाए, बताऊ ।
(ग) श्री ५ त्रिभुवनबाट के के कार्य गरिबक्सियो, खुलस्त बयान गर ।
(घ) श्री ५ त्रिभुवनलाई किन राष्ट्रपिता भनिन्छ, कारण दिई स्पष्ट पार ।
(ङ) नेपालमा प्रजातन्त्रको उदय कहिले भयो, लेख ।

२. नेपालमा प्रजातन्त्रको उदयवारे एउटा छोटो निबन्ध लेख ।

३. वाक्यमा प्रयोग गर

हत्याउनु, थिचोमिचो, बाजीलगाउनु, आगोहुनु, मुक्तकण्ठ ।

४. तलका शब्दहरू शुद्ध उच्चारण गर

स्वर्गारोहण, हार्दिक, हर्ताकर्ता, निर्ममतापूर्वक, अद्वितीय ।

५. तलका विशेषणहरूको नाम बनाई वाक्य बनाऊ

एकतन्त्री, हुकुमी, आँटिला, नेपाली ऐतिहासिक ।

६. तलका शब्दहरूको लिंग बदलेर वाक्य बनाऊ

राजा, युवती, छात्र ।

व्याकरण

(क) बाटो हिंड्दा अगाडि पछाडि हेर्नें गर्नुपर्दछ ।
(ख) यहाँ कोही पनि आएको छैन ।
(ग) यति रुपैयाँ राखिछाड ।
(घ) यसरी बरालिनु हुँदैन ।

यी वाक्यमा आएको "अगाडि, पछाडि, यहाँ, यति, त्यसरी," अव्ययबोधक शब्द हुन् । सबैतिर एउटै रूप हुने र "यसरी, त्यसरी, कसरी" जस्ता शब्दबाहेक अन्यत्र प्रायः ह्रस्व लेखिने शब्द अव्ययका रूपमा भिन्न पर्दछन् । यसरी, कसरी जस्ता अन्तमा अरी र तरी प्रत्यय लागेका ५ वटा शब्द लेखी देखाऊ ।

विद्यालयको इज्जत

(बिहानको मिरमिरे छ। रामु आफ्नो घरको एउटा कोठामा सुतिराखेको छ। हतार हतार श्यामु आएर ढोका ढ्याङ्ग गर्छ। रामु! भन्ने आवाज सुनेर रामु उठ्छ, ढोका खोल्छ।)

रामु:– ओहो, श्याम! कति चाँडै? हतार हतार गरेर किन आएको हँ?

श्यामु:– रामु हाम्रो विद्यालयको परीक्षाफल निस्क्यो नि हिजो। म दोस्रो भएछु, पहिला हुन सकिन। पोहोर साल पाँचौ कक्षामा तेस्रो भएको थिएँ। यो साल त दोस्रो भएछु।

रामु:– खुशीको कुरा सुनायौ। बधाइ छ, बधाइ। हाम्रो विद्यालयको पनि परीक्षाफल निस्क्यो। म प्रथम भएछु। अब सातौं कक्षामा पनि हामीहरूले मिहिनेत गरेर पढ्नुपर्छ बुझ्यौ?

श्यामु:– हेर भाइ, के गर्ने, मत कहिल्यै पहिला हुन सकिन? किन हो किन मलाइ त त्यो विद्यालय छोडेर अर्को विद्यालयमा सरूँ कि भन्ने लागिसक्यो। भन न रामु, तिम्रो विद्यालयमा जाऊँ कि? सैंगसँगै पढौंला हुँदैन र?

रामु:– नहुने कुरा त के छ र। छुट्टाछुट्टै विद्यालयमा पढ्दा पनि सँगै पढ्नु त राम्रो हो। हामी आखिर बिहान–बेलुकी बराबर एक ठाउँमा जम्मा भई पढ्ने गरेकै छौं। तर पहिला हुनको लागि विद्यालय छोड्छु भन्नु त मूर्खता सिवाय केही होला जस्तो लाग्दैन। अरू कारण छ भने त मेरो भन्नु केही छैन।

श्यामु:– विद्यालय छोड्ने इच्छा गरेको अर्को कारण त केही छैन।

रामु:– श्यामु, तिमी विद्यालय छोड्छु भन्छौ। तिम्रै विद्यालयमा बल्लतल्ल उत्तीर्ण हुने, परीक्षामा सफल हुन नसक्ने विद्यार्थीहरूको अवस्था कस्तो होला सम्झ त?

श्यामु:– अरूअरूभन्दा म निकै मिहिनेत गरेर पढ्छु नि। बिहान ४ बजेदेखि ६ बजेसम्म पढ्छु। फेरि बेलुका ५ बजेदेखि १० बजेसम्म पढेको कहाँ जाओस् नि।

रामु:– तिम्रै जतिको अथवा तिम्रोभन्दा बढी मिहिनेत गर्ने पनि छन् कि, तिमीलाई के थाहा?

(ढप्क्याएको ढोका उघ्रन्छ, रामुका दाजु प्राध्यापक कृष्णप्रसाद भित्र पस्छन्।)

कृष्णप्रसाद:– तिमीहरूको के को छलफल हो यस्तो?

(रामु र श्यामु मुखा मुख गर्छन्, केही बेरपछि रामुले श्यामुको गुनासो दाजुलाई सुनाइ दिन्छ)

श्यामु:– (आनो स्वरमा रिसाएजस्तो गरेर) कस्तो, सबै कुरा बताएको, भैगो।

कृष्णप्रसाद :– हेर श्यामु, केटा केटी अवस्थामा यस्तै हुन्छ । मलाई पनि पहिले त्यस्तै लाग्थ्यो । पहिला हुनु, बल्लतल्ल सफल हुनु, असफल हुनुमा विद्यालय दोषी हुँदैन। आफ्नो परिश्रम चाहिन्छ। त्यतिले मात्र पनि पुग्दैन आफ्नो योग्यतालाई पनि बढाउँदै जानुपर्छ। विद्यालय बदल्दैमा पहिला हुने भए, तीन तीन दिनमा बदले भैगो नि। भैगो अहिले त विद्यालय बदलौला रे प्रवेशिका परीक्षामा गएर विद्यालयले के गर्छ ? उसले पहिला, दोस्रा गराउने होइन। अहिलेदेखि नै परिश्रम गरेर योग्यता बढाउँदै जाओ, अभ्यास गर, अनि प्रवेशिकामा गएर को पहिला, को दोस्रा, त्यस बेला तिमीहरूको राम्रो मूल्यांकन हुन्छ। कसले कुन विद्यालयको इज्जत राख्ने, कसले नाम राख्ने त्यसबेला थाहा हुन्छ। विद्यालयको, शिक्षकहरूको र अन्त्यमा राष्ट्रकै इज्जत विद्यार्थीले राखिदिनुपर्छ। बरनाम गरेर के फाइदा ? दुइटा विद्यालयमा पढेका विषयहरू आपसमा छलफल गर, पढ, नजानेका कुरा शिक्षकहरूलाई सोध, त्यो पो राम्रो। आफूले पढेको विद्यालय र शिक्षकहरूलाई दोष दिएर विद्यालय छाडी अर्कामा सर्ने गर्दा फाइदा हुन्छ र ? (**रामु र श्यामु ट्वाल्ल परेर कृष्णप्रसादलाई हेरिरहेका हुन्छन्।**)

रामु :– श्यामु अब त्यसै गरौं है, हुँदैन त ?

श्यामु :– दाजुले ठीक भन्नु भयो रामु, अहिले पहिला हुन नपाएर के भयो ? प्रवेशिकामा पहिला भएर विद्यालयको र गुरुवर्गको इज्जत राख्न पाए त भैगयो नि।

रामु :– हुन्छ श्यामु, त्यसै गरौं। हामी छलफल गरेर पढ्ने गरौं, नजानेको कुरा सोधौं, छलफल गरौं, एकले अर्कोलाई मद्दत गरौं ।

श्यामु :– हुन्छ, हुन्छ। (**कृष्णप्रसाद प्रसन्न हुँदै बाहिर जान्छन्। रामु र श्यामु मुखामुख गर्छन्। कृष्णप्रसाद गएपछि रामुसँग बिदा भएर श्यामु पनि आफ्नो घर जान्छ ।**)

अभ्यास

शब्द र अर्थ

परीक्षाफल – जाँचको परिणाम
बाधा – अड्चन, अड्को
मुखामुख – हेराहेर
योग्यता – क्षमता
मूल्यांकन – जाँच गर्ने, पारख गर्ने काम

१ प्रश्नहरू

(क) श्यामुलाई किन पीर परेको थियो, लेख ।

(ख) रामु र श्यामुको के कुरामा छलफल भयो, स्पष्ट पार ।

(ग) कृष्णप्रसादले रामु र श्यामुलाई के सल्लाह दिए, स्पष्ट भन ।

(घ) विद्यार्थीले विद्यालयको इज्जत कसरी राख्नुपर्छ, आफ्नो विचार लेख ।

२. असल विद्यार्थी भन्ने शीर्षकमा दुई जनाको बीचमा भएको संवाद लेख ।

व्याकरण

क्रिया विशेषण

सुस्तरी जाऊ। बिस्तारै बस । गोपाललाई झट्टै डाक । बेसरी दगुरें । राम्ररी पढ ।

यी वाक्यमा क्रियाले गर्न खोजेको कामका विषयमा "सुस्तरी, बिस्तारै, झट्टै, बेसरी र राम्ररी" भन्ने शब्दले विशेष कुरा बताएकाले यी क्रिया–विशेषण बनेका छन् । क्रियाका बारेमा विशेष कुरा बताउनेलाई क्रिया विशेषण भन्दछन् ।

तल दिइएका क्रिया–विशेषणको प्रयोग गरी वाक्य बनाऊ

सरासर, फटाफट, सुक्क, छिटो–छिटो, सलक्क, राम्ररी, बेसरी, झट्ट, अनालिएर ।

सबैले खाएपछि खाने राजा महीन्द्र मल्ल

राज खान्दानको सुखसयल र सबै कुराको पुगिसरी भएका राजा महीन्द्र मल्लको प्रजाप्रेम पनि अनुपम नै थियो । उनी प्रत्येक प्रजाको सुख–दुःखलाई आफ्नै सुख–दुःख सम्झन्थे । सबै भजालाई एक परिवार मानेर स्नेह र प्रेम गर्थे । उनका राज्यमा सबै मानिस सुखी र सन्तुष्ट थिए । राजकाज रामोसँग चलेको थियो । यसरी राजा–प्रजाको बीच एकै घरका जहानजस्तो

बाया र ममता भएकोले नै राज्यमा कुनै मानिस मरेको थाहा हुने बित्तिकै राजा महीन्द्र मल्ल झाक जुठो बारिहाल्थे । यो त उनको लागि सनातन नियम जस्तै भैसकेको थियो। त्यस समयको

राजदरबार हनुमान ढोका र बसन्तपुरको बाटो गरी मूर्दा लैजान लागेको देखेपछि खाँदाखाँदै गाँस पनि छाडिदिन्थे । यसो हुँदा कुनै कुनै बेला त कैयौं दिनसम्म पनि राजा भोक भोकै पर्थे । तर यसो गर्नु परेकोमा उनलाई कुनै चिन्ता र दुःख लाग्दैनथ्यो । यो त उनले आफ्नो धर्म नै मानेका थिए।

राजा महीन्द्र मल्लमा अझ बढ्ता प्रजा प्रेम देखिने अर्को गुण पनि थियो । त्यो के भने महीन्द्र मल्ल आफ्नो राज्यमा एक जना मानिस पनि भोको रहेमा आफूले खानु ठूलो पाप सम्झन्थे। यसो भएकाले आफ्ना राज्यका सबै प्रजाले खाए भन्ने समाचार नआएसम्म उनी खाँदैनथे। आफ्ना सबै प्रजाले खान पाए–नपाएको कुरा बुझ्नका लागि दिनहुँ राजाले दरबारका कर्मचारीहरू-लाई ठाउँठाउँमा पठाउँथे । यतिले पनि चित्त नबुझेर राजा आफैं पनि दरबारको सबभन्दा माथिल्लो तलाको झ्यालमा बसेर दिनहुँ सबैतिर हेर्दथे । सबैको घरमा धूरीबाट धूँवा निस्केको देखेपछि मात्र उनको चित्त बुझ्दथ्यो । अनि मात्र आफैं खाना खान्थे ।

आफ्ना सबै प्रजाहरूलाई सुखसँग पालनपोषण गर्ने कामलाई आफ्नो मुख्य धर्म सम्झन्थे । यी राजाले जनतालाई कुनै दुःख नहोस् भनेर आवश्यकता अनुसार राजकोषबाट चाहिंदो धन–सम्पत्ति बाँड्ने व्यवस्था पनि मिलाएका थिए । बिस्तारै राज्यको जनसंख्या र बस्ती समेत बढ्दै गएपछि घरहरू पनि अग्ला बन्दै गए । शहर ठूलो हुँदै गयो । अब पहिले झैं दरबारको झ्यालबाट सबै घर धूँवाएको देख्न सक्दैन थे । अब सबै देशबासीले खाए – नखाएको कुरा आफ्नै आँखाले कसरी हेर्रौला ? अब मेरो धर्म के गरी रक्षा होला भनी राजालाई चिन्ता हुन लाग्यो। यस्तै चिन्ताले राजा महीन्द्र मल्ल दुःखी हुन थाले । यस्तो देखेर सबै भाइ–भारदार-लाई पनि पीर पर्नथाल्यो । सबै जना राजाको पीर र चिन्ता हटाउने उपाय सोच्न थाले । आखि-रमा सबै एउटा निर्णयमा पुगे र तलेजु भवानीको अग्लो मन्दिर बनाउन लगाए । राज्यका सबै घरहरू देख्नसकिने तलेजु भवानीको मन्दिर बनेपछि राजालाई सन्तोष र आनन्द भयो । यसपछि यस मन्दिरको माथिल्लो भागबाट राजाले सबतिरका घरहरूबाट धूँवा आए नआएको हेरेर चित्त बुझाउन थाले ।

आफ्ना राज्यका सबै बासिन्दाहरू कसरी सुखी होलान् भन्ने नै महीन्द्र मल्लको सबभन्दा ठूलो चिन्ताको विषय थियो । यसो हुनाले नै राजा भएर पनि महीन्द्र मल्ल सबै प्रजाले खाएपछि मात्र आफू खाने गरेका थिए। राजकोषबाट समेत देशवासीका लागि खानपानको व्यवस्था गरेका थिए ।

यसरी पहिले आफ्ना प्रजाहरूका लागि खानपानको राम्रो प्रबन्ध गरिसकेपछि महीन्द्र मल्लले राज्यका निर्माण र सुधारका काम गर्न थाले । यी राजा निकै धर्मात्मा थिए । राज्यको भलाइका लागि, आफ्ना प्रजाको कल्याण र सुधारका लागि समेत यिनले देवी–देवताको मन्दिर र पाटी पौवाहरूको निर्माण गराए । यिनका सुधार–कार्यहरू मध्ये आफ्नो राज्यभरि बढी मात्रामा

स्वदेशी वस्तुहरूको चलन चल्ती गराउनु प्रमुख हो । सधैं सुधारका लागि केही गरौं र गरिरहुँ भन्ने भावना भएका राजा महीन्द्र मल्ललाई यति गरेर मात्र चित्त बुझेन । यसैले सर्वप्रथम चाँदीका टक कटाई नेपाली मुद्राको चलनचल्ती पनि गराए । यसरी पहिलो पटक महीन्द्र मल्लले चलनमा ल्याएका हुनाले उनको समयको मोहोरलाई मात्र होइन, नेपाली मुद्रालाई नै पनि महीन्द्र-मल्ली भनेको सुनिन्छ ।

सुधार र निर्माणको भावना भएका, धर्मात्मा र आफ्ना सबै प्रजाहरूको खूब राम्रो हेरविचार गर्ने राजा महीन्द्र मल्ल, राजाहरू मध्ये निकै नै ख्यातिप्राप्त राजा हुन् । उनको शरीर मरेर गए पनि नेपाल र नेपालीका लागि उनले आफ्नो कीर्तिका रूपमा नेपाली मुद्रा, तलेजुको मन्दिर आदि छोडेर गएका छन् । यसै हुनाले महीन्द्र मल्लको कीर्ति–कथा अमर भएको छ ।

अभ्यास

शब्द र अर्थ

अनुपम – उपमा नभएको, जोडा नभएको
प्रजा – जनता, दुनियाँ
राजकोष – राजाको ढुकुटी
पालनपोषण – पाल्ने–पोस्ने काम

१. प्रश्नहरू

(क) महीन्द्र मल्लले किन तलेजु मन्दिर बनाउन लगाए, स्पष्ट गर ।
(ख) महीन्द्र मल्ल किन भोकभोकै पर्थे, कारण देऊ ।
(ग) महीन्द्र मल्ल के को लागि धेरै चिन्ता गर्थे, बयान गर ।
(घ) महीन्द्र मल्लले गरेका मुख्य मुख्य काम के के हुन्, भन ।

व्याकरण

गर्नु, भन्नु, सक्नु र जानु क्रियापदहरूको वर्तमान, भूत र भविष्यत्कालका रूपावली देऊ ।

संयोजक

गोकुल भुख धुन्छ र पढ्न थाल्छ । तिमी आयौ भने म जान्छु ।
सीता पनि गई, शोभा पनि आइपुगी । म भोलि वा पर्सि जान्छु ।

यी वाक्यमा आएका "र" "भने" "पनि" "वा" पदले एक वाक्य र अर्को वाक्य वा एक शब्द र अर्को शब्दका बीचमा सम्बन्ध जोडेका छन् । यसरी वाक्य र शब्द शब्दका बीचमा सम्बन्ध जोड्ने पदलाई संयोजक भन्दछन् ।

तलका दुई दुई वटा वाक्यलाई संयोजकद्वारा जोड

- सुरेश पढ्छ । राम पढ्छ ।
- सुशीला जान्छे । लक्ष्मी आउँछे ।
- तिमी पखिराख । म बोलाउँछु ।
- तिमी पास हुन्छौ ।
- बादल लाग्यो । पानी आएन ।

कलाकार गणेशलाल

परमेश्वरले कसै कसैलाई आँखामा प्रकाश नदिए पनि उसका सीपमा प्रकाश भरिदिएका रहेछन् । यो कुरा हाम्रा कलाकार गणेशलाल मै देखियो । कला, सीप, साधना; विनम्रता आदि विद्यारूपी गुण हुन् । गणेशलालमा यी सबै गुणहरू खचाखच थिए ।

ललितपुरमा जन्मिएर हुर्किएका गणेशलाल सबै किसिमका बाजा बजाउन जान्दथे । साँच्चै भन्ने हो भने उनलाई जित्न जसतसलाई मुश्किलै पर्थ्यो । उनी स्वर, ताल, लय मात्र जान्ने होइनन् कि जुनसुकै बाजा पनि एक पटक छुन पाएपछि छामछुम गर्दागर्दै त्यसमा

एउटा नयाँ धून झिकिहाल्दथे। उनका अगाडि कस्तै विशेषज्ञ पनि हार खान्थे। हातले बजाउने करताल, औंलाले बजाउने सीतार, रेट्ने सारंगी, फुक्ने मुरली–कलांट, र नौरंगी, न्याउरी, जल-तरंग, बेन्जो जुनसुकै नाम नसुनिएका बाजा पनि उनको निमित्त खेलौना समान हुन्थे।

उनले हारमोनियम, सीतार आदि बाजाहरू सब एकै पटक ठीक स्वरतालमा बजाइदिएको देख्दा बडेबडे बादकहरू जिभ्रो काट्थे र उनका सामु आफूलाई बालक मान्दथे। "कलाकारले तपस्या गर्नु पर्छ ख्याल ख्याल होइन" भन्ने उनको धारणा थियो। यसरी बाल्यकालदेखि साधना र तपस्या गर्ने ख्याति पाएका गणेशलालले बूढो हुञ्जेल पनि कोहीसँग पराजित हुनु परेन।

गणेशलालले इन्द्र राज्यलक्ष्मी पुरस्कार पाए। उनले नेपालमा मात्र मान्यता पाएका होइनन्। विदेश र विदेशीबाट पनि प्रशस्त प्रशंसापत्र र पुरस्कारहरू पाएका थिए।

उनको जीवनमा अनौठा अनौठा घटनाहरू घटेका छन्। एक पल्ट विदेशबाट ल्याएको एउटा आधुनिक बाजा कसैले पनि बजाउन सकेनन्। गायक र वादकहरू सबै दिनहुँ जुक्ति गरेर पनि थाक्दै जान्थे। बाजा भने ठीकसँग बज्दै बज्दैनथ्यो, खुल्दैखुल्दैनथ्यो। त्यसको भेउ पाउन सक्ने कोही भएन। आखिरमा त्यो बाजा गणेशलाललाई दिइयो। त्यो पनि बज्छ भनेर होइन वास्तवमा उनलाई पनि केही खिस्याउन पाइने आशाले मात्र दिएको हो। उनले वल्टाई पल्टाई छामछुम गरेर केही छिनपछि नै त्यसलाई खोलिदिए र स्वर ताल मिलाई त्यो बाजा बजाई दिए। यस्तो घटना एक पटक र एक ठाउँमा मात्र भएको होइन धेरै पटक धेरै ठाउँमा भएको थियो।

यसरी गणेशलालले जीवनको आदिदेखि संगीतको संसार सुन्दर र सफल पारे। तर त्यो सफलता, कुशलता उनैसँग बिलाएर गयो। यस्तै गरी नेपालका कैयौं कलाकारहरू बिलाए, ती सबैको गुण लिनसक्ने अर्को कलाकार भइदिएको भए जुनसुकै क्षेत्रमा पनि हामी पछि पर्ने थिएनौं। यही खेद छ। तैपनि नेपाली संगीतको क्षेत्रमा उनको साधना बिर्सिनसक्नु छ।

अभ्यास

शब्द र अर्थ

विनम्रता	– नरम चाला, भलाद्मीपना
वाद्यसंगीत	– बजाउने संगीत
विशेषज्ञ	– विशेष जान्ने
गण्यमाण्य	– मान्नुपर्ने
बाल्यकाल	– बालक अवस्था
पराजीत	– हरुवा
प्रशंसापत्र	– गुणगानको पत्र

पुरस्कार – इनाम, उपहार
वादक – बजाउने
नवीन वाद्ययन्त्र – नयाँ किसिमको बजाउनेबाजा
निपुणता – सिपालुपन, दक्षता

१. प्रश्नहरू

(क) गणेशलाल कस्ता थिए, उनलाई परमेश्वरले के दिएनन्, बताऊ।
(ख) गणेशलालमा के के विशेषता थिए, वर्णन गर।
(ग) रूप उत्तम कि गुण उत्तम कारण दिई लेख।

विस्तार गर

"कलाकारले तपस्या गर्नुपर्छ, ख्याल ख्याल होइन" यसको भाव विस्तार गर।

व्याकरण

निपात

(क) मैले पनि त्यसै त भनेको हो नि।
(ख) तिमी पो आइपुगेछौ।
(ग) झट्ट जाऊ है।
(घ) लौ, तिमीहरू लेख्न जाओ।

यी वाक्यमा "त" नि" पो" है" लौ" निपात हुन्।

तलको तालिका राम्ररी हेर

अव्यय	क्रियाविशेषण	संयोजक	निपात
अघि, पछि, यसरी, कसरी, त्यहाँ, यहाँ, अब, अहिले, जब, तब, माथि, पर्सि, भित्र, बाहिर आदि	यस्तै, बेसरी, हुरुक्क, लुरुक्क, फनफनी, बिस्तारै, झट्ट, चाँडै, राम्ररी, छिटो, बुर्लुक्क आदि	र, तर, पनि, वा, अथवा, भने, तैपनि, जस्तो, जुन, यदि, समेत, अनि, तसर्थ किनभने आदि	ऑ, छस्, पो, न, ल, लौ, है, न, इत्यादि

३. तलका निपातको प्रयोग गरी वाक्य बनाऊ

(जस्तै "न" – मेरा घरमा पनि जानुहोस् न)

न, ह, लौ, पो, त।

आदर्श शासक अंशुवर्मा

नेपालको इतिहासमा लिच्छविकाल महत्त्वपूर्ण मानिन्छ । यस कालका शासकहरूमा अंशुवर्माको नाम अगाडि आउँछ । लिच्छवि राजा शिवदेवकी छोरीसँग अंशुवर्माको विवाह भएको थियो । अंशुवर्मा कलाप्रेमी र विद्वान् मात्र थिएनन् एक आदर्श शासक पनि थिए । ज्वाईंको नाताले शासनकालमा यिनले प्रवेश गरेका थिए । शिवदेवले शुरूमा

यिनलाई मन्त्री पदमा राखेर काम लगाएका थिए । आफू बूढा हुँदै गएपछि शिवदेवले सम्पूर्ण राज्यको काम अंशुवर्मालाई सुम्पिए । फलस्वरूप राज्यको हर्ताकर्ता अंशुवर्मा नै भए ।

त्यस ताका मानिसमा धर्मप्रति ठूलो आस्था थियो । अंशुवर्मा शैव धर्म मान्दथे । उनका पालामा बनेका प्रशासकीय भवनलाई कैलाशकूट भवन भनिन्थ्यो । शैव भएकोले नै आफ्नो दरबारको नाम कैलाशकूट राखेका थिए । अंशुवर्माकी रानी वैष्णव धर्म मान्दथिन् । त्यस बेला

विभिन्न धर्म र विचारमा मेलमिलाप थियो । यसबाट यिनको शासनकालमा मानिसलाई आफूले चाहेको धर्म अंगाल्ने स्वतन्त्रता थियो भन्ने जानकारी हुन्छ ।

यिनको शासनकालमा कला र संस्कृतिको निकै उन्नति भएको थियो । यिनकै पालामा बनेको कैलाशकूट भवन नेपाली कलाले सिंगारिएको थियो भन्ने भनाइ छ । यही भवनमा रहेर शासन गर्दथे । नाटक खेलाउने चलन पनि त्यसबेला चलिसकेको थियो । त्यस ताका यस्ता कुराहरूको प्रशंसा गरेर चिनियाँ यात्री हुयान साँगले लेखेको पाइन्छ । अंशुवर्माले धेरै पुस्तकहरू पनि लेखेका थिए । यसरी नेपाली कला, संस्कृति र विद्याको विकासमा अंशुवर्मा लागेका थिए । कलाकारहरू समय समयमा पुरस्कृत हुन्थे । संस्कृतिको पालन राम्ररी भएको थियो । यस प्रकार सबै कुराको उन्नति हुनुमा अंशुवर्माको ठूलो हात रहेको देखिन्छ ।

अंशुवर्मा काम गर्दा पछिसम्मको विचार गर्दथे । यिनले आफ्नो राज्यलाई बलियो बनाउन अनेक उपाय गरे । त्यस बेला भारतमा हर्षवर्द्धन राज्य गर्दथे । त्यसै उत्तरतर्फ तिब्बतमा स्रङ चङ गम्पो शासन गर्दथे । उत्तर र दक्षिण दुवै तर्फका शासक आफ्नाआफ्ना राज्य फैलाउने दाउमा थिए । त्यस्तो अवस्थामा नेपाललाई सुरक्षित राख्नु गाह्रो काम थियो । तर पनि अंशुवर्मा विचारवान् शासक भएकोले दुवैसँग मित्रता बढाए । भोटका राजा स्रङ चङ गम्पोसँग राज कुमारी छोरी भृकुटीको विवाह अंशुवर्माले गरिदिएका थिए । यसले गर्दा भोटसँग नेपालको राम्रो सम्बन्ध कायम भयो । दक्षिणतिर भारतसँग पनि यिनले राम्रो सम्बन्ध राखे । छिमेकी देशहरूसँग राम्रो सम्बन्ध भएमा आफ्नो देश सुरक्षित हुन्छ भन्ने अंशुवर्माको विचार थियो । दुवैतर्फका शासकहरूसँग नेपालको सम्बन्ध राम्रो थियो । यसरी यिनकै पालादेखि छिमेकी देशहरूसँग मित्रता कायम गर्ने चलन चलेको देखिन्छ ।

अंशुवर्मा एक कुशल र आदर्श शासक थिए । यिनले नेपाली कला र संस्कृतिको प्रचार चीनसम्म गराएका थिए । यिनी कसैसँग हात जोड्दैनथे भन्ने कुरा उनका शिलालेखबाट थाहा पाइन्छ ।

उनको व्यक्तित्व उच्च थियो । कसैले पनि यिनलाई दबाउन सक्तैनथ्यो । उनी शक्तिशाली, पराक्रमी र विचारवान् राजा थिए । उनी मरेर गएको धेरै वर्ष भए पनि उनको व्यक्तित्व मरेको छैन । उनको शरीर यहाँ नभए पनि उनको काम बिर्सन सकिएको छैन । उनको कामको कदर आज पनि झन् बढी हुँदैछ । आज हामी उनलाई नेपालका एक राष्ट्रिय विभूतिको रूपमा आदर गर्दछौं । उनले झैं हामीले पनि देशमा आफ्नै कलाको विकास गर्नुपर्दछ, संस्कृतिको रक्षा गर्नुपर्दछ । अनि उनको काम र व्यवहार जानेका हामीलाई फाइदा हुनेछ । खास गरी उनका पालामा नेपाली कला र नेपाली संस्कृतिका माध्यमबाट नेपाली आदर्श चम्केको छ । त्यसैले उनी मरेर पनि अमर छन् ।

अभ्यास

शब्द र अर्थ

आस्था – विश्वास
शैव – शिवसम्बन्धी, शिवजीलाई मान्ने
वैष्णव – विष्णुसम्बन्धी, विष्णुलाई मान्ने
विचारवान् – विचार गर्नसक्ने
कुशल – निपुण, सिपालु
शिलालेख – ढुंगामा लेखिएको लेख
शक्तिशाली – शक्ति सम्पन्न, बलियो
अमर – कहिल्यै नमर्ने

१. प्रश्नहरू

(क) अंशुवर्मा को थिए, चिनाऊ।
(ख) अंशुवर्माले कसरी राज्य गर्न पाए, प्रष्ट गर।
(ग) अंशुवर्माकी छोरीको नाम बताऊ।
(घ) अंशुवर्माका मुख्य मुख्य कामहरू के के हुन्, काफीमा टिप।
(ङ) अंशुवर्मालाई आज हामी विशेष गरी कुन कुन कुराले सम्झन्छौं, स्पष्ट लेख।
(च) अंशुवर्मा मरेर पनि अमर छन्, कसरी? लेख।

२. **नाम र विशेषता छुट्टाऊ**

विचारवान्, राष्ट्रिय, राष्ट्र, संस्कृति, इतिहास, प्रशासक।

३. **निम्न शब्दहरूको उल्टो अर्थ लाग्ने शब्द देऊ**

अवस्था, राम्रो, योग्य, मित्रता, उन्नति, धर्म।

४. **खाली ठाउँमा भर**

(क) अंशुवर्मा एक कुशल र.....थिए ?
(ख) उनी मरेर पनि.....छन्।
(ग) अंशुवर्मा.....धर्म मान्दथे।

५. **निम्न सर्वनामलाई वाक्यमा प्रयोग गर**

ऊ, उसले, उनले, त्यो, त्यसले, तिनले, हामी, उनी।

(क) रमेश बिहानभरि पढ्दछ ।

(ख) रेणुले पाठ पढी ?

(ग) यसपालीको परीक्षामा तिमी प्रथम भएछौ! स्यावास् ।

(घ) राम, हरि, गोपाल र, विष्णु पौडी खेल्न गए ।

माथि दिइएका वाक्यमा चार प्रकारका चिन्हहरूको प्रयोग गरिएको छ । तीमध्ये क्रमशः प्रथम वाक्यमा कुरा पूरा बुझिइसकेकाले पूर्ण विराम चिन्ह (।) दोस्रो वाक्यमा प्रश्न गर्नु पर्ने भएकाले प्रश्न चिन्ह (?) तेस्रो वाक्यमा आश्चर्य र हर्ष आदि व्यक्त गरिएकोले उद्गार चिन्ह (!) र चौथो वाक्यमा विभिन्न नाम एउटै वाक्यमा आएकोले नाम पदका पछाडि अल्पविराम चिन्ह (,) को प्रयोग गरिएको छ। विभिन्न अवस्थामा विभिन्न किसिमका चिन्हहरूको प्रयोग गरिन्छ ।

१. तलको अनुच्छेदलाई तिमीले सिकिसकेका चार चिन्हहरूको प्रयोग गरी शुद्ध पार

नेपालको राजधानी काठमाडौं हो यहाँ गर्मीमा निकै गर्मी र जाडोमा निकै जाडो हुन्छ तर पनि सबैले राजधानीको सुविधा प्राप्त गर्न चाहेकै हुन्छन् तिमी हामी पनि प्रायः राजधानीमै मात्र बस्न रुचाउँछौं यसो गर्दा कतै राजधानीमा मात्र जनसंख्याको चाप पर्ने त होइन जे होस् यस्तो भरिभन्ड देख्दा एक मन त हाँसो पनि उठ्छ ।

मास्टरको आमा

त्यस घरमा तीन जना जहान थिए–बाबु धनवीर, आमा हरिमाया र छोरा हर्के । हर्के ६ वर्षको हुँदा अचानक उसको बाबु धनवीरको मृत्यु भयो । धनवीरकै कमाइको भरमा जेनतेन पालिएको दुःखी परिवारमा उसको मृत्युले असह्य वेदना र दुःख थपिदियो । सम्पत्तिको नाउँमा पुगनपुग एक हलको मेलो पाखो बारी, एउटा थारो गाई र दुई वटा वाख्राहरूबाहेक त्यस परिवारमा अरू केही थिएन । बनिबुतो, मेलापात गरी दुई बूढाबूढीको पाखुरीको कमाई नै उनीहरूको नगद सम्पत्ति थियो । अब लोग्नेचाहिंको मृत्युले बालक छोरो हुर्काउन र आफू पनि बाँच्नको लागि कमाई गर्ने भार एक्ली हरिमायाका टाउकामा थुपारिदियो । बालक छोरो, आफू एक्ली आइमाई, हरिमायाले हुन सम्मको दुःख पाइन् । हरिमायाको दुःख उनैसँग रह्यो । आखिर जे भए पनि, जस्तै दुःख र कष्ट आइलागे पनि हरिमायाले दुःख र कष्टलाई आँसु पिएर दबाउँदै छोराको मुख हेरेर दिन बिताउँदै गइन् । समय बित्दै गयो समयसँगै हरिमायाको हृदयबाट लोग्नेको मृत्युले पैदा गराएको वेदना पनि कम कम हुँदै गयो ।

अब हरिमाया जसरी तसरी छोरो हुर्काउनपट्टि लागिन् । त्यही त हो नि छोरो हुर्केर कमाइ गर्ने होला, आफ्नो हात खुट्टा लाग्न छोडेपछि बुढेसकालमा पाल्ला भन्ने मीठो आशा सबै बाबु आमालाई हुन्छ । त्यसमा पनि हरिमायाका लागि आफ्नो एक मात्र सन्तान हर्के धनमाथिको रातीगेडी नै थियो ।

टुहुराको दिन एक पटक अवश्य फर्कन्छ भन्ने संझेर हरिमाया आफैं आफ्नो चित्त बुझाउँथिन् । यस प्रकारले दिनहरू बित्दै थिए ।

हर्के पनि अब १६ पुगेर १७ वर्षको लाग्यो । ओठमाथि जुँगाका रेखी बसे । उसको जीउडाल पनि सलक्क परेको निकै लायकको थियो । जीउडाल मात्र होइन, उसको स्वभाव पनि बडो मिजासिलो थियो । देख्ने मान्छेहरूलाई ऊ टुहुरो जस्तो लाग्दैनथ्यो । हर्केले हुर्केर आमालाई निकै पालो पनि दियो । अब वरिपरिका छरछिमेकीहरू हरिमायालाई निकै सुखी देख्दथे र भन्थे–"जति दुःख खेप्नु खेप्यौ, अब तिम्रा दिन फर्के ।" हुन पनि छोरो हुर्काएपछि उनले धेरै सुख पाएकी थिइन् । गाउँलेका कुरा सुनेर हरिमाया भित्रदेखि खुशी हुँदै भन्थिन्–तिमीहरूकै भरले यत्तिको पारें । अब यसको बिहे गरेर एउटी बुहारी भित्र्याउन पाए मर्दा पनि सजिलै सास जाने थियो ।

हरिमाया यस्तै मीठामीठा कल्पना गर्दै थिइन्, हर्केको मनमा चाहिं २–४ वर्ष परदेश गएर २–४ पैसा कमाउने र यसो अक्षरसम्म चिन्न पाए हुन्थ्यो भन्ने विचार उठ्न लागेको थियो । यस्ता विचार मनमा उठ्ने बित्तिकै बूढी हुन लागेकी एक्ली आमाको भित्रदेखि माया लागेर

आउँथ्यो । अनि झट्टै कतै हिंडिहाल्न पनि सक्तैनथ्यो । कहिल्यै घर छोडेर नहिंडेको हर्केलाई कहाँ जाने र के गर्ने भन्ने कुरा केही थाहा थिएन । दार्जिलिङ, आसाम, लाहुर भर्ती, काठमाडौं आदिको कुरा त उसले निकै सुनेको थियो तर यतै जाने भनेर आँट गर्नचाहिं उसले सकेको थिएन ।

एक दिन बिहान अचानक गाउँघरमा खैलाबैला मच्चियो । गाउँका २–३ जना अरू केटाहरूसँग हर्के पनि राति नै भागेर हिंडेछ । यो कुरा थाहा पाएपछि हरिमायालाई खपिसक्नु भएन । उनले यो संसार अंध्यारो देख्नथालिन् । जतिसुकै दुःख र पीर आइपरे पनि उनले फेरि पनि खप्ने परथो । एकपछि अर्को आशाको त्यान्द्रोमा झुन्डिएर मान्छे बाँच्दोरहेछ । छोरा हुर्काउन कति वियोग सहेर बसेकी, दुःख खपेकी र आँसु पिएर बाँचेकी हरिमाया हुर्किएको एक मात्र छोराले चटक्क छोडेर परदेश लाग्दा पनि माझघरे लाहुरे माहिलो, तल्लाघरे हवल्दार, खत्री जेठो सबै नै एक दिन आएको सम्झेर आफ्नो छोरो पनि एक दिन अवश्य फर्केर आउनेछ भन्ने आशाले दिन बिताउन थालिन् ।

दिन बिल्न केही बेर लाग्दोरहेनछ । हर्केले घर छोडेर हिंडेको पनि सात पुगेर आठ वर्ष लागेछ । छोरो फर्केर आउला भन्ने आशा गरेर बसेकी हरिमाया अब घरिघरि निराश भएर धुरूधुरू रुन्थिन् । आफ्नो अभागी र दुःखी कर्मलाई धिक्कार्दथिन् । एक दिन हरिमाया

खानपिन गरेर सुत्ने तरखर गर्दै थिइन् । बाहिर कसैले बोलको आवाज सुनियो । आवाज अस्पष्ट भए पनि लोग्ने मान्छेको हो भनेर स्पष्ट चिनियो । हरिमायाले भित्रैबाट "को हँ !" भनेर सोधिन्, यति बेलासम्ममा ढोका खुलिसकेको थियो । हरिमाया हर्षले गद्‌गद् भएर अवाक् भइन् उनका आँखाबाट हर्षका आँसु बर्बरी झर्न लागे । त्यो आउने मान्छे उही हर्के थियो । हरिमायाको धनमाथिको रातीगेडी । आमाका आँखामा आँसु देखेर हर्केको आँखा पनि

रसाएर आए । हत्तपत्त आँसु पुछ्दै हर्केले आमालाई ढोगिदियो। झन् हरिमाया त पहिलेका कुरा संझेर साँच्चै रुन थालिन् । हर्केले आमालाई संझायो । हरिमायाले खाना बनाएर छोरालाई खुवाइन् । धेरै बेरसम्म आमा छोरा बसेर गन्थन गरे । घरबाट हिंडेदेखिका सबै कुरा हर्केले आमालाई सुनायो । भोलिपल्ट बिहान हर्के आएको कुरा गाउँभरि थाहा भयो। घरबाट हिंडेपछि हर्के काठमाडौं पुगेर सेनामा भर्ती भए छ र म्याट्रिक पनि पास गरेछ भन्ने कुरा पनि सबैतिर थाहा भयो ।

हिजो आज हर्के गाउँकै विद्यालयमा मास्टर भएको छ। उसलाई सबै जना हर्षबहादुर मास्टर भन्दछन् र हरिमायालाई मास्टरकी आमा।

अभ्यास

शब्द र अर्थ

असह्य – सहन नसकिने
वेदना – भित्री पीडा
बनिबुतो – अर्काको काम गरी ज्याला लिने
नगत – नगद
मिजासिलो – राम्रो बानी बेहोरा भएको
अवाक् हुनु – बोल्न नसक्नु
खैलाबैला – होहल्ला

१. प्रश्नहरू

(क) हर्के कसरी टुहुरो भयो, कारण दिई प्रष्ट गर ।
(ख) हरिमायाले के कस्तो दुःख पाइन्, बयान गर ।
(ग) हर्के किन घर छोडेर भाग्यो, कारण देऊ ।
(घ) हर्के कति वर्षमा के गरेर घर फर्क्यो, लेख ।

२. तलका शब्द र टुक्काहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

दुःख खप्नु, खपिनसक्नु हुनु, हत्तपत्त, तरखर गर्नु ।

३. तात्पर्य खुलाऊ

(क) मनमाथिको रातीगेडी ।
(ख) आँसु पिएर बाँच्नु ।

(क) गोपालले आँप झारयो ।
(ख) गीतालाई बोलाऊ ।
(ग) रामद्वारा रावण मारियो ।
(घ) मेरा लागि दुःख नगर ।
(ङ) रूखबाट पात खस्यो ।
(च) विष्णुको छोरो पढ्न गएछ ।
(छ) आकाशमा तारा छन् ।
(ज) ए भाइ ! यता सुन त ।

माथिका वाक्यमा क्रमशः ले, लाई, द्वारा, लागि, बाट, को, मा र ए जस्ता चिन्हहरू विभिन्न पदमा जोडिएका छन् । यस्ता चिन्हहरूलाई विभक्ति भन्ने गरिन्छ। यी आठ प्रकारका मानिन्छन् । ती विभक्तिहरूको नाम र चिन्ह यस प्रकार दिन सकिन्छः–

१. प्रथमा विभक्ति – ले, बाट
२. द्वितीय " लाई, कन
३. तृतीया " ले, बाट, द्वारा
४. चतुर्थ " लाई, लागि, निमित्त
५. पञ्चमी " देखि, बाट
६. षष्ठी " को, का, की, रो, रा, री, नौ, ना
७. सप्तमी " मा, माथि
८. सम्बोधन – ए, ओ, हो

नमिल्दा अर्थको अनर्थ हुन्छ ।

१. तलका वाक्यको खाली ठाउँमा उपयुक्त विभक्ति राख

राम – खायो ।
श्याम – पुस्तक देऊ ।
म टाढा – आएँ ।
घर – कोही छैनन् ।
मान्छे – सेवा गर्नुपर्छ ।
गुलेली – चरा मार ।
राम – यता आऊ ।
नोकर – यो किनेर ल्याएको हो !

धनभन्दा विद्या ठूलो

(बीचमा प्रधानाध्यापक, एक छेउमा विद्यार्थीहरू, अर्कोतिर गुरुहरू मेचमा बसेका छन्। विद्यालयका सांस्कृतिक सचिव विपिनचन्द्र छात्रहरूका बीचमा अगाडि उभिएका देखिन्छन् । अर्कोतिर दुई पक्षमा बाँडिएर फूर्तिला छात्रहरू बसेका देखिन्छन्। विपिनचन्द्र हाँस्दै अगाडि बढ्छन् । क्रमसँग प्रधानाध्यापक, अध्यापकवर्ग र निर्णायक समितिका सदस्यवर्गलाई स्वागत गर्दछन् । यसपछि उनी सभासदतर्फ फर्कंदै भन्दछन् ।

विपिनचन्द्र

आदरणीय प्रधानाध्यापक, अध्यापक एवं सहृदयी साथीहरू ! अब हामी हाम्रो सांस्कृतिक विभागको साप्ताहिक कार्यक्रमको थालनी गर्दछौं । यस कार्यक्रमका लागि सभापतित्व गर्न आदरणीय प्रधानाध्यापकसँग विनम्र अनुरोध गर्दछु । (**सभापतिले आसन ग्रहण गरेपछि-ताली बजाएर सत्कार गरिन्छ, त्यसपछि**) आजको प्रतियोगिताको विषय "धनभन्दा विद्या ठूलो" भन्ने शीर्षकमा दुवै पक्षबाट चर्चा गरिन्छ । निर्णायक समितिका सदस्य गुरुहरूको आज्ञा अनुसार वादविवाद गर्दाका नियमहरू उल्लेख गर्दछु ।

१. समय तीन मिनेट दिइएकोछ ।
२. दुई मिनेटपछि जनाउ–घण्टी बज्नेछ।
३. तेस्रो मिनेटको समाप्तिसूचक घण्टीपछि वक्तव्य टुङ्ग्याइहाल्नुपर्छ ।
४. कागत वा कुनै किसिमको टिपोट हेर्न पाइन्न, त्यसै बोल्नुपर्छ ।
५. अर्कालाई पीर–मर्का पर्ने विषय वा शब्द प्रयोग गर्नुहुन्न।
६. बोलिएको बूँदा दोहोरिएमा त्यसको एउटा मात्रै गन्ती हुनेछ ।

सर्वप्रथम पक्षका तर्फबाट श्रीराम दवाडी बोल्नुहुन्छ ।

(थपडी बज्छ)

श्रीराम

आदरणीय सभापतिज्यू, गुरुवर्ग र साथीहरू! धनभन्दा विद्या ठूलो भन्ने आजको वादविवादको विषयमा म पक्षबाट बोल्दैछु। धनको चमत्कार विश्वमा कमजोर हृदयका मानिसलाई झुक्याउने जुक्ति हो। धनभित्र केवल असत्य मात्र हुन्छ। धनीको हृदय विवेकी हुन्न। धनभित्र शान्ति छैन, कलह छ, चित्कार छ, असच्चरित्रता छ। बरु यसको उल्टो विद्यामा सरलता, विद्वत्ता, बुद्धि, विवेक, दया, माया आदि सत्यका सम्पूर्ण तत्वहरूको खानी नै छ । धन नै सबथोक हो भन्ने बडेबडे देश, समाज र व्यक्तिहरू पनि धनबाट विरक्त हुन थालेका छन् किन ? उनीहरू पनि अब विद्याको कदर गर्न लाग्दैछन् । सृष्टिको शुरूदेखि धन तुच्छ वस्तुमा गनिएको छ। आजको युग धनबहादुरको भन्दा कलमबहादुरको पूजा गर्दछ ।

(घण्टी बज्छ)

त्यसैले मेरो विचारमा हामीले आफूलाई धनपति नेपाली भनाउनु वा बनाउनुभन्दा विद्यापति नेपाली बनाउनु ठीक पर्दछ । धन्यवाद ।

विपिनचन्द्र

अब विपक्षबाट जगन्नाथ शाही बोल्नु हुन्छ ।

जगन्नाथ

श्रीमान् सभापतिज्यू, अध्यापकवर्ग, निर्णायक सदस्यवर्ग र साथीहरू ! म धनको पक्षबाट बोल्दैछु । धन नभए घरबार चल्दैन, व्यवहार बढ्दैन । यहाँसम्म कि हाम्रो प्राण-समेत बिनाधन अड्दैन, विकास धनद्वारा हुन्छ । उन्नति र उद्योग सम्पत्तिकै लागि गरिन्छ । ऐस, आराम धनाढ्यकै लागि हुन्छ । रूप–सीप–कलाको आधार धनै हो । विद्या यस्तो अनिवार्य वस्तु होइन, जति धन आवश्यक छ । साँच्चै भनुँ भने विद्या आर्जन गर्न एकएक कुरामा धनको जरूरत पर्छ । जोसित धन छ, ऊ सजिलैसित विद्या आर्जन गर्नसक्छ । विद्याको प्रचारसमेत धनद्वारा भइरहेको छ ।

(घण्टी बज्छ)

कवि लेखक र कलाकारहरूले धनलाई खूब प्रशंसा गरेका छन् । धन उपयोग गर्ने समुदाय मानिसको हो त्यसैले उसको समाज बनिसक्यो । धन प्रशस्त हुने राष्ट्रहरू विकासोन्मुख राष्ट्रलाई आर्थिक सहयोग गरेर उन्नतिको ढोका खोलिदिन्छन् ।

(दोस्रो घण्टी बज्छ)

मेरो भन्नु यत्ति छ कि हामी यस बखत धनकै बलमा अनेक कार्य गर्दैछौं, पढ्दैछौं, बाँच्दैछौं धन्यवाद ।

(थपडी बज्छ)

विपिनचन्द्र

अब पक्षबाट गिरिवर बोल्नुहुन्छ ।

गिरिवर

श्रीमान् सभापति तथा अन्य सम्पूर्ण आदरणीय महोदयहरू ! म पक्षबाट बोल्दैछु । खानु, पिउनु, सुख–दुख आदि कुरामा हामीले धनलाई एउटा साधन मात्र मानेका छौं । मनुष्यले साधन होइन, लक्ष्य खोजेकोछ । उसको निमित्त लक्ष्यमा पुग्ने उचित बाटो विद्या नै हो । त्यसैले म सारांशमा प्राचीन विद्वानको एक पङ्क्ति पढेर आफ्नो महत्त्वपूर्ण विषयलाई यहीं टुङ्ग्याउछु । "विद्याविहीन पशु ।"

(थपडी बज्छ)

विपिचन्द्र

अब विपक्षबाट अनिता जोशी बोल्नु हुन्छ ।

अनिता जोशी

श्रीमान् सभापति महोदय, गुरुवर्ग र उपस्थित व्यक्तिहरू ! मेरो पक्ष धन हो,

विद्या होइन यस विषयमा बढी व्याख्या गर्नुभन्दा म पनि सारांशमै बोल्छु । धन यस्तो एक विषय हो जुन मनुष्यको निमित्त सबभन्दा अनिवार्य छ । विद्या नभए पनि मानिस धनको बलमा सारा संसार को भ्रमण गर्नसक्छ । ऊ सुखसँग जिन्दगी गुजार्न सक्छ । धन देख्दा महादेवको तीननेत्र भन्ने उखान छ । जति मानिस धनतिर खिंचिन्छ त्यति विद्यातिर खिंचिदैन । यस्तै म एक पङ्क्ति पढेर भनाइ सिध्याउँछु । "त वर्गका अन्तिम वर्ण खाली, पढी दुइटा बन भाग्यशाली" भनेर कविशिरोमणि लेखनाथ पौड्यालले ठीकै भन्नु भएकोछ । त्यसैले म पनि विद्याभन्दा धन नै ठूलो छ भन्ने ठान्दछु ।

(ताली बज्छ)

विपिनचन्द्र

यस वादविवाद प्रतियोगितामा धेरै साथीहरूले भाग लिएर बोलिदिनुभएकोमा सबैलाई धन्यवाद दिन्छु । हामीले यसै गरी प्रत्येक सप्ताह विभिन्न विषयमा कार्यक्रम चलाउनुपर्छ । यसरी बानी बसाल्दै गयौं भने प्रत्येक विषयमा गहिरिएर सोच्नसक्ने र बोल्ने आदत बस्नेछ, जसबाट छात्रछात्राहरूलाई प्रशस्त फाइदा हुनेछ ।

अब यस्तो विषयमा प्रेरणा र ज्ञान दिनुहुने गुरुवर्ग तथा प्रधानाध्यापकमा धन्यवाद ज्ञ्याउँदै निर्णायक गुरुहरूमा यस वादविवादको नतीजा सुनाई दिनुहुन अनुरोध गर्दछु । पुरस्कार वितरण कार्यक्रमचाहिं अर्को समारोहमा हुनेछ । (एकछिनपछि निर्णायक पत्र पढी सुनाइसकेपछि) अब सभापतिज्यूबाट सभा विसर्जन भाषण हुनेछ ।

सभापति

प्रिय सहयोगी अध्यापकहरू, सहृदयी निर्णायकहरू र प्यारा छात्र छात्राहरू ! आजको यो वादविवाद प्रतियोगिता सफलातापूर्वक सकियो । यसका लागि सांस्कृतिक विभागका सदस्यहरू पनि धन्यवादका पात्र छन् । यस्तो बानी बसाल्नाले हाम्रो बुद्धिको विकास हुँदैजान्छ । बोल्नु महत्त्वपूर्ण विषय हो । त्यसमा पनि एक विषयका बूँदा मात्र बोल्नु त झन महत्त्वपूर्ण कुरा हो । धक र लज्जा नराखी सही आधारमा बोल्नुपर्छ । हाम्रो लागि विद्या र धन दुवै जीवनका अत्यावश्यक वस्तु हुन् । उदार र सहृदयीका अधीनको धन पनि विद्याजत्तिकै उपयोगी हुनसक्छ र दुर्व्यसनी व्यक्तिमा रहेको विद्या पनि हानिकारक हुनसक्छ । त्यसैले विद्या र धन दुवैको सदुपयोग गर्न सक्नुपर्छ, दुवै वस्तु मानवकल्याणका लागि नभई हुँदैन । लौत ! सबैलाई स्नेहपूर्वक धन्यवाद दिंदै यो सभा विसर्जन गर्दछु ।

(लामो ताली बज्छ)

अभ्यास

शब्द र अर्थ

सांस्कृतिक	– संस्कृति सम्बन्धी
निर्णायक समिति	– निर्णय गर्ने समिति, जाँचकी मण्डल

आदरणीय	–आदर गर्नु पर्ने, मान्नुपर्ने
गण्यमान्य	– गनिएका र मानिएका
सहृदयी	– दया भएका, मनकारी
सन्दर्भ	– नाता, प्रसंग, सम्बन्ध
विनम्र	– नरम, मिजासिलो
आसन–ग्रहण	– आसनमा बस्नु
उत्साह	– आँट, बल, तेज, फूर्ति
असच्चरित्रता	– खराब चाला, कुलत
धनपति	– धनको मालिक, धनी
विद्यापति	– विद्याको मालिक, ठूलो विद्वान्
भाग्यशाली	– भाग्यमानी
भौतिक	– जीउँ वा मोजमज्जा सम्बन्धी
उदार	– मनकारी, दयालु
सदुपयोग	– राम्रो चल्ती गर्नु
दुर्व्यसनी	– खराब बानी भएको

१. प्रश्नहरू

(क) "विद्याविहिन पशु" को आशय के हो ? प्रष्टगर ।

(ख) तिम्रा विचारमा "धन ठूलो हो कि विद्या" ?

(ग) विद्या र धनमा कुनचाहिलाई सभापतिबाट समर्थन मिल्यो, भन ।

(घ) यस वादविवादका अन्तिम वक्ता अनिता जोशीको भनाइलाई उपयुक्त तर्कहरू दिई खण्डन गर ।

२. "तवर्गका अन्तिम वर्ण खाली, पढी दुइटा बन भाग्यशाली" को भाव स्पष्ट गर ।

३. वाक्यमा प्रयोग गर

निर्णायक, सत्कार, विद्वान्, पक्षपात ।

४. तलका शब्दहरू शुद्धसँग उच्चारण गर

निर्णायक, विद्वत्ता, सांस्कृतिक, सच्चरित्रता, दुर्व्यसनी, स्नेहपूर्वक ।

व्याकरण

यस पाठबाट पाँच विशेषण संग्रह गरी वाक्यमा प्रयोग गर ।

वाल्मीकि

वाल्मीकि संस्कृत साहित्यका आदि कवि हुन् । यिनले रामको व्यक्तित्वलाई चहकिलो बनाई सर्वत्र रामको कीर्ति फैलाए । जहाँ रवि पुग्दैनन् त्यहाँ कवि पुग्दछन् भन्ने भनाइ वाल्मीकिद्वारा लेखिएको रामायण पढेको खण्डमा स्पष्ट हुन्छ । वाल्मीकि त्रेता युगका ऋषि थिए । वाल्मीकि–आश्रम नेपालकै लुम्बिनी अञ्चल, भैंसालोटन भन्ने ठाउँमा पर्दछ, तापनि उनी ऋषि भएकोले भारत, नेपाल जंताततै आवश्यकता अनुसार आउने जाने गर्दथे । वाल्मीकिको अर्थ धमिरोले उठाएको माटोको ढिस्को हो । शरीरमा धमीराले माटो उठाउन्जेल तपस्यारत रही त्यसबाट निस्केकोले उनको नाम वाल्मीकि रहेको हो ।

वाल्मीकि शुरूमा मूर्ख थिए । सप्तर्षिका उपदेशले 'मरा' भन्ने उल्टो मन्त्र जप्दा (मराम राम राम हुँदा) रामको अनुग्रहले मूर्ख हृदय पनि शुद्ध भयो भन्ने भनाइ छ ।

वाल्मीकि ठूला कवि हुनुमा पहिलो कारण निम्न लिखित कुरा मानिएको छ । एक दिन कुनै व्याधाले भाले कर्याङ्कुरुङ्लाई मारेकोले पोथीको दयालाग्दो अवस्था देखेर दयालु वाल्मीकिबाट कविता स्फुरण हुन्छ । उनको त्यो कविताको सार यस प्रकार छ "हे व्याधा ! घेरै वर्षसम्म तेरो प्रतिष्ठा नहोस्, किन भने कामले मोहित भएका कार्याङ्कुरुङ्लाई तैले मारिस् । संस्कृत भाषामा अनुष्टुप छन्दमा लेखिएको त्यही कविता वाल्मीकिको पहिलो कविता थियो । त्यसपछि वाल्मीकिले रामायणको रचना गरे । यो रामायण जति पटक पढे पनि झर्को लाग्दो हुँदैन । यसमा नयाँ नयाँ कुरा पाइन्छ र चाख बढ्दै जान्छ । यसमा रामको चरित्र ज्यादै स्वच्छ र स्पष्ट रूपमा चित्रण गरिएको छ । सीताको आदर्श, भाइभाइमा हुनुपर्ने प्रेम, पतिपत्नीको बीचको सम्बन्ध, राजा र प्रजाका बीचको पारस्परिक कर्तव्य ज्यादै आकर्षक रूपमा रामायणमा वाल्मीकिले लेखेका छन् । भाइभाइमा प्रेम देखाउँदै वाल्मीकि लक्ष्मण मुर्छा पर्दा रामको मुखबाट यसरी उद्गार निस्केको वर्णन गर्छन् – हरेक देशमा बिहे गर्न लायकका पत्नी पाइन्छन्, बान्धवहरू पनि पाइन्छन् तर एकै पेटबाट जन्मेको भाइ पाउन सकिदैन ।

सीताको चरित्रलाई वाल्मीकिले यसरी स्पष्ट देखाएका छन् । सीता रावणलाई भन्छिन्– बायाँ गोडाले पनि तँलाई छुन्न भन म तँसँग के प्रेम गरूँला यसरी रामायणमा रामको आदर्श, सीताको पतिपरायणता, लक्ष्मण, भरत र शत्रुघ्नका भ्रातृप्रेम को ज्यादै रमाइलो र आकर्षक रूपमा वर्णन गरिएको पाइन्छ । हुन पनि वाल्मीकि साँच्चै ठूला कवि थिए । संस्कृत साहित्यमा उनलाई आदि कवि मानिन्छ ।

हिन्दू मात्रका आदर्श र मर्यादा पुरुष रामचन्द्रलाई साक्षात् विष्णु भगवानको अवतार मानिएको छ । वैदिक संस्कृतिका आधारमा रामको चरित्र अनुकरणीय छ । के नेपाल, के भारत साथै दक्षिण पूर्व एशियाका देशहरू रामको आदर्श, चरित्र र कार्यको गुणगान गरिएको पाइन्छ । हिन्दूहरूमा त राम एक मात्र निर्विवाद व्यक्ति नै मानिनुहुन्छ । वाल्मीकिको पहिलो ग्रन्थ रामायण र दोस्रो ग्रन्थ योगवासिष्ठ हो । रामायणमा रामको चरित्र छ भने योगवासिष्ठमा वशिष्ठ ऋषिले रामलाई उपदेश दिएका वेदान्त दर्शनका कुराहरू छन् । वाल्मीकिका यी दुई ग्रन्थ हिन्दू संसारमा अमर छन् । यिनै ग्रन्थद्वारा हाम्रो संस्कृति, साहित्य र दर्शनमा वाल्मीकि सधैं उच्चतम रहेका छन् र रहिरहनेछन् भन्ने कुरा स्पष्ट हुन्छ ।

अभ्यास

शब्द र अर्थ

सर्वत्र – सबैतिर
रवि – सूर्य
बान्धव – नातागोता
पतिपरायणता – पतिभक्ति
भातृप्रेम – भाइ–भाइमा प्रेम
रचनाकौशल – रचना गर्ने सीप
निर्विवाद – कसैले वादविवाद गर्नु नपर्ने
प्रतिष्ठा – इज्जत, आदर
उद्‌गार – अभिव्यक्त, बोली

१. प्रश्नहरू

(क) वाल्मीकि को थिए, भन ।
(ख) वाल्मीकि आश्रम कहाँ पर्दछ ? प्रष्ट पार ।
(ग) वाल्मीकिले कसरी तपस्या गरे ? बयान गर ।
(घ) वाल्मीकिले कुन विषयमा पहिलो कविता रचेका थिए ? बताऊ ।

(ङ) वाल्मीकिले राम, सीता र लक्ष्मणको चरित्र कसरी देखाएका छन् ? बयान गर ।

(च) वाल्मीकिले लेखेका दुई पुस्तकहरूका नाम के के हुन् लेख ।

(छ) हाम्रो संस्कृतिलाई वाल्मीकिले कसरी टेवा दिएका छन्, लेख ।

२. निम्न लिखित शब्दहरू वाक्यमा प्रयोग गर

दयालु, प्रेम, प्रशंसा, अवतार, गुणगान, अमर ।

३. भाव विस्तार गर

(क) राम अरूलाई मन नपर्ने कुरा कहिल्यै बोल्दैनथे ।

(ख) देश–देशमा सबै चीज पाइन्छन्, तर एकैपेटबाट जन्मेको भाइ पाउन सकिदैन ।

व्याकरण

तलका वाक्यमा घसों तानी देखाइएका शब्दहरू कुन कुन विभक्तिका हुन् कापीमा टिप

(क) केटो कलमले लेख्छ ।

(ख) रूखमा फल फलेकाछन् ।

(ग) बहिनीलाई माया गर ।

(घ) छानामा चरा बसेछ ।

(ङ) केटो पढ्छ ।

कोपिला

– श्री सिद्धिचरण श्रेष्ठ

म कोपिला, होइन, फूल रानी
बढ्दैछ बिस्तार ममा जवानी ।
बन्दैछ मेरो रंग रूप, बानी
माटो र पानीहरूको कहानी ॥
(१)

आई हवा भन्दछ सुस्त सुस्त
मज्जा छ संसार सँखी बिछट्ट ।
छोएर मेरो तन घाम भन्छ
हाँसी खुली विश्व निहार्नपर्छ ॥
(२)

राती चुही जून बनेर शीत
मेरो सबै अंग प्रत्यंग धुन्छ ।
चाँडै भई फूल म निस्कने छु
संसारलाई म सजाउने छु ॥
(३)

सुवासको धार बहाउने छु
सौन्दर्यको सार खन्याउने छु ।
फुल्नेछु, खुल्नेछु म ढक्कमक्क
अपार आनन्द खन्याउनेछु ॥
(४)

अभ्यास

शब्द र अर्थ

तन – जीउ, शरीर
सखी – साथी, सँगी
निहार्न – हेर्न
सुवास – मीठो बास्ना
सार – निचोड
अपार – पार पाइनसकिने

१. प्रश्नहरू

(क) कोपिला कसरी बढ्दैछ, बयान गर ।

(ख) हावा र घामले कोपिलालाई के भन्छन्, बताऊ ।

(ग) फूल बनेर कोपिलाले के गर्ने इच्छा राखेको छ, लेख ।

(घ) "कोपिला" कविताको सार लेख ।

२. तल दिइएका शब्दहरू अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर

कोपिला, जवानी, बिछट्ट, निहार्न, सुवास, ढक्कमक्क ।

३. तल दिइएका शब्दहरू शुद्ध गरी लेख

पानि, मातो, फुल, ढकमक्क ।

४. आई हवा भन्दछ सुस्त–सुस्त
मज्जा छ संसार सखी बिछट्ट ।
छोएर मेरो तन घाम भन्छ-
हांसी खुली विश्व निहार्नपर्छ ।।

५. माथिको कविता गति, यति र लय मिलाई पढ ।

व्याकरण

१. तलका नाम शब्दहरूलाई विशेषण बनाई वाक्यमा प्रयोग गर

नेपाल, हिमाल, प्रकृति, अंग्रेजी ।

२. कर्म लिनेलाई सकर्मक क्रिया भनिन्छ भने कर्म नलिनेलाई अकर्मक क्रिया भनिन्छ ।
पाँच पाँच ओटा सकर्मक र अकर्मक क्रिया परेका वाक्य बनाऊ ।

तरबारभन्दा कलम बलियो

(कोठामा छात्रछात्राहरू एकापट्टि र शिक्षकवर्गहरू अर्कोपट्टि जम्मा भएर मेचमा बसेका छन् । शिक्षकहरूका बीचमा एउटा मेचमा प्रधानाध्यापक छन् । एक छेउमा दुबैपट्टि फूर्तिला छात्रछात्राहरू बसेका छन् । सबैजना हँसिला, रसिला देखिन्छन् । निर्णय समितिका ३ जना सदस्य शिक्षकहरू पनि त्यहीं बसेका छन् । सांस्कृतिक सचिव केशवराज शर्मा, कार्यक्रम शुरू गर्दै भन्न थाल्दछन् ।)

केशवराज शर्मा

आदरणीय प्रधान अध्यापकज्यू, शिक्षक वर्ग र प्यारा साथीहरू ! हाम्रो साप्ताहिक अतिरिक्त कार्यक्रम अन्तर्गत आजको कार्यक्रम शुरू हुन्छ । आजको कार्यक्रमको सभापतित्वको लागि प्रधान अध्यापकज्यूलाई प्रस्तावित गर्दछु । तपाईंहरू सबैबाट समर्थन प्राप्त हुने नै छ । (**ताली बज्छ**) आजको वादविवादको विषय छ "तरबारभन्दा कलम बलियो" । यस विषयमा पक्ष र विपक्षमा बोल्ने २,२ जना विद्यार्थी साथीहरू छन् । परीक्षक मण्डलका गुरुजनहरूको आज्ञा अनुसार वादविवाद संचालन गर्दछु । वादविवादमा भाग लिदा तलका शर्तहरू पालन गर्नुपर्नेछ ।

१. समय जम्मा ५ मिनेटको हुनेछ ।
२. ३ मिनेटपछि जनाउ दिने पहिलो घण्टी बज्नेछ ।
३. दोस्रो घण्टी बज्न नपाउँदै सकभर भनाइ टुङ्गयाउनुपर्दछ ।
४. कुनै किसिमको टिपोट हेर्न पाईँदैन ।
५. आफ्नो विषयसँग असम्बन्धित कुनै कुरा बोल्न पाईँदैन ।

यस प्रतियोगितामा भाग लिनु हुने सबै साथीहरूलाई स्वागत गर्दछु । सर्वप्रथम पक्षबाट बोल्नुहुन्छ – श्री रमेशकुमार

रमेशकुमार

मान्य सभापतिज्यू, शिक्षकवर्ग र साथीहरू ! आजको वादविवाको लागि राखिएको विषयको पक्ष हो, तरबारभन्दा कलम नै बलियो हो । म विषयको पक्षमा बोल्दैछु । कलम शान्तिको सूचक हो भने तरबार अशान्तिको सूचक हो । तरबारले संसारमा शान्ति हुँदैन, भएको पनि छैन । त्यसकारण कलम नै ठूलो हो भन्ने मलाई लाग्दछ । अर्को कुरा कलम सानो हुन्छ भन्ने हुन्न । किन भने सानो चीज पनि मूल्यवान् हुन्छ, उपयोगी छ भने । तरबारले सयौं दिनमा गर्न नसक्ने काम कलमले एकछिनमा पूरा गरिदिन्छ । अझ खासगरी विद्यार्थीहरूको त कलम नै साथी हो, सहयोगी हो । तरबारले हामीलाई के फाइदा ?

(घण्टी बज्दछ)

त्यस कारण हामीले तरबारको भन्दा कलमको पक्ष लिनुपर्दछ। कलम नै आजको जनजीवनमा महत्त्वपूर्ण छ। धन्यवाद।

केशवराज शर्मा

अब विपक्षतर्फबाट हरिलाल बोल्नुहुन्छ।

हरिलाल

आदरणीय सभापतिज्यू, गुरुजन र प्यारा साथीहरू ! आजको तरबारभन्दा कलम बलियो हुन्छ भन्ने विषयमा कलमको विपक्षी तरबार बलियो हुन्छ भन्ने विषयलाई लिएर बोल्दैछु। भरखरै एक जना साथीले कलमलाई बलियो बनाउँदै आफ्ना तर्कहरू राख्नुभयो। म त भन्छु कुनै पनि अवस्थामा कलमलाई बलियो मान्न सकिंदैन। आकारमा पनि तरबार ठूलो हुन्छ, त्यस्तै काममा पनि तरबार एउटा शक्ति हो। शक्तिविना कहीं पनि राम्रो काम हुनसक्दैन। कुनै कुरा काट्नुपरेमो भने तरबारकै काम आउँछ। कलम त सोझो र निर्बलियाले अँगाल्ने साधन मात्र हो, आँटिलो व्यक्ति कलमको भर पर्दैन। जो शूरो छ, जो आँटिलो छ, त्यसले काम गर्न सक्दछ। कलमले भन्दा तरबारले काम चाँडो गर्नसक्छ, जस्तालाई तस्तै व्यवहार गर्नुपर्दछ भन्ने कुरा सबैलाई थाहा भएकै छ। युधिष्ठिरले कलमबाट अंश नपाएर नै तरबारको आश्रय लिएर जिती छोडेको कथा महाभारतमा छ।

(घण्टी बज्दछ)

त्यसकारण कलमले मात्र सबै काम हुन सक्तैन। कलमले अन्याय पनि गर्न सक्तछ। साँच्चै न्याय त तरबारले दिन्छ। कलमभन्दा तरबार नै बलियो हो भन्ने मेरो विचार छ।

केशवराज शर्मा

अब पक्षतर्फबाट विमलाकुमारी बोल्नुहुन्छ।

विमलाकुमारी

मान्यवर सभापतिज्यू, शिक्षकवर्ग र प्यारा साथीहरू! कलमभन्दा तरबार बलियो हुन्छ भन्ने विषयमा कलमको पक्षमा बोल्दैछु। हुन त तरबारभन्दा कलम सानु हुन्छ। तर सानु भए पनि तरबारको भन्दा बढ्ता काम कलमले गर्दछ। महाकवि देवकोटा तरवारले बनेको होइनन्।

यस्तै कवि शिरोमणि लेखनाथ पनि कलमले नै बनेका थिए। आजको संसारमा तरबारको भन्दा कलमको दरकार छ !

(घण्टी बज्दछ)

त्यसकारण तरबार मूर्खको लागि हो भने ज्ञान, विवेक र बुद्धिको साधन हो कलम। तरबारभन्दा कलमलाई नै महत्त्वपूर्ण मान्दछु। धन्यवाद!

केशवराज शर्मा

अब विपक्षबाट कृष्णमाया बोल्नुहुनेछ ।

कृष्णमाया

आदरणीय सभापतिज्यू, मान्यवर शिक्षकहरू र प्यारा साथीहरू ! तरबारभन्दा कलम बलियो भन्ने विषयमा तरबारको पक्षमा बोल्दैछु । भरखरै एक जना साथीले कलमको महात्म्य बताउनु भयो । तर म उहाँलाई यो सोध्न चाहन्छु बडामहाराजा पृथ्वीनारायण शाहले कलम मात्र समातेर बसेका भए विशाल नेपाल बन्न सक्तथ्यो त ? कदापि सक्तैनथ्यो । कलम त रकमी व्यक्तिहरूका लागि हो । कलमको सदुपयोग गर्न गाह्रो छ । घर व्यवहारमा तरबारको खाँचो हुन्छ । कलम त केही शिक्षित व्यक्तिको लागि मात्र । तसर्थ हाम्रो समाजका लागि तरबार अत्यावश्यक र उपयोगी मान्दछु । धन्यवाद !

केशवराज शर्मा

अब हाम्रो आजको कार्यक्रमको अन्त्यमा प्रधान अध्यापकज्यू निष्कर्ष भाषणका साथ वाद-विवादको परिणाम सुनाउनुहुनेछ र त्यसपछि समारोह पनि विसर्जन हुनेछ ।

प्रधान अध्यापक (सभापति)

शिक्षक साथीहरू, प्यारा विद्यार्थीहरू ! आज बडो रमाइलो वातावरणमा बादविवाद कार्यक्रम सम्पन्न भयो । कलम र तरबार दुवै आफ्ना-आफ्ना क्षेत्रमा विशेष महत्त्व राख्दछन् । हाम्रो व्यवहारमा कलम अनि तरबार दुवैको आवश्यकता छ । दुवै पक्षमा छात्रछात्राहरूले जुन

किसिमबाट आफ्ना आफ्ना तर्कहरू दिनुभयो ती साह्रै घतलाग्दा छन् । यसरी नै आफ्नो तर्कशक्ति बढाउनुपर्दछ ।

परीक्षकबाट प्राप्त भएको परिणाम म यहाँ सुनाउन चाहन्छु । पक्षतर्फबाट रमेशकुमार र विपक्षतर्फबाट कृष्णमाया क्रमशः प्रथम र द्वितीय हुनुभएको छ । विजयी विद्यार्थीहरूलाई बधाइ छ । (**थपडी बज्दछ**) आजको समारोह यहीं विर्सजन हुन्छ । धन्यवाद !

अभ्यास

शब्द र अर्थ

आदरणीय – आदर गर्न लायक
साप्ताहिक – सात दिने
अतिरिक्त थप, बढ्ता
परीक्षक मण्डल – जाँच्ने मण्डली
असम्बन्धित – सम्बन्ध नभएको
सूचक – सूचना दिने
निर्बलियो – दुब्लो
आश्रय – आधार
मान्यवर – मान्यमा पनि श्रेष्ठ
महात्म्य – महिमा

१. **प्रश्नहरू**

(क) कलम र तरबारमा तिमी कसलाई बलियो मान्दछौं, तर्क देऊ ।
(ख) सभापतिले निष्कर्षमा के भने आफ्नो शब्दमा खुलाऊ ।
(ग) यो पाठबाट तिमीले खासगरी के सिक्यौ ? छोटकरीमा लेख ।

२. यस वादविवादमा विभिन्न वक्ताहरूले भनेका कुरालाई पालै पालोसँग हाउभाउ र अभिनयका साथ सस्वर वाचन गर ।

३. **तलका वाक्यहरूमा के के मिलेको, छैन नमिलेको भए मिलाएर लेख**

(क) परीक्षक मण्डलमा ३ जना शिक्षक रहेका थियो ।
(ख) पहिला र दोस्रा क्रमशः कृष्णमाया रमेश कुमार भइन् ।
(ग) सांस्कृतिक सचिवको नाम रामप्रसाद थियो ।
(घ) दुई जना छात्रले वादविवादमा भाग लिएका थियो ।
(ङ) निष्कर्षण भाषण प्रधानाध्यापकले दिएका थिए ।

व्याकरण

तलका वाक्यमा पदमेल गराऊ

केटी सुत्छ । हामीहरू खायो । राम्रो केटी गए । तिनीहरू भकुण्डो खेल्छु । हाम्रो घरमा आज पूजा छ ।

नरेश र राजु

नरेशको त के कुरा ! ऊ त राजु रोला भनेर सधैं डराउँथ्यो । हुन पनि अलिकता मन नपर्दो कुरा भयो कि त राजु बराबर आँसु बगाएर रोइदिन्थ्यो । मासु ल्यायो भने पहिला राजुलाई नदिइकन नरेश खादै खान्नथ्यो । कहिलेकाहीं दूध थोरै भयो भन्ने थाहा पायो भने नरेश "दाल भात खान्छु बरू, दूध चाहिं राजुलाई दिनोस् !" भनी कराउन थाल्थ्यो । राजु पनि नरेशलाई ज्यादै माया गर्थ्यो । जता गए पनि राजु साथ लागि हाल्थ्यो । राजु झुक्कियो भने माथि पुगेर होस् कि तल पुगेर होस् नरेशको एक आवाज सुन्न मात्र पर्थ्यो, राजु आँखा

चिम्लेर उफ्रँदै नरेशकहाँ पुगिहाल्थ्यो । नरेश साँरै चकचके थियो । ऊ जे पनि छुस्स चलाइ हाल्थ्यो, तर राजुचाहिं कहिल्यै कुनै माल पनि छुदैनथ्यो । सबैतिरबाट घुमी हेरेर चिनी राख्थ्यो ।

घरमा मान्छेहरू त्यसैले राजुलाई सबै थोकमा माया गर्थे । बरु नरेशलाई गाली गर्थे । राजुलाई कोही पनि गाली गर्दैनथे । राजु हुन पनि ज्यादै भलादमी बनेको थियो । उसकी आमा बिरामी भएर दुई दिनमै मरी । आमा बिरामी छउन्जेल उसले आमालाई एकछिन पनि छोडेन । आमा मरेपछि सबभन्दा पहिले राजुले नै थाहा पायो । अनि उसले नरेशलाई झैं लगेर मरेकी आमानेर पुऱ्यायो ।

राजु साँच्चै बुद्धिमानी र गुनिलो कुकुर थियो । ऊ, बोल्न मात्रै सक्दैनथ्यो । अरू सबै काममा मानिसभन्दा कम थिएन । बिहान ६ बज्दा ऊ उठिसकेको हुन्थ्यो । ऊ उठेपछि दश मिनेटसम्म सबैतिर विचार गरेर पर्खन्थ्यो । त्यति बेला पनि कोही उठेनन् भने त हरेकको ओढ्ने तान्दै कानैनिर गएर भुकिदिन्थ्यो । अनि त नउठी सुखै पाइन्नथ्यो । कसैले केही बिगार गरेको बेलामा राजु कसरी कसरी पत्ता पाइहाल्दथ्यो र नरेशको बुबा नआउन्जेल ऊ चूप

चाप बसिरहन्थ्यो । उनी आएपछि त्यो बिगार गर्ने मानिसलाई भुकेर त्यो कोठाभित्र पस्न दिदैनथ्यो । अनि त नरेशको बुबा उसको कुरा बुझिहाल्थे । अनि के बिगार गरिस् ए तँले ? भनेर सोधखोज गरिहाल्थे । त्यसो भएपछि कसैले ढाटढुंट गर्ने त कुरै भएन । नरेशका बुबाले त्यस मानिसलाई गाली गरेर राजुलाई "राजु ! यसले आजलाई माफ पायो भैगो चूप लाग" भन्ने पर्दथ्यो । अनि मात्र ऊ शान्त भएर बस्दथ्यो । यसरी राजु नरेशको प्यारो बनेको थियो । सबैलाई असल कममा लगाउने पुलिस भएको थियो ।

त्यस दिन बिहानको भात खाएपछि नरेशकी आमा कान्छो छोरालाई डोरघाएर मितिनीकहाँ जान भनी हिंडिन् । राजुले थाहा पाइहाल्यो । ऊ कुईं कुईं गरेर उफ्रनथाल्यो । नरेशकी सानी दिदीले "लौ जा, जा ! तेरो पनि मितिनी आमाकै घर हो" भन्दै फुकाइ दिई । राजु बुर्कुसी मारेर उफ्रँदै नरेशहरूलाई भेट्टाउन पुग्यो । नरेशकी आमाले भनिन् – "यसलाई कस्ले फुकाई दियो फेरि ? गल्लीका कुकुरहरूले टोकेर मारिदिन्छन् अब ! जा घर जा !" तर राजु अघिपछि लागेर उफ्रँदै थियो, उसले सुन्दैसुनेन । मितिनीको घर आइपुग्यो । राजुलाई तलै राखेर नरेशका आमा छोरा माथि उक्ले । माथि गएपछि उनीहरू कुराकानीमै लागी तीन तला माथि गएर बसेका थिए । राजुचाहिं छिडीको ढोकैनिर कुईं कुईं गरिरहेको थियो । उसका आँखाबाट आँसुका धारा बगिरहेका थिए ।

राजु कहिले भित्र र कहिले बाहिर गर्दै थियो । कहिले भरघाङको एक दुई खुड्किला उक्लेर मास्तिर हेर्दै कुईं कुईं गरिरहन्थ्यो । यसरी उसले दुई घण्टा बिलौना गरिसक्यो तर कोही पनि उसलाई बोलाउन आएनन् । ऊ निरास भएर रोइरह्यो । त्यसैबेला एकछिनअगाडि माथि उक्लेको मान्छे ओर्लेर टक्क उभिएर राजुलाई माया गर्दै आ आ भनेर हात दियो । राजुले घरमालिक संझेर पुच्छर हल्लायो । त्यस मान्छेले राजुलाई बोकेर काखी च्याप्यो र बाहिर निस्क्यो । राजु छट्पटाउन थाल्यो, तर त्यो बलियो मानिस दुवै हातले च्याप्प समातेर लामो पाइला चाल्यो । . . .

एक छिनपछि नरेशका आमा–छोरा तल आए । नरेशले राजुलाई खोज्यो । आमाले पनि भित्र र माथि सबैतिर खोजिन्, तर राजु पाइएन, नरेश रुन थाल्यो । आमाचाहिं घरै गएको होला चूप लाग भन्दै लिएर हिंडिन् । घर पुगेर खोज्दा पनि राजु सँगै गएको कुरासम्म सबैले बताए, फर्केर आएको कसैलाई थाहै भएन ।

अब नरेश लगातार रुन थाल्यो । घरभित्रका सबैले राजुको खोजी गरे, टोलभरि सोध-खोज गरे, मितिनी आमाको घरमा पनि फेरि फेरि गएर खोजतलास गरे, तर राजुको पत्तै लागेन । यतातिर जति फकाए पनि नरेशले रुन छाडेन । उसले खाना पनि खाएन । नरेशका बाबुले पनि राजुको खूब खोजी गरे । दिनहुँ त्यस घरका मानिस राजुलाई खोज्न जान्थे, तर पाइयो भन्ने कोही थिएन ।

नरेशले राजु हराएदेखि दूध पनि खाएन अरू खानेकुरा पनि खाएन। ऊ नरोएर चूप लागे पनि आँखाभरि आँसु पारिराख्दथ्यो । नखाएकोले ऊ कमजोर हुँदै गयो । कमजोरीले गर्दा सुतेको ठाउँबाट उठ्नै नसक्ने भयो । डाक्टरको औखती पनि उसले खाएन । बलजफत मुख समातेर खुवाए पनि उकेलिदिन गाल्यो । नरेशका बाबुले अर्को राजुजस्तै कुकुर ल्याएर राखिदिए, तर नरेशले खानै सकेन । जे कुरा गरे पनि नरेश रोइदिन्थ्यो । ऊ रोला भन्ने पीरले पनि अब उसलाई कोही पनि केही भन्दैनथ्यो।

नरेश साह्रै बिरामी भयो । उसलाई डाक्टरहरूले इन्जेक्शन दिएर तिघ्रा र पाखुरामा प्वालैप्वाल पारिसके । उसलाई अब त जरो पनि खूब आएको थियो । ऊ बेहोश भएर सुतिरहेको थियो, ऊ जरोमा कहीलेकाहीं बरबराउँथ्यो । "लादु, आइज !" तँ र म खेल्न जाऊँ ।

भोलिपल्ट बिहान झन साह्रो भो भनी नरेशका बाबुले डाक्टर लिन जाँदा बाटामा दौडेर आइरहेको राजुलाई देखे । पछाडि पछाडि गल्लीका भुस्याहा कुकुरहरू दौडेर लखेटिरहेको पनि देखे । उनले आफ्नो प्यारो राजुलाई देख्ना साथ दौड्दैगएर "राजु" भने । राजु पनि आत्तिएर दगुरिरहेको भए पनि उनको आवाज सुन्नासाथ टक्क अडियो । उनले अरू लखेट्दै आएका भुस्याहाहरूलाई धपाएर भगाए, राजुलाई बोके । राजु पुच्छर हल्लाउँदै आँसु झार्दै कुईं कुईं गर्नथाल्यो । नरेशका बुबा राजुलाई लिएर स्यतैबाट फर्के । उनले राजुको घाँटीमा बाँधिराखेको छिनेको डोरी पनि देखे । राजुको जीउभरि घाउ नै घाउ पनि देखे । मर्न लागेको दुब्लो भइसकेको राजुको जीउ सुम्सुम्याउँदै उनी घर आए।

नरेश, "राजु आयो ! राजु आयो" भन्ने खलबल सुन्नासाथ ओछ्यानबाट उठ्यो, तर सकेन। राजुलाई ल्याएर बाबुचाहिले त्यही कोठामा राखिदिए। सबैलाई एकैपटक देख्ता राजु पनि नाच्न थाल्यो । तर यतिका दिनसम्म नखाएको र गल्लीका कुकुरहरूले टोकेका दुःखले ऊ धरथर काम्दै नरेशको काखमा गएर कुईं कुईं गर्नथाल्यो । नरेशले उसलाई अँगालो मारेर भन्यो । – "आमा, दूध ल्याइदिनोस् । लादुले केही पनि खाएको छैन । म पनि खान्छु ।"

अभ्यास

शब्द र अर्थ

भलादमी	–	राम्रो स्वभाव भएको, असल बानीको मानिस
बुद्धिमान्	–	बुद्धि भएको
गुनिलो	–	सबैसँग मिल्ने, गुण चिन्ने
शान्त	–	चूप लागेर बस्नु, आनन्द साथ रहने
बुर्कुसी मारेर	–	बेसरी दौडेर
घर मालिक	–	घरको मालिक, घरको मुख्य मानिस

१. प्रश्नहरू

(क) राजु र नरेश कसरी मिलेका थिए ? बयान गर।
(ख) नरेश के कारणले डराउँथ्यो ? स्पष्ट गर।
(ग) नरेश र राजुको बानी उस्तै उस्तै थियो ? नभए के फरक थियो, लेख।
(घ) आमा बिरामी पर्दा राजुले के के गरथ्यो, बताऊ।
(ङ) बिहान उठेर राजुले के के गर्दथ्यो ? स्पष्ट गर।
(च) राजुले भितिनी–आमाको घर कसरी छाड्नु परथ्यो, लेख।
(छ) नरेश कसरी बिरामी भयो ? स्पष्ट खुलाऊ।
(ज) राजुलाई कस्तो अवस्थामा नरेशको बुबाले भेट्टाए ?
(झ) राजु दुब्लाउनाका कारण के के हुन्, लेख।

२. यस कथाको सारांश लेख।

३. तलका शब्दहरू भिन्दाभिन्दै वाक्यमा ठिकसँग मिलाई प्रयोग गर

भुस्याहा, खोजखाज, बरबराउनु, गल्ली।

४. तलको अनुच्छेद पढी छोटो गरी लेख

एक छिनपछि नरेशका आमा–छोरा तल आए। नरेशले राजुलाई खोज्यो। आमाले पनि भित्र, माथि सबैतिर खोजिन् तर राजु पाइएन। नरेश रुनथाल्यो। आमा चाहिं घरै गएको होला, चूप लाग भन्दै लिएर हिंडिन्। घर पुगेर खोज्दा पनि राजु सँगै गएको कुरासम्म सबैले बताए, फर्केर आएको कसैबाट थाहा भएन।

व्याकरण

यस पाठमा रहेका अनुच्छेदहरूबाट पाँच वटा विशेषण छानी वाक्यमा प्रयोग गर।

निः शुल्क पढ्न पाउँ भन्ने निवेदन

श्रीमान् प्रधान अध्यापकज्यू,
भानु माध्यमिक विद्यालय,
काठमाडौं ।

महोदय,

सेवामा सादर निवेदन छ, मेरो घर यसै जिल्लाको जोरपाटी गाउँमा पर्दछ । म बालकै छँदा पिताज्यूको स्वर्गबास भयो । मलाई आमाले दुःख गरेर हुर्काउनुभयो । छिमेकीका छोरा-छोरीले पढेको देखेर आमाले मलाई पनि पढाउन थाल्नुभयो । मैले गाउँकै प्राथमिक विद्यालयमा पढेर पाँचौ कक्षासम्म पास गरें । त्यसपछि यसै विद्यालयमा पढी गएको वर्ष छैटौं कक्षा पनि राम्रो अंक ल्याई पास भएँ ।

घरबाट खर्च ल्याएर पढ्न मेरो हैसियतले पुग्दैन । त्यसै हुनाले बिहान बेलुका अर्काको भात पकाएर गुजारा गरिरहेछु । छैटौं कक्षामा पनि निःशुल्क पढ्ने अवसर पाएको थिए । अब सातौं कक्षामा भर्ना भएर पढ्ने रहर छ । तर विद्यालयको शुल्क तिर्ने खर्च नभएको हुँदा ज्यादै कठिनाइ परेको छ । त्यसकारण यस वर्ष सातौं कक्षामा निःशुल्क पढ्न पाउने व्यवस्था मिलाई पाऊँ भनी विनम्र अनुरोध गर्दछु ।

आज्ञाकारी छात्र
मुकुन्दराज शर्मा

मितिः– २०३६ वैशाख २५ गते

अभ्यास

१. **प्रश्नहरू**

(क) मुकुन्दराज शर्माले किन निःशुल्क पढ्न पाउँ भनेर निवेदन गरे, प्रष्ट पार ।
(ख) मुकुन्दराज शर्माको घरको अवस्था कस्तो थियो, बताऊ ।
(ग) मुकुन्दराज शर्माको चिठीबाट उनी कस्ता विद्यार्थी होलान्, लेख ।
(घ) योभन्दा अगि पढेको चिठी र यो चिठीमा के कति कुराको फरक पायौ, तुलना गरी देखाऊ ।
(ङ) कक्षामा सबैले आफ्नै बेहोराको छुट्टाछुट्टै चिठी प्रधानाध्यापकलाई लेख र एकले अर्काको चिठी पढेर हेर । अनि विद्यालयको प्रधानाध्यापकलाई कुन कुन विषय-लाई लिएर निवेदन लेख्न सकिदोरहेछ एउटा सूची बनाऊ ।

हिमाल बोल्छ



हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ,.....२
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

उन्नत हाम्रो सगरमाथा विश्वको शिर हो
विश्वमा उच्च गौरव राख्ने नेपाली वीर हो
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

पसिना देऊ हृदय देऊ उठाऊ नेपाल.....२
तिमी नै आफू नउठेदेखि के उठ्छ हिमाल ?

हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ.....२
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

जनकको ज्ञान सीताको सीप बुद्धको हृदय.....२
नबिर्सं आफ्नो पुर्खाको त्याग, साहस र विजय
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ.....२
पहरा बोल्छ, छहरा बोल्छ, तराई बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ ।

अभ्यास

शब्द र अर्थ

गौरव – महत्त्व, इज्जत
त्याग – अर्काको हितका निम्ति गरिएको काम ।

१. प्रश्नहरू

(क) नेपाल प्रति हाम्रो कर्तव्य के के हो ? बताऊ ।
(ख) हामीले बिर्सन नहुने कुरा के हो ? भन।
(ग) हिमाल, पहाड र तराईले हामीलाई के के सन्देशहरू दिन्छन् ?

२. गति, यति र लय मिलाई माथिको कविता पढ ।

३. व्याख्या गर

विश्वमा उच्च गौरव राख्ने नेपाली वीर हो ।

लुइ पाश्चर



कुनै बखत युगले यस्ता महापुरुषहरूलाई जन्मदिन्छ, जो आफ्नो देश र राष्ट्रको निमित्त मात्र होइन कि सम्पूर्ण मानव समाजको निमित्त आफ्नो जीवन सुम्पन्छ। यस्तै एक महापुरुषको जन्म २७ डिसेम्बर, १८२२ मा पूर्वी फ्रान्सको जुरा पर्वतको डोल भन्ने ठाउँमा एक साधारण परिवारमा भएको थियो । तिनको नाम लुइ पाश्चर थियो । पाश्चरले आफ्नो प्रारम्भिक शिक्षा आरवाइस भन्ने ठाउँको क्वस्टाइन लेटिन स्कूलबाट प्राप्त गरेका थिए । उनी ज्यादै मिहिनेती थिए । सत्रै वर्षको उमेरमा उनले स्कूलको शिक्षा पूरा गरे । यसपछि १८४७ मा उनले विज्ञानमा डाक्टरको उपाधि पनि प्राप्त गरेर २६ वर्षकै उमेरमा स्टासवर्ज विश्वविद्यालयमा रसायन शास्त्रका प्राध्यापक भए । त्यसको केही समयपछि लिल्ले भन्ने ठाउँको विज्ञान कलेजको प्रधानाचार्य भए । त्यसै बीच प्रयोग शालामा विज्ञान सम्बन्धी अनुसन्धान गर्दा गर्दै समान रूपका दुई तेजापहरूका भिन्नता पत्ता लगाएर आफ्नो प्रतिभा देखाउन थाले । उनको वैज्ञानिक प्रतिभाबाट प्रभावित भएर एक जना रसायन शास्त्रका प्राध्यापकले उनलाई आफ्नो सहायकमा नियुक्त गरे । केही दिनपछि एकजना रक्सी कारखानाका मालिकले आफूकहाँ तयार गरिएको रक्सीको स्वाद एकाएक खराब भएकोले पाश्चरलाई उनको कारखानामा लगे । रक्सीको स्वाद खराब हुनाको कारण खाली रासायनिक प्रक्रिया मात्र नभई ब्याक्टेरिया भन्ने एक प्रकारको जीवाणु नै मुख्य कारण हुन्छ भन्ने यिनको भनाइ थियो । हावा पानीकै माध्यमबाट यी जीवाणुहरू जब फलफूल र मासु जस्ता कुनै चीजमा प्रवेश गर्छन् अनि यस्ता चीजहरू सड्ने र अमिलो हुने गर्छन् । उदाहरणको लागि दूध अमिलो भई दही बन्छ । त्यसको साथसाथै पाश्चरले यसरी सड्न सक्ने चीज वस्तुलाई एउटा भाँडोमा राखेर त्यसमा रहेको हावालाई बाहिर झिकी बाहिरको हावा भित्र पस्न दिइएन भने यस्ता चीज वस्तुहरू सड्न नदिइकन धेरै दिनसम्म पनि सुरक्षित राख्न सकिन्छ भन्ने कुरा पत्ता लगाए । उनले दूधलाई शुद्ध र कीटाणु रहित बनाउने एउटा तरीका निकाले। दूध वा अरू कुन चिजलाई ५०।६० सेन्टीग्रेड सम्मको तापक्रममा आधा घण्टा जति तताई राखेर रेफ्रिजेरेटरमा राखी बाहिरबाट अरू कुनै कीटाणुलाई यसभित्र पस्न नसक्ने गरी तुरुन्तै सेलाउन दिएमा त्यसमा रहेका हानीकारक कीटाणुहरूको नास भई दूध शुद्ध हुन्छ । यसरी गरिने दूधको शुद्धिकरण क्रियालाई पाश्चराइजेसन

भनिन्छ । साच्चै भन्ने हो भने पाश्चरले आफ्नो धेरै समय कीटाणु सिद्धान्तको अध्ययनमानै लगाए । यही अध्ययनको फल स्वरूप उनले रोगका कीटाणुहरू कुनै पदार्थमा आफसे-आफ पैदा हुने होइनन् बरु कीटाणुका प्रवेशका लागि बाहिरी स्रोत चाहिन्छ भन्ने कुरा प्रमाणित गरे । यो कुराको परीक्षण गर्न उनले एउटा बोतलमा केही सुरूवा हालेर त्यसलाई तताए । कीटाणुहरू मर्ने तापक्रमसम्म उक्त बोतलको सुरूवा तताएपछि हावा पनि पस्न नसक्ने गरेर स्रोतल बन्द गरे । यसरी राखेको यो बोतलको सुरूवा धेरै दिनपछि खोल्दा पनि नबिग्रेको, अवस्थामा नै भेटियो ।

पाश्चरले आफ्नो आखिरी प्रयोगमा बहुला कुकुरले टोकेको रोगबाट बचाउने औषधि पत्ता लगाए । मानिसलाई बहुला कुकुरले टोक्दा एक किसिमको जीवाणुहरू कुकुरको रयालबाट घाउमा पस्छन् । टोकेको ठाउँबाट यी भाइरस जातका सूक्ष्म कीटाणुहरू रगतद्वारा मगजमा पुगेपछि मात्र यो रोगको प्रभाव देखिन थाल्छ।

१८८५ मा जोसेफ भन्ने ९ वर्षको बालकलाई बहुला कुकुरले चौध ठाउँमा टोकेको हुनाले उनलाई लिएर उनकी आमा छट्पटाउँदै पाश्चर कहाँ आइन् । पाश्चरले जोसेफलाई रेविज विरुद्ध इन्जक्सन दिए । अनि जोसेफ चाँडै निको भए । तीक्ष्ण बुद्धि र कडा परिश्रम गर्ने बानीले गर्दा उनको नाम संसारमा फैलियो । यसरी मानवताको सेवा गर्दागर्दै यस्ता महान् व्यक्तिको ७३ वर्षको उमेरमा सन् १८९५ मा स्वर्गवास भयो । उनी यस संसारबाट अस्ताए पनि उनले गरेको कामबाट उनको नाम सधैं अमर रहिरहनेछ ।

अभ्यास

शब्द र अर्थ

कीटाणु – हावा, पानी रगत वा खाने कुरा आदिमा हुने अति सानो चिज
पाश्चराइजेसन – दूध जस्तो तरल पदार्थलाई शुद्ध पार्ने तरीका

१. प्रश्नहरू

(क) लुइ पाश्चरको नाम किन अमर छ, स्पष्ट गर ।
(ख) लुइ पाश्चरले विज्ञान–जगतमा गरेका नयाँ काम के के हुन्, लेख ।

२. "तीक्ष्ण बुद्धि र परिश्रमी बानीले गर्दा उनको नाम संसारभरि फैलियो" यस भनाइको व्याख्या गर।

व्याकरण

१. तलका वाक्यलाई करण भए अकरण र अकरण भए करणमा बदल

(क) राम भात खान्छ ।
(ख) श्याम पाठ पढदैन ।
(ग) विद्यार्थीले चकचक गर्नु हुँदैन ।
(घ) तीर्खा लागे पानी पिऊ ।
(ङ) डेरीको दूध–मीठो हुन्छ ।

२. वाक्य परिवर्तन गर

(क) राम, श्याम पुस्तक पढ्छन् ।
(ख) ऊ काम गर्छ ।
(ग) श्यामद्वारा खेत खनिन्छ ।
(घ) म कपडा लगाउँछु ।

खेतीपाती

नेपाल एउटा कृषि प्रधान देश हो । यहाँका धेरै जसो मानिसको जीविकाको मूल आधार कृषि व्यवसाय नै हो । त्यसैले कृषि व्यवसायको विकास नभएसम्म यहाँका जनताको आर्थिक स्थितिमा सुधार हुनसक्तैन । नयाँ नयाँ उद्योगहरूको स्थापना गर्न र हाल भइरहेको उद्योगहरूको बिस्तार गर्न पनि अधिकांश रूपमा कृषि पैदावारकै आवश्यकता पर्छ । अनि नेपालबाट निर्यात हुने वस्तुहरूमा ८५ प्रतिशत जति कृषि जन्य वस्तुहरू नै छन् ।

हाम्रो देश क्षेत्रफलको हिसाबले सानो भए तापनि जमीनको उचाइ, हावापानी आदिले गर्दा विभिन्न ठाउँमा भिन्ना भिन्नै किसिमका अन्नबाली सागपात तथा फलफूलहरूको खेती गरिन्छ। यस देशको उच्च हिमाली खण्डमा हरहमेसा हिउँले ढाकिरहने हुनाले त्यहाँ कुनै किसिमको जन बस्ती छैन र खास कुनै खेती पनि हुँदैन । तर वर्षभरि हिउँ परी नरहने हिमाली भेगमा चाहिँ चिसो खप्न सक्ने खालका कस्तूरी मृग, चौंरी, मुनाल आदि पशु पक्षीहरू पाइन्छन् । यस भेगमा खेतीपातीलाई चाहिने जति तापक्रम र वर्षा नहुने र बाटो घाटोको पनि कठिनाइ भएकोले खेती–किसानी राम्ररी हुनसक्तैन । तर यस भेगमा ठाउँ ठाउँमा प्रसस्त घाँस हुनेहुँदा यहाँ चौंरी र भेंडा पालन गरेको पाइन्छ । यी पशुहरूबाट ऊन उत्पादन गर्ने र कतै कतै दूधबाट बनाइने चीजको व्यवसाय गरेको देखिन्छ । ज्यादा उचाइ नपर्ने पहाडी खण्डको हावापानी

र माटो खेती योग्य छ । यहाँ मनसूनी हावाको प्रभावले समय समयमा वर्षा हुने हुनाले थरी थरीका अन्न फलफूल तरकारी खेती र पशुपालन व्यवसाय गरिन्छ ।

बेंसी खण्डमा पहाडी खण्डमा भन्दा बढी गर्मी हुन्छ । यहाँ पहाडी खण्डमा हुने धान, गहुँ, जस्ता अन्न बाली र गरम हावापानीमा हुने आँप, भूईंकटर, सुर्ती, फलफूल र नगदे आदि बाली पनि लगाइन्छ । भित्री मदेश र तराईको भौगोलिक परिस्थिति, हावापानी र माटो प्रायः मिल्दोजुल्दो छ । त्यसैले उष्ण हावा पानीमा हुने सबै बालीनाली र पशुपालन व्यवसाय यहाँ गर्न सकिन्छ ।

पहाडी जमीन तराईको जमीनको दाँजोमा सम्म नभई ज्यादै अग्लो, होचो र भीरालो परेको हुन्छ र धेरैजसो ठाउँमा माटो पनि राम्रो नभई ढुंगाका गिर्खा मिसिएका हुनाले यस्ता ठाउँमा खेती गर्न सरल नहुनु स्वाभाविक हो । तर जहाँ सुकै भए तापनि कृषि उत्पादन वृद्धिका निमित्त उन्नत बीउ र मल, आधुनिक कृषि औजार आदिको प्रयोग हुन सके बढी लाभदायक हुने देखिन्छ।

धान नेपालको मुख्य बाली हो । जुम्ला जस्तो करीब २५०० मीटर उचाइ भएको पहाडी भागदेखि लिएर पहाडको बेंसी, भित्री मधेश र तराईमा धानकों प्रशस्त खेती गरिन्छ । नेपालमा खेती योग्य जग्गाको ६४ प्रतिशत भागमा यसको खेती गरिन्छ । बढी तापक्रम र बढी आर्द्रता धान बालीको खेतीको लागि आवश्यक हुन्छ । वर्षा याममा ज्यादै चिसो भएको ठाउँमा धानको खेती सफलतापूर्वक गर्न सकिदैन ।

नेपालमा धान पछिको दोस्रो बाली मकै हो । हिमालय मुनिका उच्च पहाडी भागदेखि लिएर तराईको मैदानको सबै भागमा मकैको खेती गरिन्छ । पहाडमा करीब ३००० मीटरसम्म यो बालीको खेती सजिलैसँग गरिन्छ । पानी कम पर्ने पश्चिमी तराईभागमा पनि मकैको निकै खेती गरिन्छ । खेती योग्य जग्गाको २४ प्रतिशत भागमा मकैको खेती गरिन्छ । गरम हावापानी भएको भागहरूमा यसको खेती गर्न सकिन्छ । नेपालको चितौन तथा तराईका अरू गरम हावापानी भएको पहाडी बेंसीमा पनि वर्षभरि मकैबाली लगाउन सकिन्छ ।

धान, मकै पछि तेस्रो मुख्य बाली गहुँ हो । यो बाली करीब ३००० मीटर वा केही बढी उचाइ भएका हिमाली पहाडी भागदेखि लिएर तराईको सबै किसिमको भागमा लगाइन्छ । नेपालमा खेती योग्य जग्गाको १२ प्रतिशत भागमा गहुँ खेती गरिन्छ । गहुँलाई केही चिसो हावापानी चाहिन्छ । ज्यादा गर्मी र बढी आर्द्रता भएको हावापानीमा गहुँको खेती राम्रो हुँदैन । धेरै उचाइ भएको पहाडी भागमा चिसो हावापानी हुने हुनाले गर्मी समयमा पनि गहुँको खेती गर्न सकिन्छ । वार्षिक २०० सेन्टीमीटरसम्म पानी पर्ने ठाउँमा गहुँको खेती गरिन्छ । हिंउदमा परेको पानी ज्यादै कम हुने हुनाले बढी उब्जा लिनको लागि गहुँ बालीमा पानी पटाउनुपर्छ ।

कोदो बाली पनि वर्षेबाली भएको हुनाले यसले गर्मी हावापानी रुचाउँछ । कोदोलाई मकैलाई जस्तो सिंचाई गरिरहन किन कि यो बालीलाई धेरै पानी चाहिन्न । यसैले कम पानी पर्ने सुक्खा ठाउँमा यसको खेती गरिन्छ ।

नेपालमा तराई, भित्री मधेश र गर्मी हावापानी हुने पहाडी बेंसीमासमेत केही मात्रामा उखु लगाइन्छ । यो गर्मी हावापानीमा हुने बाली हो । गर्मी र केही आर्द्र हावापानीमा उखुको खेती अत्यन्त राम्रो हुन्छ । तुषारो पर्ने ठाउँमा उखुको खेती राम्रो हुँदैन । उखु खेतीका लागि धेरै वर्षा हुने ठाउँमा पानीको निकास राम्रो हुनुपर्छ ।

सुर्ती साधारणतया तराई र भित्री मधेशमा लगाइन्छ । पहाडमा पनि यसको थोर बहुत खेती गरिन्छ । सुर्ती उष्ण, नातिउष्ण र सम शीतोष्ण जलवायु भएको ठाउँमा गरिन्छ । भूमध्य रेखाको दुवैतिर पर्ने केही देशहरू यसको लागि निकै प्रसिद्ध छन् ।

नेपालको पूर्वी भागमा र महाभारतको लेक प्रदेशमा पर्ने इलाम जिल्लामा धेरै मात्रामा यसको खेती गरिन्छ । झापा जिल्लाको नकलबन्दा, ज्यामिर गठी आदि ठाउँमा पनि चिया खेती शुरू गरिएको छ । समुद्र सतह देखि २००० मीटर सम्मको उचाईमा यसको खेती गरिन्छ । उचाइमा फरक हुने बित्तिकै चियाको गुणमा फरक पर्नजान्छ ।

महाभारत लेकको पूर्व र पश्चिम काँठ इलाकामा कपास खेती गरिन्छ । नेपालको पश्चिमी तराईको नेपालगञ्ज र भैरहवा क्षेत्रमा कपास खेतीको सम्भावना बारे अनुसन्धान कार्यहरू चलिरहेको छ । यो नातिउष्ण जलवायुमा हुने फसल हो । यसको खेती वार्षिक ७५०–२५०० सि. मी. वर्षा हुने ठाउँमा गरिन्छ ।

हाम्रो देशको कृषि प्रणाली बहुतै पुरानो छ । यसमा आधुनिकता ल्याई बढी अन्न बाली उब्जाउनु पर्ने कुरा अब निर्विवाद हुन आएको छ । यसको लागि उन्नत बीउ र मल, कृषि ऋण आदिको व्यवस्था हुनु ज्यादै जरूरी ठानिन्छ । त्यसैका अतिरिक्त कृषि उत्पादन बढाउनको लागि सिंचाईको प्रबन्ध हुनु पनि उत्तिकै आवश्यक छ किन कि यहाँ वर्षाको अवधि सारै छोटो छ । आषाढदेखि आश्विनसम्म चार महीनाको अवधि नेपालको सम्पूर्ण वर्षा ऋतु हो । यस समयमा पनि सबैतिर एकै नासले पानी पर्दैन । झन हिउँदमा त ज्यादै कम वर्षा हुन्छ । त्यसैले कृषिलाई प्रभावकारी बनाउन सकेसम्म सबै ठाउँमा सिंचाइको सुविधा हुनु अनिवार्य नै देखिन्छ ।

नेपालमा नदी र खोला नालाको कमी छैन । कर्णाली, कोशी तथा गण्डकी नदीहरूमा पर्याप्त तथा अटूट जल प्रवाह रहन्छ । यी नदीहरूबाट खेतीको लागि आवश्यक पर्ने सिंचाइ सुविधा पुरयाउन सकिने अनुमान छ । यिनका अतिरिक्त नेपालमा राप्ती, वागमती, कमला र कनकाई जस्ता अरू नदीहरू पनि छन् । जसबाट अरू धेरै ठाउँमा सिंचाइ सुविधा पुरयाउन सकिने,

आशा राख्न सकिन्छ । सिंचाइका अतिरिक्त किसानहरूलाई मल, बीउ र कृषि ऋणको सहयोग समयमै पुग्न सकोस् भन्ने उद्देश्यले श्री ५ को सरकारले कृषि विकास बैंक र साझा जस्ता संस्थाहरूको गठन गरी सञ्चालनसमेत गराइसकेको छ ।

शब्द र अर्थ

कृषि पैदावार	– कृषि उत्पादन, खेतीबाट लिइने उब्जा
व्यवसाय	– पेशा, काम
उत्पादन	उपज
कृषि	– खेती-पाती
प्रणाली	– तरीका, पद्धति
निर्विवाद	– बेना शंका, शंका नभएको
उष्ण	– गरम
समशीतोष्ण	– ठीक हावापानी भएको
नाति उष्ण	– धेरै गरम नभएको

अभ्यास

१. प्रश्नहरू

(क) नेपाल कृषिप्रधान देश हो, यसलाई प्रष्ट गरी लेख ।

(ख) नेपालको उत्तरी खण्डमा ज्यादा खेती नहुने कारण लेख ।

(ग) धान, उखु र चिया खेतीको लागि उपयुक्त हावापानी लेख।

(घ) कृषि विकास बैंक तथा साझा संस्थाका प्रमुख भूमिका संक्षेपमा लेख ।

२. घरेलु उद्योगबारे एउटा छोटो प्रबन्ध लेख ।

३. "हाम्रो देशको कृषि प्रणाली बहुतै पुरानो छ"– बढाएर लेख ।

कक्षागत रूपमा कक्षा ७ का विद्यार्थीले गाउने राष्ट्रिय गीत

हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

उन्नत हाम्रो सगरमाथा विश्वको शिर हो
विश्वमा उच्च गौरव राख्ने नेपाली वीर हो
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

पसीना देऊ हृदय देऊ उठाऊ नेपाल . . २
तिमीनै आफू नउठेदेखि के उठ्छ हिमाल
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

जनकको ज्ञान सीताको सीप बुद्धको हृदय . . २
नबिर्से आपनो पूर्खाको त्याग, साहस र विजय
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ . . २
पहरा बोल्छ, छहरा बोल्छ, नेपाल बोल्दछ
हिमाल बोल्छ, पहाड बोल्छ, तराई बोल्दछ

महेन्द्र माला कक्षा ७